सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ असार २०८२, मंगलबार (Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ७९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सांसदलाई नै झुक्याएर निजामती विधेयकमा घुसाइयो वरिष्ठ प्रशासकहरूका स्वार्थ

समिति सभापति खतिवडाकै 'मिलेमतो'मा हेरफेर

राज्य व्यवस्था समितिमा दुई वर्ष कुलिङ पिरियड राख्ने सहमति भएको थियो, तर सभापति रामहरि खतिवडाले विधेयकको अन्तिम मस्यौदा सदस्यहरूलाई हेर्नै दिएनन्, अवकाश वा राजीनामा दिएका कर्मचारीले तत्काल नियुक्ति खान पाउने व्यवस्था विधेयकमा घुसाएर प्रतिनिधिसभामा पेस गरे



■ तर, सभापति रामहरि खतिवडाको दाबी–

कुलिङ पिरियड राखेर सहमतिमै विधेयक टुंग्याएका हौं, मेरो गलत मनसाय केही छैन



■ संसद्का पूर्वमहासचिव मनोहर भट्टराई भन्छन्–

सांसदलाई झुक्याएर विधेयक प्रतिवेदनसहित संसद्मा पेस गरिएको छ। यस्तो व्यवहार गैरजिम्मेवार, भ्रष्ट र अनैतिक छ।


सुवास भट्ट, कमलराज भट्ट

कर्मचारीले अवकाश वा राजीनामा दिएको दुई वर्षसम्म संवैधानिक, कूटनीतिक वा सरकारले गर्ने अन्य कुनै नियुक्ति खान नपाउने कानुनमै व्यवस्था गर्न संसद्को राज्य व्यवस्था समितिमा सर्वसम्मत भएको थियो। तर, समिति सभापति रामहरि खतिवडाको प्रत्यक्ष चलखेलमै वरिष्ठ प्रशासकहरूका स्वार्थ संघीय निजामती सेवा विधेयकमा घुसाएर प्रतिनिधिसभाबाट पारित गरिएको छ।

भन्डै एक दशकपछि प्रतिनिधिसभाबाट पारित विधेयकमा अवकाशप्राप्त प्रशासकको पुनः नियुक्ति रोक्न राखिएको दुईवर्षे 'कुलिङ पिरियड'को

» पृष्ठ २ मा क्रमशः

■ २१ फागुन ०८० मा सरकारले संसद्मा दर्ता गरेको मूल विधेयकको दफा ८२ को उपदफा ४



(४) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,


(ख) अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न,

(ग) अवकाश हुने पछिल्लो एक वर्ष भित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न।

४४ मा. अनिता देवी

सरकारले ल्याएको विधेयकमा कुलिङ पिरियडको व्यवस्था थिएन। बरु संवैधानिक वा कूटनीतिक तथा सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन सरकारको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरिएको थियो।

■ राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले १ असारमा प्रतिनिधिसभामा प्रस्तुत गरेको र सदनले आइतबार पास गरेको विधेयक



४३. विधेयकको दफा ८२ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(४) निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन।

(२) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "नेपाल सरकारको पूर्वस्वीकृति नलिई" भन्ने शब्दहरु झिक्ने।

(३) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने आउने उपदफा (६) मा रहेका "उपदफा (४) बिपरीत" भन्ने शब्दहरुको सट्टा "उपदफा (५) बिपरीत" भन्ने शब्दहरु राख्ने।

राज्य व्यवस्था समितिमा दुई वर्ष कुलिङ पिरियडको व्यवस्था गर्ने सहमति भएको थियो। तर, अन्तिम मस्यौदामा भने कुलिङ पिरियडको स्पष्ट व्यवस्था देखिँदैन। जुन सभापति रामहरि खतिवडाले समिति सदस्यहरूलाई हेर्ने नदिई सिधै संसद्मा पेस गरेका थिए। जसमा विधेयकको दफा ८२ मा नयाँ उपदफा ४ थपिएको छ, 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउनेछैन।' तर, मूल विधेयकको उपदफा ४ मा रहेको व्यवस्थालाई उपदफा ५ मा राखेर चलखेल गरिएको छ। सो उपदफामा उल्लेख 'नेपाल सरकारको पूर्वस्वीकृति नलिई' भन्ने शब्द मात्र झिक्न भनिएको छ। बाँकी पुरानै व्यवस्था राखिँदा थपिएको उपदफा ४ मा रहेको दुई वर्ष कुलिङ पिरियडसँग बाझिन्छ।

समितिकै सदस्यहरू भन्छन्-

अन्तिम मस्यौदा हेर्नै दिइएन, सभापतिले सिधै संसद्मा लग्नुभयो



● **हृदयराम थानी**, काग्रेस

समितिबाट पारित कुलिङ पिरियडसम्बन्धी व्यवस्था सामान्य प्रशासन र कानुन मन्त्रालयसँग छलफल गरेर तय भएको हो। र, अन्तिम ड्राफ्ट समितिमा प्रस्तुत नगरी सभापति र सचिवको हस्ताक्षरसहित प्रतिवेदन प्रतिनिधिसभामा पठाइयो। यसरी कानुन बन्न थाल्यो भने मुलुक कहाँ पुग्छ ?



● **कृष्णगोपाल श्रेष्ठ**, एमाले

हामीले नैतिक रूपमा जिम्मा लिनुपर्छ। सत्तारूढ पार्टीहरूले पनि लिनुपर्छ। प्रस्तावित मस्यौदा विधेयकमा यो विषय छैन। कहाँबाट स्वाङ्ग छिराइयो। के-के स्वार्थ हुन्छ, यसको भारी हामीले बोक्नुपर्ने भयो। केही व्यक्तिको निहित स्वार्थमा समितिलाई छलेर नयाँ प्रावधान घुसाइएको छ।



● **दुर्गा राई**, माओवादी

कुलिङ पिरियडका लागि हामी सुरुदेखि लड्दै आएका छौं। तर, को-कोले कहाँ-कहाँ खेले ? हामीलाई झुक्याइयो, संसद्लाई गुमराहमा राखियो। खत्र्याखुत्रुक पारियो। यसको जवाफदेहितासबारे समितिमा छलफल हुन्छ। कुलिङ पिरियड छोडदैनौं, राष्ट्रिय सभामा सच्याउन भूमिका खेल्छौं।



● **डा. चन्दा कार्की**, रास्वपा

ऐनमा कुलिङ पिरियड हुन्छ भनेर गृहमन्त्री, संघीय मामिलामन्त्री र सभापतिले मानेर विधेयक फाइनल गरिएको हो। अन्तिम मस्यौदा हामीले हेर्न पाएनौं। अहिले अर्कै आएको सुन्दा दुःख लाग्यो। समितिले सदनमा पठाएको प्रावधान कार्यपालिकाले परिमार्जन गर्नु व्यवस्थापिकामाथि हस्तक्षेप हो।

■ ओली र देउवा सुरुदेखि नै थिएनन् कुलिङ पिरियडको पक्षमा



दुईवर्षे कुलिङ पिरियड व्यवस्थासहित राज्य व्यवस्था समितिबाट सर्वसम्मत पारित संघीय निजामती विधेयकमा भएको गरिएको फेरबदलपछि गम्भीर प्रश्न उठेको छ- यो तहको जोखिम लिएर विधेयकमा छेडछाड कर्मचारीतन्त्रबाट मात्रै सम्भव छ ? वा व्यवस्थापिकामाथि कार्यपालिकाको हस्तक्षेपमा राजनीतिक नेतृत्व पनि जोडिएको छ ?

राज्य व्यवस्था समितिमा काग्रेसबाट प्रतिनिधित्व गर्ने एक सांसद भन्छन्, 'राजनीतिक नेतृत्वको आदेशविना यो छेडखानी सम्भव छैन। संसद्लाई ढाँटछल गर्ने यो तहको बदमासी कर्मचारीले मात्रै गर्न सक्ने कुरै होइन।' काग्रेस सांसदको आशंका निराधार छैन किनभने प्रशासकहरूको दबाब र राजनीतिक लाभका लागि प्रधानमन्त्री केपी ओली र काग्रेस सभापति शेरबहादुर देउवा विधेयकमा कुलिङ पिरियड राख्ने पक्षमा अन्तिमसम्म थिएनन्। उनीहरूले समिति सभापति रामहरि खतिवडालाई पटकपटक बोलाएर कुलिङ पिरियडको व्यवस्था नराख्न निर्देशन दिएका थिए। खतिवडा पनि त्यसमा सहमत भइसकेको जानकारहरू बताउँछन्।

कुलिङ पिरियड राख्नुपर्ने भन्दै काग्रेसभित्रैको इतर खेमा र नागरिक तहबाट चर्को आवाज उठेपछि मात्रै देउवा अन्तिम समयमा त्यसका लागि 'तयार' भएका थिए। तर, प्रधानमन्त्री ओली भने अन्तिमसम्म यसको विपक्षमै थिए।

राज्य व्यवस्थाले काग्रेस सांसद दिलेन्द्र बडूको संयोजकत्वमा उपसमिति बनाएर विधेयकमाथि दफावार छलफल गरेको थियो। उच्चपदस्थ कर्मचारी र एमालेको जोडबलमा उपसमितिका बैठक गोप्य गरिएको थियो। जनतालाई सेवा दिने कर्मचारीतन्त्रसँग जोडिएको विधेयक खुला रूपमा छलफल गर्नुपर्नेमा एमाले सांसद रघुजी पन्तले पत्रकारलाई रोक लगाउनुपर्ने अडान लिएका थिए।

» पृष्ठ २ मा क्रमशः

शिक्षा विधेयक पारित गर्ने कार्यसूची शिक्षामन्त्रीकै आग्रहमा रोकियो



शिक्षामन्त्री पन्तले काग्रेस सभापति देउवा भेटेपछि शिक्षा समितिको बैठक स्थगित

(विस्तृत पृष्ठ ३)

कोटेश्वरमा फ्लाई ओभर र सुरुङमार्ग बनाउन ३९ अर्ब चाहिने, जापानसँग ऋण सम्झौता गरिँदै

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समाचार सम्प्रेषण गरेकै आधारमा पत्रकार पाठकविरुद्ध साइबर अपराधको मुद्दा दर्ता

नयाँ पत्रिका

समाचार सम्प्रेषण गरेकै आधारमा प्रहरीले पत्रकार दिलभूषण पाठकविरुद्ध जिल्ला अदालत, काठमाडौंमा साइबर अपराधको मुद्दा दायर गरेको छ। जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत सोमबार दायर मुद्दामा उनलाई पाँच वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना सजाय मागदाबी गरिएको छ।



प्रेस काउन्सिलको क्षेत्राधिकारभित्र पर्ने विषयमा प्रहरीले अनुसन्धान गरी फौजदारी अभियोग लगाइएकोमा सञ्चारकर्मीहरूले आपत्ति जनाउँदै आएका छन्। नेपाल पत्रकार महासंघ, पत्रकारका विभिन्न संघसंस्था, राष्ट्रिय मानव अधिकार आयोगलगायतले यो प्रकरणमा यसअघिदेखि नै विरोध जनाउँदै आएका छन्। समाचार गलत भएमा प्रेस काउन्सिल नेपालमार्फत कारबाही हुने प्रावधान छ।

पत्रकार पाठकले काग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीरको लगानीका विषयमा आफ्नो युट्युब च्यानलमा समाचार सम्प्रेषण गरेका थिए। जयवीरले उनीविरुद्ध साइबर ब्युरोमा जाहेरी दिएका थिए। सोही आधारमा अदालतमा मुद्दा दायर गरिएको हो।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले

» पृष्ठ २ मा क्रमशः

■ देउवामाथि शेखरका प्रश्नैप्रश्न

सरकारको नेतृत्व एमालेलाई किन दिइयो ?

नयाँ पत्रिका

काग्रेस नेता डा. शेखर कोइरालाले एमालेको नेतृत्वमा सरकार बनाउनुको कारण र औचित्यमाथि गम्भीर प्रश्न उठाएका छन्। सोमबारबाट सुरु भएको काग्रेस केन्द्रीय समिति बैठकमा उनले एमालेलाई सरकारको नेतृत्व दिएकामा असन्तुष्टि पोख्दै सभापति शेरबहादुर देउवामाथि प्रश्नैप्रश्न गरेका छन्।



'काग्रेस-एमाले गठबन्धनको सरकार बन्नुपर्छ भन्ने म नै हुँ। तर, मैले काग्रेसको नेतृत्वमा सरकार बन्नुपर्छ भनेको थिएँ। के कारणले काग्रेसले एमालेलाई सत्ताको नेतृत्व दियो ?' नेता कोइरालाले बैठकमा सभापति देउवालाई सोधेका थिए, 'यदि संविधान संशोधनका लागि यो गठबन्धन हो भने सातबुँदे

» पृष्ठ २ मा क्रमशः



काग्रेस क्रियाशील सदस्य संख्या आठ लाख ७० हजार

बैठकमा उपसभापति तथा केन्द्रीय प्रशिक्षण प्रतिष्ठान प्रमुख पूर्णबहादुर खड्काले प्रतिष्ठानको प्रगति विवरण र महामन्त्री गगन थापाले सदस्यता नवीकरण तथा सांगठनिक प्रतिवेदन प्रस्तुत गरेका छन्। प्रतिवेदनमा काग्रेसको क्रियाशील सदस्यता संख्या आठ लाख ७० हजार ७८० पुगेको उल्लेख छ। तीमध्ये चार लाख ४७ हजार ३४६ सदस्य १४औं महाधिवेशनपछि नयाँ थपिएका हुन्। त्यस्तै, प्रवासमा रहेका जनसम्पर्क समितिमा १९ हजार ४९२ सदस्य पुगेका छन्।



समाचार...

पृष्ठ १ बाट क्रमशः

विद्युतीय कारोबार ऐन, ०६३ को दफा ४७(१) कसुर पुष्टि भएको हुँदा पाठकविरुद्ध एक लाख रुपैयाँ जरिवानासहित पाँच वर्षसम्मको कैद सजाय मागदाबी गरिएको हो। सरकारी वकिल कार्यालयका प्रमुख जिल्ला सहन्यायाधिवक्ता रामहरि काफ्लेले पाठकविरुद्ध मुद्दा दर्ता भएको बताए। 'पाठकविरुद्ध विद्युतीय कारोबार ऐन, ०६३ को दफा ४७(१) कसुर पुष्टि भयो। त्यसो हुँदा उनीविरुद्ध एक लाख रुपैयाँ जरिवाना र पाँच वर्षसम्मको कैद सजाय मागदाबी गर्दै अदालतमा मुद्दा दर्ता भएको छ,' उनले भने।

विद्युतीय (इलोक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७(१)मा कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चारमाध्यममार्फत सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्री प्रकाशन वा प्रदर्शन गर्न नहुने भनी उल्लेख छ। त्यस्तै, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य पनि गर्न नहुने उक्त दफामा उल्लेख छ। कसैले कानुन उल्लंघन गरे कसुदारलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजायको व्यवस्था छ।

सरकारी वकिल कार्यालयले अदालतसमक्ष पाठक पक्राउको अनुमति पनि माग गरेको छ। अभियोगपत्रअनुसार युट्युब 'च्यानल टफ टल्क विथ दिलभूषण पाठक'मार्फत प्रसारण भएको सामग्रीले जाहेरवालाको अपमान, बेइज्जत र चरित्रहत्या पुष्टि भएको भनिएको छ। 'भिडियो सार्वजनिक रूपमा प्रसारण गरी पीडित जाहेरवाला परिवर्तित नाम 'साइबर ५९' को अपमान र बेइज्जत गरी घृणा द्वेष फैलाई चरित्रहत्या गर्नेलगायतको कार्य गरी निज प्रतिवादी दिलभूषण पाठकले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आयो,' अभियोगपत्रमा छ।

यसअघि नै पाठकलाई समात्न प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएको थियो। तर, चौतर्फी विरोध भएपछि प्रहरी रोकिएको थियो। लगत्तै उच्च अदालत पाटनले पाठकलाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको थियो। त्यसपछि ब्यूरोले उपस्थिती हुन सूचना जारी गरेको गरेकोमा उपस्थित नभएपछि उनीविरुद्ध मुद्दा दायर गरेको हो।

सरकारको नेतृत्व...

पृष्ठ १ बाट क्रमशः

सहमतिमा लेखिएको संविधान संशोधनको मुद्दा कहाँ पुग्यो ? सभापतिज्यूले यसको चित बुझ्ने जवाफ दिनुपर्छ।'

कोइरालाले ०७९ को निर्वाचनको गठबन्धन र त्यसपछि क्रमशः एमालेसँग सत्तासहकार्य गर्नुको कारणबारे पनि बैठकमा जवाफ खोजेका छन्। '०७९ को संघीय र प्रदेश निर्वाचनमा माओवादीसँग गठबन्धन गरेर निर्वाचनमा गयौँ। अहिले एमालेसँग सरकारमा छौँ। त्यति वेला के कारणले माओवादीसँग गठबन्धन गर्‍यौँ र अहिले के कारणले एमालेसँग सत्तासहकार्य भयो ?' उनको प्रश्न थियो।

सभापति देउवाले पार्टीलाई एकढिक्का बनाएर लैजान्छु भन्नुभएकोमा धन्यवाद भन्दै नेता कोइरालाले बैठकमा मन्तव्य राख्न सुरु गरेका थिए। 'म सुरुदेखि नै पार्टी एकढिक्का होस् भन्ने व्यक्ति हुँ। सभापतिले पार्टीलाई एकढिक्का बनाएर लैजान्छु भन्नुभएकोमा धन्यवाद। तर, म आज केही तितो वास्तविकता भन्ने प्रयासमा छु, यसमा कसैले चित्त नदुखाइदिनुहोला,' भन्दै उनले देउवामाथि प्रश्न सुरु गरेका थिए।

कोइरालाले विधानअनुसार आगामी १५ मंसिरभित्र १५औँ महाधिवेशन गर्न आलटाल भइरहेको आशंका गर्दै सभापति देउवा र पदाधिकारीहरूसँग चित्तबुझ्दो कारण माग गरे। 'हामी अहिले महाधिवेशनको वर्षमा छौँ। ०८२ सालको मंसिर महिनामै १५औँ महाधिवेशन गर्नुपर्छ भन्ने कुरामा म अहिले पनि दृढ छु। यदि हुन सक्दैन भने के कारणले र किन हुन सक्दैन सभापतिज्यू र पदाधिकारीले चित्त बुझ्दो जवाफ दिनुपर्‍यो। पदाधिकारी साथीहरू त महाधिवेशनका लागि जोडतोडले घुमिरहेको देखिन्छ,' बैठकमा उनको भनाइ थियो।

सभापति देउवाले आफूमाथि अनुशासनको कारबाहीको प्रयास गरेको भन्दै नेता कोइरालाले के गर्न खोजेको भन्दै धारणा पनि मागे। 'अनुशासन समितिको बैठकमा पार्टी सभापतिज्यूले चितवनमा दिनेश कोइरालालाई शेखर कोइरालाले उठाएको हो, शेखरलाई किन कारबाही नगर्ने भनेर भन्नुभएछ। के आधारमा त्यो कुरा गरियो ? सभापतिज्यू यसको जवाफ चाहियो,' उनको प्रश्न थियो। निष्पक्ष काम गर्न नसकेको भन्दै कोइरालाले अनुशासन समितिको औचित्यमाथि नै प्रश्न उठाएका थिए।

'अहिले अनुशासन समितिमा रहनुभएका साथीहरू कति कमजोर हुनुहुन्छ भने कारबाहीको लागि सिफारिस भएका केन्द्रीय सदस्य साथीहरूलाई एउटा चिठीसम्म पनि काट्न सक्ने ताकत राख्नुहुँदो रहेनछ। तपाईंका विरुद्ध यस्तो उजुरी छ, के हो भनेर सोध्न सक्ने हैसियत पनि राख्नुहुन्न उहाँहरू। यस्तो अनुशासन समितिले निष्पक्ष काम गर्न सक्दैन। एउटै प्रकृतिको विषयमा कसैलाई सचेत गराइएको छ, कसैलाई निलम्बन गर्ने प्रस्ताव आएको छ। कारबाहीमा किन विभेद ?' कोइरालाको प्रश्न थियो।

कोइरालाले उद्योगी विनोद चौधरीलाई विधान उल्लंघन गरेर केन्द्रीय सदस्य बनाएको भन्दै बैठकमा आपत्ति जनाए। 'विनोद चौधरीको केन्द्रीय सदस्य बन्ने योग्यता थियो कि थिएन ? त्यो हेरियो ? क्रियाशीलको १० वर्षे अवधि पुग्थ्यो ?' सभापति देउवातिर हेर्दै उनले सोधे, 'सभापतिज्यूलाई स्मरण होला, पहिलोपटक गिरिजाप्रसाद कोइरालासँग उहाँ सभापतिमा प्रतिस्पर्धा गर्दै हुनुहुन्थ्यो। उक्त महाधिवेशनमा सुजाता कोइरालाले केन्द्रीय सदस्य लड्ने इच्छा व्यक्त गर्नुभयो। १० वर्ष नपुगेकाले गिरिजाबाबुले सुजातालाई उम्मेदवार बन्न दिनुभएन।'

सर्वोच्च अदालतले वन मुद्दामा भ्रष्टाचार गरेको भन्दै दोषी ठहर गरेका सर्लाही जिल्ला सभापति सुरेन्द्रप्रसाद सिंहलाई नहटाउँदा कांग्रेसलाई क्षति पुर्‍याएको विषयमा पनि कोइरालाले प्रश्न उठाएका थिए। 'सर्वोच्च अदालतले दोषी किटान गरिसकेको व्यक्ति आज पनि सर्लाहीको जिल्ला सभापति पदमा बसिरहनुभएको छ, के कारणले उहाँलाई हटाइएको छैन ? यो घटनाले कांग्रेसलाई कति क्षति पुगेको छ भन्ने कुरा सभापतिज्यू र पदाधिकारीहरूले बुझ्नुभएको छ ?' उनको प्रश्न थियो।

त्यस्तै, तरुण दल, नेविसंघ, महिला संघजस्ता भ्रातृ संगठनमा महाधिवेशन गराउन ढिलाइ भएको भन्दै कोइरालाले ध्यानाकर्षण गराए। 'नेपाल दलित संघका ४२ जिल्ला विघटन गरिएको सुन्नमा आएको भन्दै उनले अधिवेशनमा जाने कि विघटन गर्ने ? जिल्ला विघटनको अधिकार दलित संघको अध्यक्षलाई कसले दियो ? यसको जवाफ चाहियो,' उनको भनाइ थियो। नेता कोइरालाले आफूले १४औँ महाधिवेशनमा पराजित भएलगत्तै भागबन्डाको राजनीति गर्दिनँ भनेर अडिए पनि त्यही सहनशीलता र भद्रतालाई कमजोरी ठानिएको बैठकमा सुनाएका थिए। 'मैले आज बाध्य भएर भनिरहेको छु। पार्टीमा एकता होस्, गुटबन्दी र भागबन्डाले कांग्रेस कमजोर नबनोस् भनेर १४औँ महाधिवेशनमा पराजित भएलगत्तै म भागबन्डाको राजनीति गर्दिनँ भनेर भनेको थिएँ। सभापति एवं पदाधिकारीहरूले पार्टीका आन्तरिक कुरामा गरेको निर्णयमा कहिल्यै पनि मैले फरक मत राखिनँ। मेरो त्यही सहनशीलता र भद्रतालाई कमजोरी ठानियो,' उनको भनाइ थियो।

देउवाले भने- **पार्टीलाई एकढिक्का बनाएर लैजान्छु**

सभापति शेरबहादुर देउवाले देशलाई ठिक ढंगले नेतृत्व गर्न पार्टी एकतासहित अगाडि बढ्नुपर्ने बताएका थिए। 'देशको नेतृत्व कांग्रेसले नै गर्ने हो, अहिले पनि हामी सरकारमा छौँ, त्यसैले पनि पार्टीभित्र बलियो एकताको खाँचो छ,' उनको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने, 'तपाईंहरूले पनि आफ्ना कुरा बाहिर होइन, बैठकमा राख्नुहोस्, म पार्टीलाई एकढिक्का बनाएर लैजान्छु, त्यसका लागि तपाईंहरू सबैको सहयोग चाहिन्छ।'

सच्याईएको बारे

मिति २०८२/०३/१० मा "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको ७ दिने धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी सुचना मुताबिक ४ नम्बरको ऋणी कालिन्चोक अर्डर एण्ड सप्लायर्सको धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरणमा अचल सम्पत्ति (जग्गाहरु)को विवरण हटाई, चल सम्पत्ति (सवारी साधन)को विवरण मात्र यथावत रहने गरी सच्याइएको व्यहोरा जानकारी गराईन्छ।

NIMB
प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौं
फोन नं.:- ४२४२५३०, ४२२८२२९

बैठकमा १३ एजेन्डा

बैठकमा १३ एजेन्डा छलफलका लागि प्रस्तुत भएको प्रवक्ता डा. प्रकाशशरण महतले बताए। जसअनुसार पार्टीको सयदिने देशव्यापी अभियानको समीक्षा प्रतिवेदन, केन्द्रीय नीति तथा अनुसन्धान प्रशिक्षण प्रतिष्ठानको निर्देशिका संशोधन, संसदीय प्रतिष्ठानको प्रतिवेदन, अनुशासन समितिको प्रतिवेदन, क्रियाशील सदस्यता नवीकरण प्रगति प्रतिवेदन, अधिवेशन हुन नसकेका भ्रातृसंस्थाहरूको अधिवेशनलगायतका एजेन्डामा केन्द्रित रहेर केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम सुरु भएको उनले जानकारी दिए।

समिति सभापति...

पृष्ठ १ बाट क्रमशः

व्यवस्था लत्याएर संसदीय कारबाहीलाई नै चुनौती दिइएको छ। सभापति खतिवडाले पेस गरेको विधेयकको मस्यौदा आइतबार प्रतिनिधिसभाले पनि पारित गरेको छ।

निजामती सेवामा रहँदै राजनीतिक नेतृत्वसँग साँठगाँठ गरी संवैधानिक अंग, सार्वजनिक संस्था वा कूटनीतिक जिम्मेवारी हात पार्ने प्रवृत्ति रोक्न संसद्ले 'कुलिङ पिरियड'को व्यवस्था गरेको थियो। यसअनुसार कुनै निजामती कर्मचारी अवकाश भएपश्चात् वा राजीनामा दिएपछि दुई वर्षसम्म सरकारी नियुक्तिमा जान अयोग्य हुन्थ्यो। तर, यसलाई चर्को दौडधुप गरेका प्रशासकहरू असफल गराउने प्रयास गरेका छन्। यद्यपि, विधेयक प्रतिनिधिसभाबाट मात्रै पारित भएकाले राष्ट्रिय सभाले सच्याउने विकल्प भने खुलै छ।

गत २ जेठमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत पारित विधेयकमा दुईवर्षे कुलिङ पिरियडको व्यवस्था थियो। तर, मंगलबार प्रतिनिधिसभाबाट पारित विधेयकमा संशोधन गरिँदै कुलिङ पिरियडको प्रावधान कमजोर बनाउने प्रयास भएको छ।

मूल समितिले सहमति कायम गरेपछि कुलिङ पिरियडसम्बन्धी व्यवस्था हटाउन उच्च प्रशासक प्रमुख दलका नेताको घरदैलोमा गएर दबाब दिएका थिए। कुलिङ पिरियड राख्ने निर्णय नसच्याए राजीनामा दिनेसम्मको घुर्की सचिवहरूको थियो। १ असारमा प्रतिवेदन प्रतिनिधिसभामा पेस भएको थियो। तर, मंगलबार पारित भएपछि सार्वजनिक विधेयकमा समितिको सहमति प्रतिकूल प्रावधान उल्लेख छन्। सांसदहरूले यसमा समिति सभापति रामहरि खतिवडालाई जिम्मेवार ठहराएका छन् भने सभापति खतिवडाले समितिबाट नभई अन्यत्रबाट चलखेल भएको दाबी गरेका छन्।

मूल विधेयकको दफा ८२ मा अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुनेसम्बन्धी व्यवस्थाको उपदफा ३ पछि समितिले उपदफा ४ थप्ने गरी निर्णय गरेको थियो। मूल विधेयकले कर्मचारीलाई सरकारी नियुक्तिमा रोकेको थिएन।

मूल विधेयकले अवकाशपछिको दुई वर्षसम्म सरकारी तथा डोनरमा बाहेकका पदमा नियुक्ति लिनुपरे सरकारको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरेको थियो। यसले सचिव र सहसचिवलाई अवकाशलगत्तै खासगरी गैरसरकारी संस्थामा नियुक्तिका लागि निरुत्साहित गर्ने अभिप्रायले व्यवस्थित गर्ने नरम प्रबन्ध गरेको थियो।

मूल विधेयकको उपदफा ४ मा 'संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको पदबाट सेवानिवृत्त भएको व्यक्तिले सेवानिवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई देहायका काम गर्न हुँदैन' को व्यवस्था छ। देहायअन्तर्गत (क) मा संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन, (ख) मा अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदारबाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताका रूपमा कार्य गर्न र (ग) मा अवकाश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्ने व्यवस्था छ। यसविपरीत कार्य गरे ऐनबमोजिमको सेवासुविधा लिन नपाउने व्यवस्था विधेयकको उपदफा ५ मा छ।

विधेयकको व्यवस्था विस्तारित गरेर समितिले निजामती कर्मचारीलाई अवकाशपछिको नियुक्तिमा कस्ने गरी सहमति जुटाएको थियो। यसका लागि विधेयकमा दफामा नयाँ उपदफा थपियो। उपदफा ३ पछि नयाँ दफा कायम गरियो र त्यसपछिको उपदफा क्रम मिलाउने गरी निर्णय गर्‍यो।

थपिएको उपदफा ४ मा 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउनेछैन' को व्यवस्था गर्‍यो।

उपदफा ४ मा समितिले नयाँ व्यवस्था थप गरेपछि मूल विधेयकको उक्त उपदफा झरेर ५ बन्न पुग्यो। यहीँनेर प्रशासकहरूले चासो घुसाउने प्रयास गरे।

अब ५ बनेको साविकको उपदफा ४ मा 'संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको पदबाट सेवानिवृत्त भएको व्यक्तिले सेवानिवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई देहायका काम गर्न हुँदैन' को व्यवस्था थियो।

समितिले विधेयक टुंगो लगाउने क्रममा उपदफा (४) को उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेको 'नेपाल सरकारको पूर्वस्वीकृति नलिई' भन्ने शब्दहरू झिकेर प्रतिवेदन टुंगो लगायो। यति चारवटा शब्द झिक्दा विधेयकमा धेरै फरक पर्न गयो।

समितिले निर्णय गरेर प्रतिनिधिसभामा पेस गरेको प्रतिवेदनमा कुलिङ पिरियडबारेको व्यवस्था खुलाइयो। जसमा उपदफा ४ मा भनियो, 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउनेछैन।'

यसबाहेक उपदफा ५ मा 'संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको पदबाट सेवानिवृत्त भएको व्यक्तिले सेवानिवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्न हुँदैन...' भन्ने भयो।

अनि 'देहायअन्तर्गत (क) मा संवैधानिक नियुक्ति वा कूटनीतिक तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन, (ख) मा अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदारबाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताका रूपमा कार्य गर्न र (ग) मा अवकश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्ने व्यवस्था' भयो।

अब मूल विधेयकको उपदफा ५ लाई उपक्रम मिलाउँदा ६ हुन गयो। ६ मा मूल विधेयकको उपदफा ४ विपरीत भन्ने शब्दहरूको सट्टा उपदफा ५ विपरीत भन्ने शब्द राखिएको छ। अर्थात् उपदफा ५ विपरीत कार्य गरे ऐनबमोजिमको सेवासुविधा लिन नपाउने व्यवस्था गरिएको छ।

प्रतिनिधिसभाबाट पारित विधेयकअनुसार कुलिङ पिरियडले सचिव र सहसचिवलाई अवकाशलगत्तै संवैधानिक, कूटनीतिक वा अन्य सरकारी नियुक्ति लिन कुनै बाधा पुर्‍याउँदैन। अवकाशलगत्तैको तात्तातो नियुक्ति लिने उच्च प्रशासकको महत्त्वाकांक्षा रोक्ने उद्देश्य राखेर समितिमा बनेको सहमति संसद् पुग्दा भने उल्टिएको थियो।

समितिले टुंग्याएर पठाएको प्रतिवेदनका व्यवस्था आफैँमा परस्पर बाझिने प्रकृतिका छन्। अघिल्लो उपदफा (४) मा दुईवर्षे कुलिङ पिरियडको व्यवस्था गरेर पछिल्लो (५) उपदफामा यससँग बाझिने प्रावधान राखिएको छ। उपदफा ४ को व्यवस्थाले निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति नपाउने व्यवस्था गर्दा पछिल्लो उपदफामा निजामती सेवाका सचिव र सहसचिवलाई यो व्यवस्था लागू नहुने गरी काटेको छ।

निजामती विधेयक लामो संसदीय प्रक्रियाबाट गुज्रिएको छ। ०७२ असोजमा संविधान जारी भएसँगै संवैधानिक व्यवस्थाअनुरूप जारी हुनुपर्ने विधेयक लामो समयसम्म पनि टुंगोमा पुग्न सकेन। पछिल्लोपटक २१ फागुन ०८० मा तत्कालीन सामान्य प्रशासनमन्त्री अनिता देवीले विधेयक प्रतिनिधिसभामा दर्ता गरेकी थिइन्। प्रतिनिधिसभाले छलफलका लागि विधेयक राज्य व्यवस्था समितिमा पठाएको थियो।

समितिले सुरुमा उपसमिति बनाएर छलफल गरेको थियो। जबकि दिलेन्द्र बडू नेतृत्वको उपसमितिले कुलिङ पिरियडको अवधि एक वर्ष राखेकोमा मूल समितिले दुई वर्ष बनाएको थियो। यस्तै, उपसमितिले कूटनीतिक र न्यायाधीश नियुक्तिमा कुलिङ पिरियड लागू नहुने प्रतिवेदन दिएकोमा मूल समितिले यसलाई पनि हटाएको थियो। समितिमा १४ महिना लामो छलफलपछि विधेयक टुंग्याइएको थियो। अन्तिम समयसम्म कुलिङ पिरियडसम्बन्धी व्यवस्था पेचिलो थियो।

विधेयकमा भएको त्रुटि सुधारको प्रक्रिया के हुन्छ ?

प्रतिनिधिसभाले समितिको प्रतिवेदनलाई विधेयकको अंग बनाएर संघीय निजामती विधेयक पारित गरेकाले प्रतिवेदनमा जे छ, त्यो सबै विधेयकको अंग बनेको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार यस्तोमा संघीय निजामती विधेयकमा भएको त्रुटि सुधारका विभिन्न प्रक्रिया छन्। कानुन संघीय संसद्बाट बनाउनुपर्ने हो। प्रतिनिधिसभाबाट पारित भइसकेपछि राष्ट्रिय सभा जान्छ। सम्बन्धित (राज्य व्यवस्था) समितिको प्रतिवेदन र मूल विधेयकसँगै प्रतिनिधिसभाको सचिवले सन्देशसहित पठाउँछ। राष्ट्रिय सभाले आवश्यक परेमा परिमार्जनसहित पारित गरेर उत्पत्ति भएको सदन (प्रतिनिधिसभा)मा संघीय निजामती विधेयक फिर्ता पठाउँछ।

'अझै पनि केही परिमार्जन गर्न खोजे वा आवश्यक छ भन्ने महसुस भएमा उक्त विधेयक संघीय संसद्बाट पारित भइनसकेकोले (प्रतिनिधिसभाले मात्रै पारित गरेको अवस्था रहेकोले) थप संशोधन, परिमार्जन हुन सक्ने अवस्था रहन्छ नै,' प्रवक्ता गिरी भन्छन्, 'अर्थात् कानुन निर्माणकै प्रक्रियामा रहेकाले राष्ट्रिय सभाबाट सच्याउन सकिन्छ।' गिरीका अनुसार विद्यमान दुवै सभाको नियमावलीअनुसार उत्पत्ति भएको सदनका सभाध्यक्षले प्रमाणीकरणका लागि पठाउनुअघि अति सामान्य त्रुटि देखिएमा गरिने सुधारलाई आनुषाङ्गिक सुधार भनिन्छ। सामान्य कुराहरू मात्रै पर्दछन्। सारवान विषयहरू पर्दैनन्। आनुषाङ्गिक सुधार दुवै सभाबाट पारित भइसकेपछि सभाध्यक्षले प्रमाणीकरणका लागि पठाउनुअघि मात्रै गर्ने अभ्यास छ।

प्रतिनिधिसभा नियमावलीको नियम १३४ मा सामान्य त्रुटि सुधार्ने सभामुखको अधिकार उल्लेख छ। जहाँ 'सभामुखले बैठकबाट पारित भइसकेको विधेयकमा आवश्यक देखेमा विधेयकको दफाको संख्याको क्रम मिलाउन, आवश्यक आनुषाङ्गिक सुधार गर्न र अनायास हुन गएको त्रुटि सच्याउन सक्नेछ,' भनिएको छ। सभापति रामहरि खतिवडाका अनुसार विधेयकमा भएको त्रुटि सुधारका लागि समितिले मंगलबार बिहान १० बजे सभामुख देवराज घिमिरेलाई भेट्दै छ। 'सभामुखबाट आनुषाङ्गिक सुधार हुन्छ वा राष्ट्रिय सभाबाट सुधार गर्न सकिन्छ, कसरी के गर्न सकिन्छ भनेर सभामुखलाई भेट्दै छौँ,' खतिवडाले भने, 'कसको गल्ती हो, छानबिन हुनुपर्छ।'

विधेयक रातारात छेडछाडमा समिति सभापति जिम्मेवार

नयाँ पत्रिका

संसदीय मामलाका जानकारले संघीय निजामती विधेयकमा रातारात भएको 'हेरफेर' आचरणविहीन, अनैतिक र निर्लज्ज प्रतिनिधित्वको नमुना भएको भन्दै यसमा मुख्यतः समिति सभापति जिम्मेवार रहने बताएका छन्। झुक्याउने हिसाबले परस्पर विरोधी कानुन बनाउनु दुर्भाग्य भएको उनीहरूको भनाइ छ।

संघीय संसद् सचिवालयका पूर्वमहासचिव डा. मनोहर भट्टराईले संसदीय प्रक्रियाको उल्लंघन गर्दै सांसदलाई जानकारी नदिई विधेयक अनुमोदनका लागि प्रस्तुत गरिएको घटनालाई गम्भीर र दुर्भाग्यपूर्ण भएको बताए। उनका अनुसार संसदीय समितिमा रहेका सबै सांसदले अध्ययन गरेर हस्ताक्षर गरेपछि मात्र प्रतिवेदन संसद्मा पेस गरिनुपर्ने हो। तर, सो प्रक्रिया पालना नगरिएको देखिएको र यसमा सभापति नै जिम्मेवार हुने उनले बताए।

'यसमा प्रमुख भूमिका सभापतिको हुन्छ, त्यसपछि समिति सचिवको,' उनले भने, 'त्यसपछि विधेयक कसरी अगाडि बढ्यो ? कानुन मन्त्रालयको भूमिका के रह्यो ? कार्यकारीले के निर्देशन दियो ?' प्रश्न उठाउँदै उनले भने, 'यो अत्यन्तै दुःखद विषय हो। यसले शासन प्रणाली कसरी चलिरहेको छ भन्ने देखाउँछ।'

भट्टराईले समितिमा सहमति नभएको विषयलाई समेत सहमतिका रूपमा देखाएर सांसदलाई गुमराहमा पारिएको आरोप लगाए। 'सांसदलाई झुक्याएर विधेयक प्रतिवेदनसहित संसद्मा पेस गरिएको छ,' उनले भने, 'यस्तो व्यवहार गैरजिम्मेवार, भ्रष्ट र अनैतिक छ।'

पूर्वमहासचिव भट्टराईले मुख्य जिम्मेवारी समिति सभापतिले लिनुपर्ने भए पनि प्रक्रियामा जोडिएका अरू पनि दोषी हुने बताए। 'सभापतिपछि सम्बन्धित मन्त्री, कानुनमन्त्री, प्रधानमन्त्री र संलग्न सबै सांसदका साथै विधेयकको सबै प्रावधान हेर्दै नहेरी हो-होइन भन्नेहरू नै दोषी छन्,' उनी भन्छन्।

भट्टराईले कार्यपालिकाको संरक्षणमा नै संसद्मा अनैतिक र अपारदर्शी गतिविधिहरू भइरहेको गम्भीर आरोप लगाए। संसदीय प्रक्रियाको अवमूल्यन गर्दै जनप्रतिनिधिहरूलाई झुक्याएर विधेयक अघि बढाउने कार्यमा कार्यपालिकाको प्रत्यक्ष या परोक्ष संलग्नता रहेको उनको भनाइ छ। 'जबसम्म कार्यपालिका र त्यसको नेतृत्वले यस्ता तत्त्वलाई संरक्षण दिइरहन्छ, तबसम्म न सामान्य नागरिकको आवाज सुन्ने अवस्था हुन्छ, न सांसदहरूले नै केही गर्न सक्छन्,' भट्टराईले भने, 'यस्ता गतिविधि कार्यपालिकाको संरक्षणमा वा उसकै निर्देशनमा भए भन्ने आंशका प्रस्ट छ।'

उनले केही सीमित व्यक्तिका निहित स्वार्थपूर्तिका लागि गरिने यस्ता अभ्यासहरूलाई 'आचरणविहीन, अनैतिक र निर्लज्ज प्रतिनिधित्वको नमुना' भनेका छन्। निजामती प्रणालीभित्रका केहीलाई बचाउन यस्ता व्यवस्था मिलाइएको उनको आरोप छ। उनले थपे, 'अब यस्ता व्यक्तिहरूलाई सजाय दिने काम जनताको हो,' उनले भने, 'जनता जागरुक भएर आउने निर्वाचनमा यस्तो प्रवृत्ति पराजित गर्न सक्नुपर्छ। नत्र वर्तमान पद्धति अझै गैरजिम्मेवार र बेवारिसे ढंगले अघि बढिरहन्छ।'

संसद् सचिवालयका एक पदाधिकारीले विधेयक र समितिको प्रतिवेदनको दफा बाझिनु समितिको चरम लापरबाही भएको बताए। यसमा सभापति र समिति सचिवले अध्ययन नगरी हस्ताक्षर गर्नुले मिलेमतो देखाउने उनको भनाइ छ। 'राज्य व्यवस्था समितिले प्रतिवेदन अध्ययन नगरी पठाएको हो त ?' ती पदाधिकारीले भने, 'यो समितिको चरम लापरबाही हो। यहाँनेर समिति सरकारसँग अघोषित रूपमा मिलेको देखिन्छ। यस्तो परस्पर बाझिने उपदफाहरू राख्नुहुँदैन थियो। यसमा समिति सचिवले पनि राय-सुझाव दिन नसकेको देखिन्छ।'

संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले समितिले पारित गरेको स्वरूपभन्दा फरक तरिकाले विधेयक प्रतिनिधिसभामा पेस गरिएको बताएका छन्। उनले विधेयकमा भएको अन्तर समितिको निर्णयविपरीत भएको र त्यसमा कसै न कसैको लापरबाही रहेको स्पष्ट पारे।

उनले कानुन मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयबाट त्रुटि भएको हुन सक्ने जनाउ दिए। साथै राष्ट्रिय सभाले संशोधन गर्ने उनको भनाइ छ। 'निजामती तथा अन्य सरकारी कर्मचारीलाई राजीनामा वा अवकाश भएको मितिदेखि दुई वर्षसम्म पुनः नियुक्ति नदिने भनेर समितिले स्पष्ट रूपमा प्रतिवेदनमा उल्लेख गरेको छ। उक्त व्यवस्था कार्यालय सहयोगीदेखि मुख्यसचिवसम्मका लागि समान रूपमा लागू हुने गरी सर्वसम्मतिले पारित गरिएको हो। समितिमा दिनहुँ छलफल गरेर प्रतिवेदन टुंग्याएका हौँ, गलत मनसाय केही छैन। मैले नै प्रतिवेदनमा हस्ताक्षर गरेर प्रतिनिधिसभामा पठाएको हुँ। त्यसमा ह्रस्व, दीर्घ, कमा वा फुलस्टपसम्म कुनै फेरबदल गरिएको छैन,' उनले भने, 'तर, तलमाथि भएर आयो। हामीले उपदफा ५ मा केही शब्द निकालेर बाँकी व्यवस्था मिलाउने काम कानुन मन्त्रालय र सामान्य प्रशासनलाई दिएका हौँ। यसमा कसै न कसैको दोष छ। यसबारे मंगलबार सभामुखसँग छलफल गर्छौँ। यो त्रुटि राष्ट्रिय सभाले संशोधन गर्छ।'

'अन्तिम मस्यौदा हेर्नै दिइएन, सभापतिले सिधै संसद्मा लग्नुभयो'

काठमाडौँ/ राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत पारित संघीय निजामती विधेयकमा स्वार्थ समूहको चाहनाअनुसार रातारात गरिएको संशोधनप्रति समिति सदस्यहरूले गम्भीर आपत्ति जनाएका छन्। समितिबाट पारित मस्यौदा र प्रतिनिधिसभामा पेस विधेयकबिच स्पष्ट अन्तर देखिएको भन्दै सांसदहरूले यस्तो कार्यले विधायन प्रक्रियामाथि गम्भीर प्रश्न उठाएको टिप्पणी गरेका छन्। सत्तापक्षका सांसदहरूले विधेयकमा भएको त्रुटिको नैतिक जिम्मेवारी लिने बताएका छन् भने विपक्षी सांसदहरूले सिंगो संसद्लाई झुक्याउने प्रयास भएको भन्दै समिति सभापति रामहरि खतिवडाको राजीनामा मागेका छन्।

कांग्रेसका सांसद हृदयराम थानीले निजामती सेवामा कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा गम्भीर चलखेल भएको आरोप लगाउँदै तत्काल छानबिन गर्न माग गरे। उनले राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत रूपमा पारित विषयलाई अन्तिम मस्यौदामै नदेखाई सभापतिले प्रतिनिधिसभामा प्रतिवेदन पठाएको दाबी गरेका छन्।

'समितिबाट पारित कुलिङ पिरियडसम्बन्धी व्यवस्था सामान्य प्रशासन मन्त्रालय, समितिको सचिवालय र कानुन मन्त्रालयसँग छलफल गरेर तय भएको हो,' थानीले भने, 'तर, अन्तिम ड्राफ्ट समितिमा प्रस्तुत नगरी सभापति र सचिवको हस्ताक्षरसहित प्रतिवेदन प्रतिनिधिसभामा पठाइयो।' उनले समितिमा सहमति भइसकेको विषयलाई अन्तिम क्षणमा फेरबदल गर्नेजस्तो गम्भीर चलखेलको तत्काल छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गरे। 'यसरी कानुन बन्न थाल्यो भने मुलुक कहाँ पुग्छ ?' थानीले विधायन प्रक्रियामाथि प्रश्न उठाए।

एमाले सांसद कृष्णगोपाल श्रेष्ठले निजामती सेवामा कुलिङ पिरियडसम्बन्धी प्रावधानमा देखिएको त्रुटिको नैतिक जिम्मेवारी संसदीय समितिले लिनुपर्ने बताए। श्रेष्ठले त्रुटिपूर्ण व्यवस्था अब राष्ट्रिय सभाबाट सच्याइने बताए। 'हामीले नैतिक रूपमा जिम्मा लिनुपर्छ। सत्तारूढ पार्टीले पनि लिनुपर्छ। प्रस्तावित मस्यौदा विधेयकमा यो विषय छैन। कहाँबाट स्वाट्ट छिराइयो। के-के स्वार्थ हुन्छ, यसको भारी हामीले बोक्नुपर्ने भयो,' उनले भने। केही व्यक्तिको निहित स्वार्थमा समितिलाई छलेर नयाँ प्रावधान घुसाइएको छ। अब यसलाई राष्ट्रिय सभाबाट सच्याउँछौँ।'

माओवादी सांसद दुर्गा राईले सिंगो सदनलाई झुक्याउने काम गरेको बताइन्। 'कुलिङ पिरियडका लागि हामी सुरुदेखि लड्दै आएका छौँ। अहिले आएर को-कोले कहाँ-कहाँ खेले ? यो कसरी भयो ? थाहा नै भएन,' उनले भनिन्, 'हामीलाई झुक्याइयो, संसद्लाई गुमराहमा राखियो। खत्र्याखुत्रुक पारियो। थाहै नदिई गडबड गरियो। यसको जवाफदेहिताबारे समितिमा छलफल हुन्छ। कुलिङ पिरियड छोड्दैनौँ, राष्ट्रिय सभामा सच्याउन भूमिका खेल्छौँ।'


रास्वपा सांसद चन्दा कार्की भण्डारीले दुई वर्ष कुलिङ पिरियड समितिबाट सर्वसम्मत पारित भइसकेपछि अहिले परिमार्जन हुनु व्यवस्थापिकामाथि कार्यपालिकाको ठाडो हस्तक्षेप भएको बताइन्। 'ऐनमा कुलिङ पिरियड हुन्छ भनेर गृहमन्त्री, संघीय मामिलामन्त्री र सभापतिले मानेर प्रतिवेदन फाइनल गरिएको हो। अन्तिम मस्यौदा हामीले हेर्न पाएनौँ। सभापतिजीले सदनमा पेस गर्नुभयो। अहिले अर्कै आएको सुन्दा दुःख लाग्यो। सभापतिलाई सोध्दा थाहा छैन भन्नुभयो,' उनले भनिन्, 'समितिले सदनमा पठाएको प्रावधान कार्यपालिकाले परिमार्जन गर्नु व्यवस्थापिकामाथि हस्तक्षेप हो।'

राप्रपाका सांसद बुद्धिमान तामाङले राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत पारित प्रतिवेदनमा जालझेल गरी फेरबदल गरिएको घटनालाई शक्ति पृथकीकरणको सिद्धान्तविपरीत भएको बताए। उनले यस्तो कार्य लोकतान्त्रिक अभ्यास, विधायन प्रक्रिया र संवैधानिक व्यवस्थामाथिकै अपमान भएको टिप्पणी गरे। 'सरकारले यसरी जाली काम गर्न पाउँदैन। प्रतिवेदन फेरिएको सुन्दा म छक्क परेँ। कसरी र किन फरक पर्‍यो भन्ने अझै बुझ्न बाँकी छ,' उनले भने, सरकारले समितिस्तरमै सहमति जनाएर प्रतिवेदन अघि बढाएको थियो। अहिले त्यसलाई परिवर्तन गर्नु भनेको संसद्लाई सरकारको एक विभागजस्तो बनाइदिनु हो। संसद् संसद् रहेन।'

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे संसद् र समितिलाई ढाँट्ने सभापति पदमा बस्न नमिल्ने टिप्पणी गरे। 'कुलिङ पिरियड बिगारेको समिति सभापतिले हो। समिति सचिवालयले बदमासी गर्‍यो। हामीसँग सर्वसम्मत गरियो। मन्त्रीले बोलेको छ, समितिको निर्णयमा कमा र फुलिस्टप पनि बदलिँदैन भनेको छ। अब त हामीले समितिको बैठकमै उनीहरूको राजीनामा माग्नुपर्ने भयो,' उनले भने, 'संसद्लाई ढाँट्ने, समितिलाई ढाँट्ने मान्छेहरू त्यहाँ बस्नै भएन। पार्लियामेन्टरी डेमोक्रेसीमा ढाँट्ने कुराको घोर विरोध हुन्छ जहाँ पनि। समिति सभापतिले बदमासी गर्नुभयो। उहाँ नैतिकताको आधारमा पदमा बस्नै मिल्दैन।'

संघीय मामिलामन्त्री राजकुमार गुप्ता भन्छन्-

मैले सदनमै ढुक्क रहनुस्, कुलिङ पिरियडसहितको ऐन आउँछ, समितिको प्रतिवेदनमा कमा, फुलिस्टप चेन्ज हुँदैन भनेको थिएँ। सांसदहरूले कुलिङ पिरियडसहित आयो भनेर प्रशंसा गर्नुभयो। तर, आज धेरै समाचारहरू आएपछि बुझ्दा कुलिङ पिरियडको भाषा बिगारिएको रहेछ। यसमा हामी अत्यन्त चिन्तित छौँ। कसरी बिग्रियो भनेर मैले उपसमिति संयोजक दिलेन्द्र बडू, तत्कालीन सदस्य रघुजी पन्त र सभापति रामहरि खतिवडालगायतसँग छलफल गरेको छु। के भएको हो र कसले गल्ती गर्‍यो भनेर लागेका छौँ। गल्ती गर्नेलाई कारबाही हुन्छ। राष्ट्रिय सभामा प्रस्तुत गर्दा सच्याउँछौँ। म आफैँ टेबुल गर्छु।



Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre
Bagmati Province, Nepal

Invitation for Electronic Bids

Date of Publication: 2082/03/17

The Office of the Municipal Executive, Panauti municipality invites electronic bids from Nepalese Eligible Bidders for the following projects under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti Municipality, Kavre.

S.N.	Contract Identification No.	Description of Project	Bid Document Fee, Nrs.	Bid Security Amount Nrs.	Estimate Amount Without VAT and contingency	Remarks
1.	panauti/works/ncb/2081/82/48	Construction of jyalachiti pati	3000	68000	2313614.53	NCB 1S1E

Panauti Municipality.

ओली र देउवा...

पृष्ठ १ बाट क्रमशः

पत्रकारलाई रोक्ने विषयमा मुख्यसचिवलगायत उच्चपदस्थ कर्मचारीहरूले जोडबल गरेका थिए। यसका पछाडि कुलिङ पिरियड प्रभावित पार्नु रहेको उपसमितिका एक सदस्य बताउँछन्। उनीहरूका अनुसार पन्तले कुलिङ पिरियड राख्न नहुने र राख्नै परे ६ महिना वा बढीमा एक वर्षसम्म मात्र राख्नुपर्ने अडान लिएका थिए। उनले यसलाई 'प्रधानमन्त्रीको सन्देश' बताउने गरेका थिए।

त्यति मात्रै होइन, दफावार छलफल अन्तिम चरणमा पुग्दा प्रधानमन्त्री ओलीले उपसमिति संयोजक बडू र सभापति खतिवडालाई बालुवाटार बोलाएर 'कुलिङ पिरियड नराख्न दबाब नै दिएको' एक सदस्यले बताए। उनका अनुसार त्यस दिन प्रधानमन्त्री ओलीले मुख्यसचिव एकनारायण अर्याल र प्रधानमन्त्री कार्यालयको कानुनसचिव राखेर भर्खरका ठिटाले राज्यका निकाय चलाउन नसक्ने भन्दै शासन चलाउन अनुभवले खारिएका चाहिने बताएका थिए। स्रोतका अनुसार त्यस दिन ओलीले भनेका थिए, 'भर्खरका ठिटाले न्यायाधीश भएर अदालत चलाउँदा के हुन्छ ? अनुभव हुनुपर्ला नि। कुलिङको नाममा सबै रोक्ने उपयुक्त छैन।' प्रधानमन्त्री ओलीको चाहनाअनुसार बैठकमा पन्त र लीलानाथ श्रेष्ठलगायत एमाले सांसद प्रस्तुत हुन्थे।

कर्मचारीहरूको स्वार्थअनुसार गर्न प्रधानमन्त्री ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई समेत राखेर समिति सभापति खतिवडालाई दबाब दिएका थिए। कांग्रेसका एक सांसदका अनुसार पार्टीभित्रै नेता शेखर कोइराला, महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालगायतको विरोध र बाहिर नागरिक तहबाट चौतर्फी दबाब भएपछि देउवा कुलिङ पिरियड राख्न तयार भएका थिए।

स्रोतका अनुसार देउवा तयार भएपछि प्रधानमन्त्री ओली पनि गलेका थिए। तर, समितिबाट सर्वसम्मत पारित भएको प्रतिवेदनमा छेडखानी गरेर प्रधानमन्त्रीकै चाहनामा फेरि कुलिङ पिरियडलाई निष्प्रभावी बनाउने खेल भएको राज्य व्यवस्था समितिका एक सदस्य बताउँछन्।

शिक्षा विधेयक पारित गर्ने कार्यसूची शिक्षामन्त्रीकै आग्रहमा रोकियो

शिक्षामन्त्री पन्तले कांग्रेस सभापति देउवा भेटेपछि शिक्षा समितिको बैठक स्थगित

शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षामन्त्री रघुजी पन्तकै कारण विद्यालय शिक्षा विधेयक शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट पास हुनबाट रोकिएको छ। मन्त्री पन्तले विधेयकमा सहमति जुटाउन थप समय मागेपछि समिति सभापति अम्मरबहादुर थापाले सोमबार बैठक स्थगित गरेका थिए। सोमबारकै बैठकमा विधेयक पास गर्ने तयारी थियो। सभापति थापाले प्रतिनिधिसभा बैठकमा विधेयक टेबुल गर्न लगभग तयारी अवस्थामा पुगे पनि अझै चार-पाँच दिन समय लाग्ने बताए।

सोमबार समितिको बैठक चल्दाचल्दै मन्त्री पन्त कांग्रेस सभापति शेरबहादुर देउवासँग छलफल गर्न सानेपा पुगेका थिए। त्यसबेला कांग्रेस केन्द्रीय कार्यसमिति बैठक चलिरहेको थियो। केही समय देउवासँग छलफल गरेर फर्केका पन्तले समितिमा विधेयकमा सहमतिका लागि केही समय थप माग गरेका थिए। 'शिक्षकसँग गरिएको सम्झौताअनुसार नै विधेयक ल्याउने तयारी भएको छ। शिक्षामन्त्रीका हैसियतमा मलाई सबै कुरा मिलाउन समय चाहिन्छ। अहिले बैठक स्थगित गरौं। अलि परिपक्व भएर विधेयक पास गरौंला,' पन्तको भनाइ थियो।

समिति बैठकमा मन्त्री र सांसदबीच आरोप-प्रत्यारोपसमेत भएको थियो। मन्त्री पन्तले विधेयकमा काम गर्न थप समय लाग्ने भन्दै समय माग गरेपछि अन्य सांसदहरूले विरोध गरे। बैठकमा पूर्वशिक्षामन्त्री विद्या भट्टराई, सुमना श्रेष्ठलगायतले विद्यालय शिक्षा विधेयक छिटो ल्याउन शिक्षामन्त्रीले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताए। तर, शिक्षामन्त्री पन्तले थप समय माग गर्दै शिक्षकसँग भएका सहमति कार्यान्वयनमा लैजान तत्पर भए पनि पछिल्लोपटक भएको सहमति कार्यान्वयनमा लैजान जटिलता रहेको बताए।

'यो संयुक्त सरकारबाट सहमति गरेको नौबुँदे व्यवहारमा गइसकेको छ, मैले त मन्त्रीको हैसियतमा शिक्षकहरूसँग पनि भनेको छु, कुनै पनि सरकारको दायित्व हस्ताक्षरसमेत गरेर छोडिदिने हो ? विभिन्न मन्त्रीज्यू हुँदा भएको सहमति कार्यान्वयनमा किन गएन ? ०७५ मा किन गएन ? ०७८ को सहमति किन गएन, ०८० को सहमति किन गएन ? के सहमतिका सबै कुराको दायित्व यही रघुजी पन्तले लिनुपर्ने हो ?,' उनले भने, 'विधेयकका केही कुरामा पर्खिनु पनि पर्छ, सरकारले पर्खिनु भनेको कुरामा हामीले पर्खिनुपर्छ, अझै केही दिन पख्नुस्।'

पूर्वशिक्षामन्त्री भट्टराईले ऐन ल्याउन सरोकारवालाले चासो नदिएको भन्दै आरोप लगाइन्। 'म त्यस्तो मन्त्री हो, जसले महासंघको आन्दोलनलाई सही ठाउँमा पुऱ्याउन म कतै बाधक भएँ कि भनेर छाडेको एउटा व्यक्ति पनि हुँ। आज फेरि विधेयक ल्याउन समिति तयार भइरहँदा, सरकार तयार भइरहँदा फेरि बाधा सिर्जना गर्न पाइन्छ कि पाइँदैन, संसद् र सरकारलाई असक्षम बनाउने नियत सरोकारवाला समूहले राख्न पाउने कि नपाउने,' उनले भनिन्, 'सरोकारवाला भनेको खबरदारी पनि गर्ने हो, सँगसँगै सहमतिका आधार स्वीकार गर्दै जाने हो।'

बैठकमा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले सहमतिबाटै विधेयक जारी गर्नुपर्ने भएकाले नै विधेयक समितिबाट पास गर्न थप समय लाग्ने बताए। उनले विधेयकमा केही कुरा मिल्न बाँकी रहेका र त्यसमा छलफल भइरहेको बताए। एमालेका छविलाल विश्वकर्माले अथक प्रयासबाट विधेयक ल्याउने तयारी गरे पनि केही बुँदा नमिलेकाले थप छलफल गर्नुपरेको बताए। उनले अधिकांश कुरा मिलेसकेको र मिल्न बाँकी विषयमा विलम्ब गर्न नहुने बताए। समिति सदस्य प्रभु हजाराले निजामती विधेयकभन्दा चाँडै ल्याउनुपर्ने शिक्षा विधेयकलाई कसैको चाहनामा रोक्न नहुने बताए।



■ यस्ता थिए सरकार-शिक्षक सहमतिका नौ बुँदा

१. शिक्षकहरूको स्वास्थ्य उपचारका सम्बन्धमा काठमाडौंमा अवस्थित निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीलाई उपचार सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने।

२. अस्थायी प्रकृतिका शिक्षक (राहत, अस्थायी/करार साबिक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ता)को बिरामी बिदा सञ्चित हुने र सोबापतको रकम सेवाबाट अलग हुँदाका बखत एकमुस्ट रूपमा प्रदान गर्ने।

३. प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकिएबमोजिम व्यवस्था गर्ने।

४. आगामी आव ०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकका लागि निजामतीसरह ग्रेड संख्या र रकम कायम गर्ने।

५. स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी/करार साबिक उमावि, प्राविधिक धार र विशेष शिक्षा)का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने।

६. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने।

७. नेपाल सरकारको मर्यादाक्रमको सूचीमा शिक्षकहरूलाई समावेश गर्ने।

८. नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा कर्मचारीको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने।

९. निमावि तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षकसरह हुने गरी कायम गर्ने।

● **रघुजी पन्त**, शिक्षामन्त्री



शिक्षकसँग गरिएको सम्झौताअनुसार नै विधेयक ल्याउने तयारी भएको छ। शिक्षामन्त्रीका हैसियतमा मलाई सबै कुरा मिलाउन समय चाहिन्छ। अहिले बैठक स्थगित गरौं। अलि परिपक्व भएर विधेयक पास गरौंला।

■ विधेयक आउन ढिलाइ भएमा पुनः आन्दोलन गर्ने शिक्षक महासंघको चेतावनी

सरकारले सम्झौता र प्रतिबद्धता गरेर पनि विद्यालय शिक्षा ऐन ल्याउन बेवास्ता गरेको भन्दै नेपाल शिक्षक महासंघले आपत्ति जनाएको छ। महासंघले विद्यालय शिक्षा विधेयकमा विलम्ब नगर्न सरकारको ध्यानाकर्षण गराएको छ। सरकारले १५ असारभित्र विधेयक प्रतिनिधिसभामा टेबुल गर्ने सहमति शिक्षकहरूसँग गरेको थियो। २९ दिन लामो आन्दोलन गरेका शिक्षक र सरकारबिच १७ वैशाखमा सहमति भएको थियो। सहमतिमा सत्तापक्ष प्रमुख दलमा सचेतक, गृहमन्त्री, शिक्षामन्त्रीलगायतले हस्ताक्षर गरेका थिए। तर, ऐन टेबुल गर्नुपर्ने मिति कटिसकेको छ। विधेयक अगाडि नबढेपछि शिक्षक महासंघले पुनः आन्दोलनको चेतावनी दिएको हो।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाले संयुक्त विज्ञप्ति जारी गर्दै विधेयकमा कुनै विलम्ब र षड्यन्त्र भए तुरुन्तै आन्दोलनमा जाने चेतावनी दिएका छन्। '२०८२ वैशाख १७ गते राज्यपक्ष र महासंघबिच महत्त्वपूर्ण सहमति भयो, त्यो सहमतिमा महासंघसँग भएका विगतका सहमतिलाई सम्बोधन हुने गरी असार १५ गतेभित्र विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभाबाट पारित गर्ने भन्ने प्रतिबद्धता हस्ताक्षर भएको थियो, तर सो प्रतिबद्धताअनुरूप असार १५ गतेसम्म पनि विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस भएको छैन,' विज्ञप्तिमा उल्लेख छ, 'त्यसैले संसद्को शिक्षा समितिमा विधेयकमाथि चलिरहेको छलफल शीघ्र सम्पन्न गरी विगतका सहमति समावेश भएको अग्रगामी विद्यालय शिक्षा विधेयक अविलम्ब प्रतिनिधिसभामा पेस गरी पारित गराउन हामी सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँछौं।'

सरकारले १५ असारमा टेबुल नगरेपछि शिक्षकहरू ऐन आउने आशंकामा छन्। अझै प्रतिनिधिसभा बैठक ६ दिनपछि मात्रै बस्ने भएपछि शिक्षकहरूले असन्तुष्टि व्यक्त गरेका छन्। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विधेयक टेबुल गर्नुभन्दाअघि अझै केही काम रहेको जनाएको छ।

नेपालको अध्यागमनबाट कालोसूचीमा रहेका व्यक्ति उडेकोमा अमेरिकाको चासो

भारतीय नागरिकहरू नेपालको अध्यागमनमा सेटिङ मिलाएर अमेरिका र क्यानडा गएको दाबी

नयाँ पत्रिका

नेपालको अध्यागमनबाट आपराधिक पृष्ठभूमिका व्यक्तिहरूले प्रस्थान अनुमति पाउने गरेको घटनाप्रति अमेरिकाले चिन्ता व्यक्त गरेको छ। कालोसूचीमा रहेका व्यक्तिहरूलाई समेत प्रस्थान अनुमति दिएको पाइएकाले अमेरिकी राजदूत डिन आर थम्सनले चासो व्यक्त गरेका छन्।



डिन आर थम्सन, अमेरिकी राजदूत

सोमबार मुख्यसचिव एकनारायण अर्यालसँगको भेटमा अमेरिकी राजदूत थम्सनले अध्यागमनको 'स्क्रिनिङ' प्रणाली कमजोर भएको भन्दै सुदृढीकरणको आवश्यकता औंल्याए। हालै अध्यागमनबाट भिजिट भिसामार्फत सेटिङमा हजारौं विदेश उड्नुका साथै कालोसूचीमा रहेकालाई पनि लाखौं रकम असुलेर उडाउने गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनमा खुलेको थियो। स्रोतका खासगरी कालोसूचीमा रहेका भारतीय नागरिकहरू नेपालको अध्यागमनमा सेटिङ मिलाएर अमेरिका र क्यानडा गएका थिए। सोही सूचना पाएपछि अमेरिकाले अध्यागमनमा भएको सेटिङप्रति चासो व्यक्त गरेको प्रधानमन्त्री कार्यालयका एक उच्च अधिकारीले बताए।

विगतमा पनि आतंकवादसम्बन्धी 'कन्ट्री रिपोर्ट'मा अमेरिकाले नेपालको अध्यागमनको सुरक्षा प्रणालीप्रति प्रश्न उठाउँदै आतंकवादीले नेपालमा घुसपैठ गर्न सक्ने जोखिम औंल्याएको थियो। नेपालको अध्यागमन कमजोर हुँदा आफ्नो देशमा समेत असर गर्न सक्ने भएकाले उनीहरूले चासो व्यक्त गर्दै आएका छन्। तर, अत्यधिक भ्रष्टाचारका कारण अध्यागमनमा सुधारमा सरकारले चासो दिन सकेको छैन।

अख्तियारले पछिल्लो समय अध्यागमनमा हुने असुलीको विस्तृत अनुसन्धान गरिरहेको छ। गत ७ जेठमा आयोगले विमानस्थल अध्यागमनका तत्कालीन प्रमुख तीर्थराज भट्टराईलाई नै नियन्त्रणमा लिई उनका मोबाइल र ल्यापटप जफत गरेको थियो। सहसचिव भट्टराई पक्राउ परेलगतै अमेरिकी दूतावासले उनको अमेरिकी भिसा रद्द गरेको थियो।

हालसम्मको अनुसन्धानमा संगठित रूपमै सहसचिव भट्टराईले अध्यागमनबाट असुली धन्दा चलाएको प्रमाण आयोगले संकलन गरिसकेको छ। यो प्रकरणमा गृह मन्त्रालयको सचिवालय प्रत्यक्ष रूपमा जोडिएको तथा गृहमन्त्री रमेश लेखकको समेत संरक्षण रहेको भन्दै उनीमाथि समेत छानबिनको माग भइरहेको छ। तर, सरकारले अध्यागमनको प्रणाली सुधारमा मात्र केन्द्रित भई हालै एक अध्ययन समिति बनाएको छ। जबकि यस्ता अध्ययन समिति विगतमा पटक-पटक गठन भएकोमा त्यसका सिफारिस कार्यान्वयन गरिएको छैन।

उता डेढ महिना हुन लाग्दासमेत अख्तियारले भने कसैलाई पनि नियन्त्रणमा नलिई अनुसन्धान गरिरहेको छ। भट्टराईको मोबाइलबाट केही महत्त्वपूर्ण प्रमाण संकलन गरिएको आयोग स्रोत बताउँछ। भिजिट भिसाको पैसा व्यवस्थापन गर्ने सहसचिव भट्टराईका तीन सहयोगीसँग पनि आयोगले बयान लिइसकेको छ। नक्कली नो अब्जेक्सन लेटर (एनओसी)का आधारमा समेत कर्मचारीले भारतीय नागरिकलाई तेस्रो देश जान दिने गरेका थिए। त्यस्ता कर्मचारीलाई आयोगले बयान लिन थालेको छ। यस प्रकरणमा गृहमन्त्री लेखकसमेत मुछिएकाले आयोगले अनुसन्धानका विवरण भने गोप्य राखेको छ।

सल्यान बन्यो कर्णाली प्रदेशकै पहिलो पूर्ण खोप जिल्ला

सल्यान/ सल्यानलाई कर्णाली प्रदेशकै पहिलो पूर्ण खोप सुनिश्चिता तथा दिगोपना जिल्लाको रूपमा घोषणा गरिएको छ। राष्ट्रिय खोप कार्यक्रमको तालिकाअनुसार बालबालिकाले पाउनुपर्ने सम्पूर्ण खोप लगाइसकेको सुनिश्चिततासहित सोमबार पूर्ण खोप जिल्ला घोषणा गरिएको हो। जिल्लाका दशवटै स्थानीय तहले पूर्ण खोप सुनिश्चिता तथा दिगोपना घोषणा गरेपछि सोमबार जिल्लालाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपना जिल्ला घोषणा गरिएको हो। जन्मिएकादेखि १५ महिनासम्मका ३८ सय ५९ बालबालिकालाई पूर्ण रूपमा नियमित खोप लगाइएको स्वास्थ्य सेवा कार्यालय सल्यानका जनस्वास्थ्य अधिकृत ताराप्रसाद रिजालले बताए ।

राजस्व नतिर्ने हाइड्रोपावरविरुद्ध जुगल गाउँपालिकाले अख्तियारमा दियो उजुरी

सिन्धुपाल्चोक/ ३६ मेगावाट क्षमताको बलेफी हाइड्रोपावर लिमिटेडविरुद्ध जुगल गाउँपालिकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी हालेको छ। स्थानीय स्रोतसाधन प्रयोग गरेबापत स्थानीय र प्रदेश सरकारलाई तिर्नुपर्ने राजस्व दाखिला नगरेकाले गाउँपालिका अध्यक्ष रेशम स्याङ्बो आफैं अख्तियार कार्यालय टंगाल पुगेर उजुरी हालेका हुन्।

०७४ बाट सुरु भई ०७९ मा निर्माण सम्पन्न भएयता हाइड्रोपावरले स्थानीय सरकारलाई तिर्नुपर्ने राजस्व बुझाएको छैन। राजस्व तिरेको कागजपत्र लिएर सूचीकृत हुन हाइड्रोपावरलाई पत्रमार्फत गाउँपालिकाले पटकपटक आग्रह गर्दा अटेर गरेकाले बाध्य भएर अख्तियारलाई गुहार्नु परेको अध्यक्ष स्याङ् बोले बताए। स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११, उपदफा २ को (घ)को बुँदा नम्बर ६ बमोजिम स्थानीय सरकारलाई तिर्नुपर्ने राजस्व नतिरेकाले हाइड्रोविरुद्ध मुद्दा हालिएको हो।

जुगल गाउँपालिकामा १० वटा हाइड्रोपावर निर्माणाधीन छन्। स्थानीय स्रोतसाधन ढुंगा, बालुवा, माटो र काठपात प्रयोग गरेपछि स्थानीय सरकारलाई राजस्व तिर्नुपर्ने कानुनी प्रावधान छ। जुन ६० प्रतिशत स्थानीय र ४० प्रतिशत प्रदेश सरकारले पाउँछन्। बागमती प्रदेश सरकारको निर्देशनबमोजिम जुगल सरकारले हाइड्रोसँग राजस्व उठाउन लागेको हो। निर्माणाधीन हाइड्रोपावर सबैले निर्माणस्थल ब्रह्मायणी नदी र नेसम खोला किनारमा क्रसर स्थापना गरेर बालुवा, गिटी र ढुंगा उपयोग गरिरहेका छन्।

जुगलभित्र रहेका बलेफी हाइड्रोपावर (३६), मुनलाइट हाइड्रोपावर (२२), सेवा हाइड्रो (१.५), राइजिङ हाइड्रो (१), गाउँघर उज्यालो हाइड्रो (१), याम्बुलिङ (७), बलेफी इनर्जी प्रालि (४०), अपर बलेफी हाइड्रोपावर (३६), नेशमखोला हाइड्रो (४१), सीता हाइड्रोपावर प्रालि (३५) र ब्रह्मायणी हाइड्रोपावर (४६) मेगावाट जलविद्युत् कम्पनी सबैले स्थानीय स्रोतसाधन प्रयोग गरिरहेका छन्।

महरा मृत्यु प्रकरणमा दुईजना पक्राउ

लहान/ सिराहाको अर्नमा गाउँपालिका- १ बुढियाचाप गाउँमा शनिबार स्थानीय ३५ वर्षीय अजय महरा मृत्यु प्रकरणमा प्रहरीले उनकी श्रीमतीसहित एक युवकलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ। तीन दिनअघि नै दुवैलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

'पोस्टमार्टम रिपोर्ट पनि आउँदै छ, रिपोर्टमा मृत्युको कारण खुल्ने भएकाले दुईजनालाई निन्त्रणमा राखेर अनुसन्धान गर्दै छौं,' सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले भने, 'घटना शंकास्पद देखिएको छ, पोस्टमार्टम रिपोर्ट एक-दुई दिनमै आउँछ, रिपोर्ट आएपछि परिवारले दिने किटानी जाहेरीका आधारमा अगाडि बढ्छौं।'

बुढियाचाप गाउँका मझम मन्सुरीले आफ्नो खेतमा बाली रुँघ्न बनाएको बाँसको झुपडीनजिकैको आँपको रुखमुनि मोटो सेतो प्लास्टिकले घाँटी बाँधेको अवस्थामा महराको शव भेटिएको थियो। मृतकको शव धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टम गरी परिवारजनले गाउँ ल्याएर दाहसंस्कार गरिसकेका छन्।

भारी वर्षाका कारण धनगढी दिनभर डुबानमा, जनजीवन अस्तव्यस्त

दुई सय ५४ घरमा पानी पस्यो, एक हजार परिवार प्रभावित

धनगढीमा **तेजराज भट्ट**

भारी वर्षाका कारण कैलालीको धनगढी उपमहानगरपालिका क्षेत्र सोमबार दिनभर डुबानमा परेको छ। वर्षाले धनगढीका अधिकांश भूभाग जलमग्न बने। वर्षा र डुबानका कारण यहाँका बासिन्दाको जनजीवन दिनभर अस्तव्यस्त बन्यो। जिल्ला प्रशासन कार्यालयका अनुसार वर्षाबाट धनगढीमा करिब एक हजार परिवार प्रभावित भएका छन्। जिल्ला प्रहरी कार्यालयले अविरल वर्षाका कारण बस्तीहरू जलमग्न हुँदा नगरभरि दुई सय ५४ घरमा पानी पसेको विवरण संकलन गरेको छ।

आवतजावतमा असहज भएपछि सोमबार यहाँका अधिकांश विद्यालय सञ्चालन हुन सकेनन्। धनगढी बजार आंशिक रुपमा मात्र खुल्यो। अविरल वर्षाले जलमग्न भएपछि सेती प्रादेशिक अस्पताल तथा मालपोत, नापीलगायत कार्यालयका सेवा प्रभावित बने। मुख्य बजारको रातोपुल, क्याम्पस रोडलगायत क्षेत्रका केही पसलहरू डुबानमा परेका थिए। प्रायः निकै व्यस्त रहने धनगढी बजार क्षेत्रमा दिनभर मानिसको आवतजावन न्यून थियो। वर्षा र डुबानका कारण गोदावरी नगरपालिकामा पनि स्थानीयको जनजीवन प्रभावित बनेको छ।

धनगढी उपमहानगरपालिकाभित्र मात्रै करिब एक हजार घर वर्षाले प्रभावित बनेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ। वर्षा रोकिएसँगै साँझ अधिकांश ठाउँको डुबान हटेको छ। जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले धनगढीमा घर डुबानमा परेपछि दुई परिवारलाई सुरक्षित ठाउँमा सारिएको जानकारी दिए। 'धनगढीमा हजारभन्दा बढी घरमा पानी पसेको थियो। वर्षा रोकिएपछि डुबान हटेर जनजीवन सामान्य बन्न थालेको छ,' उनले भने। वर्षाले धनगढी उपमहानगर र गोदावरी नगर क्षेत्र बढी प्रभावित बनेको जोशीले बताए।

गोदावरीमा करिब साढे चार सय घरधुरी डुवानका कारण प्रभावित बनेका प्रशासनले जनाएको छ। कञ्चनपुरमा पनि कृष्णपुर, बेलौरी, पुनर्वास, लालझाँडीमा पनि भारी वर्षा भएर जनजीवन प्रभावित बनेको थियो। सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी रहेको धनगढीमा अव्यवस्थित सहरीकरण, खोलानाला अतिक्रमण र निकासको व्यवस्था नहुँदा बर्खायाममा डुबानको समस्या बढ्दो छ। अविरल वर्षाका कारण आइतबार मुख्य बजार क्षेत्रसँगै हसनपुर, तारानगर, जाई, शिवनगर, क्याम्पस रोड, मनेहरालगायत क्षेत्रका कयौं बस्ती जलमग्न बनेका थिए।

महाकाली बेसिन फिल्ड कार्यालय अत्तरियाका अनुसार अत्तरिया क्षेत्रमा पछिल्लो २४ घण्टामा २३८.६ मिलिमिटर वर्षा भएको छ। कञ्चनपुरको बेलौरीमा सो अवधिमा २७९.४ मिलिमिटर वर्षा मापन भएको कार्यालयका प्रमुख इन्जिनियर सञ्जय शाहले जानकारी दिए। 'यो अति भारी वर्षा हो। चुरे क्षेत्रमा यति वर्षा भएको भए ठुलो समस्या निम्तिन सक्थ्यो,' उनले भने। बेलुकीबाट वर्षा रोकिएको र थप वर्षा नहुने मौसम पूर्वानुमान रहेको उनले बताए। कार्यालयका अनुसार सुदूरपश्चिमका पहाडी जिल्लामा पनि हल्कादेखि मध्यम वर्षा भएको छ।





लोकतन्त्रको खतरा : 'एकमुखे दलपति'तन्त्र

राजावादी या अन्य कुनै वादीका नाममा देखिएको आक्रोश वर्तमान बेथिति र एकमुखे दलपतितन्त्रविरुद्ध हो, गणतन्त्रको विरोधमा होइन



● मेखराज उदय

अग्रलेख

नेपाली जनताले प्राप्त गरेका महत्त्वपूर्ण उपलब्धि हुन्, संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समावेशिता आदि । यी उपलब्धिको वैधानिक दस्ताबेज नै हाम्रो संविधान हो । संविधान तथा व्यवहारतः नेपाल(अर्ध) धर्मनिरपेक्ष मुलुक हो । संविधान जारी भएको एक दशक पूरा भएको छ । यति छोटो अवधिमा यो व्यवस्थाको मूल मर्ममाथि नै आघात पुग्ने गरी सदन र सडकमा विरोधी शक्तिको प्रहार देखिन थालेको छ । एउटा गम्भीर प्रश्न उठ्न थालेको छ, के लोकतन्त्र खतरामा छ ? यदि छ भने यसका कारण, कारक र आधार के हुन् ? जवाफ खोज्न जरुरी छ ।

प्रश्न त यो पनि कमजोर र औचित्यहीन छैन कि, लोकतन्त्र, गणतन्त्र हुँदा वा नहुँदा मुलुक र जनतालाई के फरक पर्छ ? मुलुकको स्वाधीनता, स्वतन्त्र अस्तित्व, अन्तर्राष्ट्रिय सम्बन्ध, विकास, छिमेक नीति वा समृद्धिमा के असर वा फरक पर्छ ? जनताको न्याय, समानता, रोजगारी, मानवाधिकार, शिक्षा, स्वास्थ्य, जनजीविका, नागरिक हक आदि सवालमा फरक पर्छ या पर्दैन ? खासमा अहिलेसम्म यी प्रश्नमाथि कहीँकतैबाट बहस नउठ्नु-नउठाउनु रहस्यमय एवं त्रुटिपूर्ण छ । आजको शिक्षित युवा पुस्तामाझ यी सवालमाथि खुला र व्यापक छलफल, बहस चलाउनु आवश्यक छ ।

लोकतन्त्र र गैरलोकतन्त्र वा निरंकुश शासन व्यवस्थाबिचको अन्तर के हो ? भारतीय संविधान निर्माता डा. भीमराव अम्बेडकर भन्थे, 'लोकतन्त्र र निरंकुश शासनबिच खास ठुलो अन्तर छैन । जुन व्यवस्थामा कानुनबमोजिम गर्ने, नियमअनुसार चल्नुपर्ने बाध्यता हुन्छ, त्यो निरंकुशता नै हो । फरक के मात्रै हो भने लोकतन्त्रमा मान्दिनँ भन्न पाइँदैन, तर विरोध गर्न पाइन्छ । निरंकुशतामा दुवै पाइँदैन ।' लोकतन्त्र र निरंकुश शासन व्यवस्थाबिच भिनो अन्तर मात्रै छ । अन्ततोगत्वा लोकतन्त्रमा त्यो विरोध गर्ने जमात नै आवधिक निर्वाचनमा निर्णायक शक्ति बन्नेछ । निरंकुशतन्त्रमा शासकको सन्तान (विशेषतः छोरा) नै शासक बन्छ भने लोकतन्त्रमा नागरिक मतद्वारा शासक चुनिन्छन् ।

राजनीतिको पहिलो परम सत्य के हो भने जनताको आवश्यकताले कुनै पनि राज्य/राष्ट्र निर्माण गरिएकै होइन । राजा वा शासकका सत्ता, सम्पत्ति र शक्तिमोहका कारण विभिन्न राज्य गठन, विघटन र एकीकरण गरिएका हुन् । र, अर्को सत्य जनताको जमिन, पृष्ठभूमि र आवश्यकताले कुनै पनि राजनीतिक दल गठन गरिएको इतिहास छैन । हो, नेपाललगायत धेरै मुलुकको लोकतन्त्र, अग्रगमन, विकास, चेतना, वैज्ञानिक उपलब्धि, समानता, न्याय, संवैधानिक हक र शैक्षिक विकासका मूल बाहक राजनीतिक दलहरू नै हुन् । अम्बेडकरलगायतले भन्ने गरेका बोल्न, लेख्न र विरोध गर्न पाउने स्वतन्त्रताको संवाहक निश्चय पनि दलहरू नै हुन् । हाम्रो देशका जति पनि संघर्ष, अग्रगामी परिवर्तन, लोकतन्त्र, गणतन्त्र, स्वतन्त्र न्याय आदिका निम्ति बलिदानी भए, दलहरूकै नेतृत्वमा सम्पन्न एवं सम्भव भए । आजसम्म जेजति उपलब्धि प्राप्त भए ती दलहरूकै कारण सम्भव भयो । अनि विकृति, असफलता, एकल जातिवाद, असमानता, असमावेशिता, न्यायमाथिको भरोसाहीनता, निराशा, अविकास आदिको दोषी पनि निःसन्देह यिनै राजनीतिक दल नै हुन् ।

खासमा दलहरूको गठन वा निर्माणको जमिन र आधार पनि भुइँतहका जनतासँग जोडिएको छैन । एकल जातिवाद, जातीय सर्वोच्चता, राज्यसत्ता, शक्ति र सम्पत्ति सीमित जाति, समुदायको हितमा प्रयोग गरिँदै आएको छ । यस्तो विकृत राजनीतिको छाया नेपालको शासन, प्रशासन, संसद्, न्यायालय, सुरक्षा निकाय, मिडिया र निजी क्षेत्रसमेत गहिरो ढंगबाट प्रभावित भएका छन् । योग्यता, क्षमताभन्दा धेरै जात, धर्म, क्षेत्र, समुदाय हेरिन्छ । मुलुकको तरक्की, जनताको समग्र विकास हुन नसक्नुका प्रमुख कारण र आधार यिनै हुन् ।अब नेपालको युगान्तकारी परिवर्तन सम्भव बनाउन ऐतिहासिक नेतृत्व प्रदान गरेका प्रमुख राजनीतिक दलका मूल चरित्रबारे छोटो चर्चा गरौँ ।

नेपाली कांग्रेस मुलुकको सबैभन्दा पुरानो र ठुलो लोकतन्त्रवादी दल हो । यसका सुरुवाती कालदेखि नै दुईवटा विरोधाभाषपूर्ण चरित्र थिए र अद्यापि जीवितै छन् । पहिलो, कांग्रेसमा प्रत्यक्ष निर्वाचित कार्यकारी (सभापति) प्रमुख रहने व्यवस्था छ । त्यसको ठिकविपरीत मुलुकको शासन व्यवस्था भने संसदीय लोकतन्त्रको आजीवन पक्षधर हो, कांग्रेस । दोस्रो विरोधाभाष, 'फ्रिडम फर डिस्कसन, युनाइट फर एक्सन', अर्थात् छलफल वा बहसमा स्वतन्त्रता र कार्यमा एकता कांग्रेसको मूल नीति हो । छलफलमा विभिन्न व्यक्तिको फरक मत वा धारणा रहन सक्ने हुनाले बैठकमा राख्न बन्देज हुँदैन, तथापि दलको निर्णय जे आउँछ, त्यो भने सबैले मान्नुपर्ने सिद्धान्त हो, यो । खासमा यस्तो नीति मार्क्सवादीले अवलम्बन गर्छन् ।



कांग्रेसको ०६७ असोज १-५ मा सम्पन्न १२औँ महाधिवेशनबाट सुशील कोइराला सभापतिमा निर्वाचित भएका थिए । त्यसअघि सभापति र केन्द्रीय सदस्य मात्रै महाधिवेशनले निर्वाचित गर्ने तथा उपसभापति, महामन्त्री आदि पदाधिकारी भने पछि सभापतिले आफूअनुकूल मनोनीत गर्ने परम्परा हटाई दुईमध्ये एक महामन्त्री महाधिवेशनबाट निर्वाचित गर्ने नयाँ प्रावधान व्यवहारमा ल्याइयो । हाल भने कांग्रेसका सभापति, उपभापति दुईजना, महामन्त्री दुईजना र सहमहामन्त्री आठजना महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित गरिने व्यवस्था छ । तथापि, पदाधिकारीको निर्वाचन विधि र संख्या फेरिएको भए पनि कांग्रेसमा सभापति र उनका विश्वासपात्रकै इच्छाबमोजिम निर्णय गरिने र महामन्त्रीजस्तो कार्यकारी पद भए पनि सभापतिले दिने जिम्मेवारीमा मात्रै भर पर्नुपर्ने बाध्यता यथावत् छँदै छ । विधि र विधानसम्मत सामूहिक निर्णय गर्ने पूर्ण लोकतान्त्रिक दल बन्न अझै सकेको छैन, कांग्रेस । वर्तमान एमालेसँगको सत्तागठबन्धनमा सभापति शेरबहादुर देउवा र उनको परिवारको चाल र निरीह पदाधिकारीको शून्य भूमिकाजस्ता ताजा घटनाले कांग्रेसको आन्तरिक लोकतन्त्रको खडेरी स्पष्ट देखिन्छ । अन्य दलका प्रमुखजस्तो सभापति देउवा धेरै बोल्दैनन्, तथापि उनको एकल निर्णय नै कांग्रेसको अन्तिम सत्य बन्छ ।

> पार्टीप्रमुख र उनका विश्वासपात्रकै इच्छाबमोजिम निर्णय गरिने र जस्तोसुकै कार्यकारी पद भए पनि पार्टीप्रमुखले दिने जिम्मेवारीमा मात्रै भर पर्नुपर्ने बाध्यतालाले गर्दा दलप्रतिको विश्वास कमजोर हुँदै गएको छ

कांग्रेसको लोकतान्त्रिक छवि र दाबी एकमुखे दलपतितन्त्रको प्रभावमुक्त बन्न सकेको छैन ।

दोस्रो दल हो, एमाले । विगतमा एमालेले लोकतान्त्रिक विधि अपनाउने गरेको भए पनि केपी शर्मा ओली यसको अध्यक्ष चुनिएदेखि ती विधि, विधान फाजिलमा पर्न थालेको हो । आफ्ना सम्भावित प्रतिद्वन्द्वी र प्रतिस्पर्धी शून्य बनाएका ओलीको एकल निर्णय स्विकार्न एमालेजन बाध्य छन् । अनुकूलताका लागि संसदीय मर्यादा र लोकतन्त्रको दुहाइ दिने एमाले र अध्यक्ष ओली व्यवहारतः कम्युनिस्टको जड सिद्धान्त 'जनवादी केन्द्रीयता' लाद्न उद्यत् देखिन्छन् । एमालेमा जम्बो पदाधिकारी, प्रवक्ता आदि पदाधिकारी पदासीन रहे पनि अध्यक्षको निर्णय र उनले के बोल्छन् भन्नेबाहेक अन्यको खास महत्त्व राखिँदैन । एकमुखे दलपतितन्त्रको ठुलो उदाहरण हो, वर्तमान एमाले नेतृत्व ।

मुलुकको तेस्रो दल माओवादीमा तीन दशकभन्दा बढी समयदेखि अध्यक्ष पुष्पकमल दाहालको एकल नेतृत्व निरन्तर छ । अध्यक्ष ओलीजस्तै दाहालले पनि बेलैमा आफ्ना सम्भावित प्रतिस्पर्धी साथीको बहिर्गमन गराएर आफूलाई आजीवन सुरक्षित गराएका छन् । दल जत्रो भए पनि माओवादी पनि एकमुखे दलपतितन्त्रको सिकार बन्दै आएको छ । वर्तमान नागरिक निराशा तोड्न यी त दलका एकमुखे दलपतिले पार्टीको कार्यकारी तथा सरकारको नेतृत्वको आकांक्षा परित्याग गरेको घोषणा गर्ने उपयुक्त समय आएको छ । यति सानो उदारता देखाउने हो भने मुलुकमा नागरिक निराशाको पारो घट्ने निश्चित छ ।

अन्त्यमा, राजावादी युवासँगको एक सामान्य वार्तालापको प्रसंग जोडौँ । राजावादी आन्दोलन चर्किँदै गरेको एक बिहान कालिकोटका एक युवा काठमाडौंको कपाल काट्ने सैलुनमा भेटिए । शाही थरका ती युवा भन्दै थिए, योभन्दा त राजा आएकै ठिक । उमेरले २२ वर्ष कटेका ती युवाले राजतन्त्र भोग्न पाएनन् । हामीले बुझ्नुपर्छ, उनको आक्रोश वर्तमान बेथितिको विरुद्ध हो, तथापि त्यसको विकल्प राजतन्त्र हुन सक्दैन ।

प्रसंगवश कालिकोट, जुम्ला, मुगु, हुम्ला आदि कर्णाली प्रदेशमा विद्यमान निकृष्ट जातीय र लैंगिक विभेदको प्रसंगको घटना बताऔँ । कालिकोटका धेरै ठाउँमा असार, साउनको झरीमा दलित समुदायको व्यक्ति कथित उच्च जातिको कुनै व्यक्तिको अघि-अघि हिँड्न वा यात्रा गर्न वर्जित छ । त्यहाँको मान्यताबमोजिम दलित (अछुत) अघि-अघि हिँड्दा पानी छोइन्छ, अछुतले छोएको पानीभन्दा पछाडि हिँड्ने उच्च जातिको व्यक्तिले छुने हुँदा, वर्जित गरिएको मान्यता रहेछ । त्यस्तै छ, मुगुको अर्को कारुणिक घटना । खेतीपातीको याममा पहिले कथित उच्च जातिको खेतबारीको काम सकाएर मात्रै दलितले आफ्नो खेतीपाती लगाउन पाउँछन् ।

खेतमा काम गर्ने क्रममा दलित, गैरदलित एउटै आली (खेतको डिल) मा बसेर खाजा, नास्ता भोजन गर्न पाइँदैन । एउटै खेतको आली जोडिने हुनाले छोइन्छ भन्ने मान्यता छ । त्यस्तै रजस्वालाका बखत छोरीचेलीले बेग्लै छाउगोठ वा गाईभैंसीको गोठमा सुत्नुपर्ने बाध्यता छँदै छ । मैले ती युवालाई भनेँ, तपाईंको क्षेत्रको हाल यो छ । मानव स्वभाव अग्रगमनतर्फ पो अघि बढ्ने हुन्छ, अझै राजा ठिक ? ती युवासँग कुनै जवाफ थिएन । लोकतन्त्र राजावादीबाट भन्दा एकमुखे दलपतितन्त्रबाट खतरामा छ । मुलुकलाई उनीहरूबाट मुक्त गरौँ ।

@mekhrajuday

३ प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टीको कानुन विभाग प्रमुख तथा सांसद **सोविता गौतम**लाई



भिजिट भिसामा ठगिने युवाका कस्ताकस्ता निवेदन आएका छन् ?

हामीकहाँ झन्डै तीन हजारजति निवेदन आएका छन् । अझै आउने क्रम जारी नै छ । हामी सबै साथीहरू र च्यानलमार्फत आएका निवेदनलाई एकीकृत गर्दै छौं । तीमध्ये कतिपयचाहिँ एकभन्दा बढीतिर एकसाथ आएका पनि छन् । अधिकांश निवेदनमा पैसा दिएको, जान नपाएको, पैसा बुझाएको कुनै बिल या रिसिप्ट नपाएको, विदेश गएर पनि यहाँ भनिएजस्तो काम नपाएको, अलपत्र परेकोजस्तो अनेकौं समस्याबारे गुनासा आएका छन् । कतिपयलाई चाहिँ एनआरएनहरूले आफ्ना कम्पनी या व्यवसायका लागि कामदार भिसामा बोलाए पनि उता पुगेपछि त्यहाँ पनि श्रम शोषणमा पर्नुपरेका गुनासा पनि आएका छन् । कतिपय निवेदकलाई हामीले वैदेशिक रोजगार विभागमा उजुरी गर्न सुझाएका छौं । उहाँहरूले पहिल्यै उजुरी गरेको तर विभागका तर्फबाट 'रेस्पोन्स' नभएको गुनासो गर्नुभएको छ ।

निवेदन मात्र आएका छन् कि भरपर्दा प्रमाण पनि छन् ?

निवेदनसँगै प्रमाण कति आएका छन्, त्यसबारे हामी हेर्दै छौं । तर, यस्ता अधिकांश ठगीमा पीडितसित कुनै भरपर्दो प्रमाण हुँदैन । उनीहरूले चेक या बैंक ट्रान्सफमार्फत पैसा बुझाएका हुँदैनन् । सबैले नगद नै बुझाएको र त्यसको कुनै बिल या रिसिप्ट नपाएको गुनासो गर्नुभएको छ । उहाँहरूसित बढीमा भ्वाइस रेकर्डिङ, मोबाइल च्याटिङ आदि मात्र छन् । त्यस्ता प्रमाणचाहिँ पीडितहरूले पठाउनुभएको छ ।

यति धेरै निवेदनलाई अब के गर्नुहुन्छ ?

खासमा हामी यी निवेदनको समेत प्रेसरले उच्च न्यायिक समिति गठन हुनुपर्छ भन्नेमा अडिग छौं । हामी यस्ता ठगीका घटनामा कारबाही मात्र होइन, नीतिगत समाधानको बाटो खोजिनुपर्छ भन्नेमा छौं । दीर्घकालीन समाधानका लागि नीतिगत उपाय खोजिएन भने केही व्यक्ति या म्यानपावरलाई कारबाही गर्दैमा यो ठगी रोकिनेवाला छैन । त्यसैले, यसका लागि प्रस्ट र व्यवस्थित नीतिगत व्यवस्था जरुरी छ ।

प्रेरक प्रसंग

'केएफसी'को कथा

अमेरिकाको केन्टुकी राज्यको एक सानो घरमा एक वृद्ध बस्थे । उनी प्रत्येक साता आउने ९९ डलरको सामाजिक सुरक्षा रकमबाट आफ्नो जीवन चलाइरहेका थिए । दिनहरू यथावत् बित्दै थिए । ६५ वर्षको उमेरमा पुगेपछि उनलाई अवस्थामा केही परिवर्तन ल्याउनुपर्छ भन्ने लाग्यो । परिवर्तन त ल्याउने तर कसरी ? उनी कुखुराको मासु निकै मिठो स्वादमा तयार गर्थे । उनका साथीहरूले उनलाई आफ्नो सोही सीपमार्फत जीवनमा परिवर्तन ल्याउन सल्लाह दिए । उनलाई पनि साथीहरूको सुझाब ठिक लाग्यो । आफ्नो सिप बेच्न उनले केन्टुकी छाडे । नयाँ-नयाँ राज्यका सहरमा पुगेर उनले त्यहाँका नामी रेस्टुरेन्ट मालिकलाई आफ्नो सिपबारे बताए । सबैलाई आफ्नो विशेष स्वाद चखाए पनि । तर, कसैले पनि उनको स्वाद प्रयोग गरेबापत त्यसबाट आउने कमाइको सानो हिस्सा दिन चाहेनन् । कोसिस गर्दै जाँदा उनले हजारपटकभन्दा बढी 'माफ गर्नुहोस्, हामीलाई यसको आवश्यकता छैन' भन्ने जवाफ पाए । तैपनि, उनी निराश भएनन् । उनलाई आफ्नो सिप र क्षमतामाथि पूरापूर विश्वास थियो । त्यसैले, उनले आफ्नो प्रयास जारी राखे ।



अन्ततः एक हजार नवौँपटकमा उनको प्रस्तावमा कसैले सहमति जनाए । उनको सिप बिक्ने भयो । एक रेस्टुरेन्ट मालिकले उनको स्वादको तारिफ गर्दै भने- हुन्छ, हामी सहकार्य गर्न सक्छौं । त्यसका लागि म तयार छु ।

यसरी जीवनको वृद्धावस्थामा हरेस नखाई, निराश नभई लगातार आफ्नो सीप प्रवर्द्धनका लागि दौडधुप गर्ने वृद्ध थिए- कर्नेल हार्टल्यान्ड डेभिड स्यान्डर्स ।

उनैको अथक विश्वास, परिश्रम, सीप तथा कहिल्यै हार नमान्ने र निराश नहुने स्वभावका कारण जन्मिएको थियो- विश्वप्रसिद्ध 'केन्टुकी फ्राइड चिकेन' अर्थात् 'केएफसी' ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

वडाध्यक्षलाई कारबाही गर

विदेशबाट एउटी महिलाका श्रीमान्ले आफ्नो आलोचना गरेको झोकमा वडाध्यक्षले सेवाग्राहीलाई 'नैतिक कारबाही'स्वरूप सिफारिस नदिएको समाचार सुन्दा अचम्म लाग्यो । देशमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम छ । के यो शासनमा कुनै जनप्रतिनिधिको कामको आलोचना गर्न पाइँदैन हो ? कसैले गलत गरेको अवस्थामा उसको आलोचना गर्नकै लागि त लोकतन्त्र चाहिएको होइन र ? नत्र त हिजोको राणाशासन या पञ्चायत व्यवस्था नै कामय राख्दा पनि के नै फरक पर्थ्यो र ? त्यसैले, यसरी आफूलाई आलोचना गरेको भनेर सेवाग्राहीलाई सेवा नदिने खोटाङको ऐसेलुखर्क-२ का वडाध्यक्ष नन्दकुमार तामाङलाई तत्काल कारबाही गरियोस् र पीडित महिलाले चाहेको सिफारिस तत्काल दिलाइयोस् ।

● **अर्जुन कुमाल**, बागबजार, काठमाडौं

कुलिङ पिरियडको व्यवस्था नहटाइयोस्

आइतबार प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा पुगेको संघीय निजामती सेवा विधेयकमा कुलिङ परियडसम्बन्धी प्रावधान हटाएको खबर प्राप्त भएको छ । अबका दिनमा राष्ट्रिय सभाबाट पारित गर्ने क्रममा यी प्रावधानलाई सच्याएर पारित गर्नुपर्छ, तिनलाई स्वार्थ समूहको प्रभावमा जस्ताको तस्तै पारित गर्ने प्रयास नगरियोस् । यसको सबैभन्दा महत्त्वपूर्ण प्रावधान कुलिङ पिरियड हो । यसलाई कुनै हालतमा नहटाइयोस् । त्यसैगरी, पेन्सन र दोहोरो सुविधा लिन नपाइने व्यवस्था पनि निकै राम्रो छ । त्यसैले यसमा समेटिएका सबै प्रावधान यथावत् रहून् ।

● **निरञ्जन पौडेल**
बल्खु, काठमाडौं

रकम परिचालन गर

'बैंकमा थुप्रियो साढे आठ खर्ब' शीर्षकको समाचार पढियो । बैंकमा यति धेरै लगानयोग्य रकम थुप्रिँदा पनि देशमा लगानीयोग्य वातावरण बनाउनेतर्फ जिम्मेवार कसैको पनि ध्यान नजानु गम्भीर चिन्ताको विषय हो । एकातिर बैंकहरूले अधिक तरलताको सामना गरिरहेका छन् भने अर्कातिर देशमा लगानीयोग्य वातावरण निर्माण हुन सकिरहेको छैन । यस्तो अवस्थामा सरकारले सहज नीति ल्याएर लगानीका लागि उपयुक्त वातावरण निर्माणमा ध्यान दिनुपर्ने हो । तर, सरकारको ध्यान यसतर्फ जान नसक्नु दुःखद छ ।

● **सचेन मुडभरी**
गठ्ठाघर, भक्तपुर

भण्डारीलाई शंकाको सुविधा

पूर्वराष्ट्रपतिबाट आफ्नो सम्पूर्ण सुविधा त्यागेर पुनः सक्रिय राजनीतिक यात्रा थालनी गर्ने सोचका साथ विद्यादेवी भण्डारी एमालेमै फर्किनुभएको छ । भण्डारीको परिचय नेपाली जनमानसमा दिइरहन पर्दैन । विगतमा उनले काठमाडौं-२ बाट अत्यधिक मतले जितेकी थिइन् । उनी राजनीतिमा फर्किन हुन्छ र हुँदैन भन्नेहरूको मत विभाजित देखिन्छ । व्यक्ति स्वतन्त्र छ, उसले म नेपाली राजनीतिमा आएर देश र जनताका लागि केही गर्छु भन्दा एमालेका केही नेतालाई किन आपत्ति भयो, थाहा भएन ।

सक्रिय राजनीतिमा फर्केकी विद्यादेवी भण्डारीसामु धेरै चुनौती छन् । पार्टी अध्यक्षको रबैयाले धेरै व्यक्तिले एमाले परित्याग गरेका छन् । कम्युनिस्टभित्रै पनि उनको छवि त्यति धेरै सकारात्मक छैन । उनलाई विश्वास गर्न माओवादी, समाजवादी र अन्य कम्युनिस्ट घटक कति तयार छन्, भविष्यले नै बताउला । म सधैं पावरमै बस्नुपर्छ, मेरो सिद्धान्त र मविपरीत कोही जान्छ भने त्यसलाई पाखा लगाइन्छ भन्ने सोचले अब पार्टी अघि बढ्न सक्दैन । अबका दिनमा भण्डारीले पार्टी अध्यक्ष ओलीको सामना कसरी गर्छिन्, त्यो हेर्न बाँकी नै छ । उनलाई पटक-पटक सत्तामा पुग्दा पनि मदन भण्डारीका हत्यारा पत्ता नलगाएको, सत्ताको वरिपरि रमाएको भन्ने जनताको आरोप छ । उनले त्यसलाई कसरी चिर्छिन्, त्यो पनि हेर्न बाँकी नै छ । त्यसैले, तत्कालका लागि उनलाई राजनीतिमा स्वागत गरेर शंकाको सुविधा दिँदा फरक पर्दैन ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सेनालाई व्यक्तिगत सिपाही बनाउन उद्यत ट्रम्प

ट्रम्प सेनालाई आफ्नो निजी अर्धसैनिक शक्तिजस्तो बनाउने र अमेरिकी गणतन्त्रलाई फासीवादी शासनमा रूपान्तरण गर्ने चाहनामा छन्



देश / विदेश

● तिमोथी स्नाइडर

अधिनायकवादी सत्ताको स्थायित्व सुरक्षा बलको निष्ठामाथि निर्भर हुन्छ भन्ने सर्वमान्य तथ्यलाई राष्ट्रपति ट्रम्पले ह्वाइट हाउस फर्किएपछि गम्भीरतापूर्वक लिएका छन् । उनका रक्षामन्त्री पिट हेगसेथले नियुक्तिपछि शीर्ष सैन्य अधिकारीलाई बर्खास्त गरे र चारतारे जर्नेलमा २० प्रतिशत र तल्लो तहमा १० प्रतिशत कटौतीको आदेश दिएका थिए । तर, ट्रम्पको सेनाबारेको दृष्टिकोण सबैभन्दा प्रस्ट रूपमा उनले एक कन्फेडरेट जेनरल (हालको अमेरिका बन्नुपूर्वका अमेरिकी राज्यका जेनरल) का नाममा रहेको सैन्य अड्डामा दिएको भाषणबाट देखिन्छ ।

सो भाषणमा उनले न आजको विश्व, न चीन वा युक्रेनबारे केही बोले, न त संविधानका मौलिक अधिकार वा लोकतन्त्रको चर्चा गरे । बरु उनले सैन्य इतिहासलाई आफ्नो व्यक्तिपूजाको औजार बनाए, वीरता र बलिदानलाई आफ्नै सत्ताको औचित्य साबित गर्न प्रयोग गरे । सैन्य गौरवलाई यस्तो तमासामा रूपान्तरण गरियो, जहाँ नेताले जे अर्थ चाह्यो, त्यही थोपर्ने अधिकार राख्थे । यही फासीवादी सिद्धान्तलाई ट्रम्पले राम्ररी बुझेका छन् । अर्थात्, राजनीति त्यस्तो संघर्ष हो, जसले शत्रु परिभाषित गर्छ र सत्तामा टिकिरहन्छ । इतिहासका फासीवादीसँग बाह्य र आन्तरिक दुस्मन हुन्थे तर ट्रम्पका लागि दुस्मन केवल अमेरिकाभित्र छन् । त्यसैले, उनले इजरायल-इरान आक्रमणपछि छिट्टै 'विजय' र युद्धविराम घोषणा गरे । विश्व उनका लागि ठुलो छ र सेना अमेरिकीलाई नियन्त्रण गर्नका निम्ति हो ।

सन् २०२५ मा अवैध आप्रवासीलाई पक्राउ गर्ने कार्यलाई ट्रम्पले अघिल्ला युद्धवीरसँग तुलना गरेर सेनालाई आफ्नै नागरिकमाथि गरिने कारबाहीलाई 'वीरता' मान्न सिकाउने प्रयास गरे । बंकरमा हाम्फाल्नु र निहत्था नागरिकलाई डर देखाउनु फरक हो । वास्तवमा ट्रम्पको उद्देश्य सेनालाई घरेलु दमनको औजार बनाउनु हो । उनको भाषणमा उनले आफूलाई राष्ट्रपतिभन्दा माथि प्रस्तुत गरे । उनले पूर्वराष्ट्रपति बाइडेनको समेत मजाक उडाए र सेनालाई संविधान नभई व्यक्तिप्रति निष्ठावान् बन्न प्रेरित गरे । यस्तो दृष्टिकोण चुनाव नभई ट्रम्पको व्यक्तिगत करिस्मा वा 'दैवी अधिकार'मा आधारित देखिन्छ । उनी ट्रम्प हुन् र अमेरिकी सेनाले उनलाई मान्नुको कारण केवल यति नै हो ।

धेरै अमेरिकीहरू सेना रक्षाका लागि हो न कि आक्रमणका लागि भन्नेमा विश्वास गर्छन् । तर, ट्रम्पले सेनालाई आफ्नै नागरिक र पत्रकारको उपहास गर्न उक्साएका छन् र समाज वा कानुनको कुनै अर्थ छैन भन्ने सिकाएका छन् । उनले आफू मात्र महत्त्वपूर्ण भएको सन्देश दिन 'हामी तपाईंहरूको तलबवृद्धि गरिरहेका छौं भने जुन वास्तवमा तानाशाही शैली हो । अमेरिकामा अहिले विकृतिले भरिएको सत्ता परिवर्तनको प्रयास भइरहेको छ । यसमा ऐतिहासिक पक्ष छ, अर्थात् रोबर्ट इ लीजस्ता दासप्रथा जोगाउनुपर्छ भन्ने गद्दारको जयगान छ । यति मात्रै होइन, यसमा फासीवादी पक्ष छ, जहाँ नेतृत्वलाई सबै छुट हुन्छ । यसबाहेक यसमा संस्थागत पक्ष छ, जहाँ सेनालाई लोकतन्त्रको पतन गराउने औजार बनाउनुरहेको छ, जसले अमेरिकाभित्रै 'शत्रु'लाई दमन गर्नेछ । कन्फिडिरेट समारोहमा ट्रम्पले आप्रवासनलाई 'अतिक्रमण' भन्नु आफ्ना नीतिलाई विदेशी युद्धसरह देखाउने रणनीति हो, जसको उद्देश्य सेनाको भूमिका परिवर्तन गर्नु हो । यस्तो दृष्टिकोणले असहमत नागरिकलाई दुस्मनका रूपमा चित्रित गर्छ । ट्रम्पले क्यालिफोर्नियाका निर्वाचित नेतालाई 'अपराधीका साझेदार' भनेका थिए ।



तस्बिर : एना मनिमेकर/गेटी इमेजेस

अमेरिकी सेना विविध र समावेशी संरचना भएको संस्था हो । अमेरिकी सेना विशेषतः अफ्रिकन-अमेरिकी र गैरनागरिकमाथि निर्भर छ । यसलाई नेतापूजामा बदल्ने वा आप्रवासीमाथि दमनको औजार बनाउने प्रयासले सैनिकभित्र मतभेद निम्त्याउनेछ र यदि सेना आफ्नै नागरिकविरुद्ध प्रयोग भयो भने यसको प्रतिष्ठामा गम्भीर चोट पुग्नेछ । त्यसमाथि विदेशी उक्साहटको जोखिम पनि रहन्छ । ट्रम्प यस्ता अवस्थाको फाइदा उठाउन चाहन्छन् । उनी सेना आफ्नो निजी अर्धसैनिक शक्तिजस्तो बनाउने, इतिहासका लाजमर्दा क्षणलाई गौरवमा बदल्ने र गणतन्त्रलाई यस्तो फासीवादी शासनमा रूपान्तरण गर्ने चाहनामा छन्, जहाँ उनको इच्छा नै अन्तिम कानुन होस् ।

प्रश्न उठ्छ, अमेरिकी सेना वास्तवमा के चाहन्छ ? ट्रम्पको सम्बोधन एक योजनाबद्ध कार्यक्रम थियो, जहाँ सहभागीलाई उनीहरूको राजनीतिक विचारधारा र शारीरिक हाउभाउका आधारमा छानिएको थियो । यद्यपि, चार दिनपछि वासिंटनमा सेनाको दुई सय ५० औँ वार्षिकोत्सव र ट्रम्पको जन्मदिनमा आयोजित सैनिक परेडलाई धेरैले असफल प्रयासका रूपमा व्याख्या गरेका थिए । करिब ६ हजार ६ सय सैनिक लडाइँ पोसाकमा सहभागी भए पनि उनीहरू मार्च पास नगरी सामान्य रूपमा हिँडेका थिए र दर्शकसंख्या पनि अत्यन्त न्यून थियो । सैन्य गौरवको तमासाका हिसाबले हेर्दा त्यो न प्योङयाङजस्तो थियो, न त रेड स्क्वायरजस्तो ।

म त्यहाँ थिइनँ । तर, म ती कम्तीमा ४० लाखमध्ये एक थिएँ, जो त्यसै दिन अमेरिकाभरिका झन्डै दुई हजार एक सय सहरमा आयोजित 'नो किङ्स' नामक ट्रम्पविरोधी प्रदर्शनमा सहभागी थिए । त्यो अमेरिकी इतिहासकै सबैभन्दा ठुलो एकदिने राजनीतिक विरोध प्रदर्शन थियो, जसले ट्रम्पको परेडलाई सहभागिताको दृष्टिले धेरै माथि उचालेको थियो । र, यसले लोकतन्त्र केवल त्यहीँ रहन्छ, जहाँ जनता हुन्छन् भन्ने प्रमाणित गऱ्यो । वास्तवमा जनता केवल त्यतिबेला अस्तित्वमा आउँछन्, जब व्यक्ति एक-अर्काको अस्तित्वप्रति सजग हुन्छन् र सामूहिक रूपमा केही गर्ने आवश्यकतालाई महसुस गर्छन् । यही सामूहिक चेतना ट्रम्पको सबैभन्दा ठुलो चुनौती हो ।

(स्नाइडर अमेरिकी इतिहासकार एवं लेखक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नेटोको खर्च वृद्धिले सदस्य देशमाथि नै निम्त्याउन सक्छ खतरा

नेटोको रक्षा खर्च बढ्दा रकम नयाँ स्रोतबाट आउने होइन । त्यो त सामाजिक र वातावरणीय खर्चका लागि छुट्याइने बजेटबाट रकमान्तर गरिने हो । त्यसैले खर्च वृद्धिले जनकल्याण र जलवायु संकटलाई अझ खराब बनाउनेछ ।

नेटोको सदस्य राष्ट्रका सरकार प्रमुखहरूले यो हप्ता आफ्ना देशको रक्षा खर्च सन् २०३५ सम्ममा देशको 'कुल गार्हस्थ्य उत्पादन (जिडिपी)'को ५ प्रतिशत पुऱ्याउन सहमति जनाए । नेटो महासचिव मार्क रुटले यस सहमतिलाई नेटो सदस्य राष्ट्रका एक अर्ब जनताको 'स्वतन्त्रता र सुरक्षा' ग्यारेन्टी गर्ने 'क्वान्टम छलाङ'को संज्ञा दिए । निश्चित रूपमा यसलाई सैन्यीकरणतर्फ उल्लेख्य छलाङ मान्न सकिन्छ । तर, के यसले रुटले भनेजस्तै साँच्चै सुरक्षा प्रदान गर्छ त ? र, सुरक्षा बढ्यो भने कसको सुरक्षा बढ्नेछ ?

पहिले व्यावहारिक पक्षमा जाऔँ । रक्षा खर्च जिडिपीको ५ प्रतिशत पुऱ्याउनुपर्ने विषय यति चर्कोसँग उठ्यो कि अधिकांश नेटो सदस्यहरूले यसअघिको लक्ष्य (रक्षा खर्च जिडिपीको २ प्रतिशत पुऱ्याउने) हासिल गर्न संघर्ष गरेको तथ्य ओझेलमा पऱ्यो । नेटोका सदस्यहरूले सन् २००२ मा आफ्नो रक्षा खर्च देशको जिडिपीको २ प्रतिशत बनाउने प्रतिबद्धता जनाएका थिए । तर, २०२१ सम्म आइपुग्दासम्म जम्मा ६ सदस्यले मात्र यो लक्ष्य हासिल गरेका थिए । दबाबपछि तीन वर्षभित्रै यो लक्ष्य हासिल गर्ने सदस्यको संख्या २३ पुग्यो । र, हाल सबै ३२ सदस्यले यसै वर्षको २०२५ अन्त्यसम्ममा जिडिपीको २ प्रतिशत सुरक्षा खर्चको लक्ष्य पूरा गर्ने अपेक्षा गरिएको छ ।

उल्लेखित पृष्ठभूमिमा नेटो सदस्यहरूले आफ्नो सैन्य खर्च दोब्बरभन्दा बढी अर्थात् जिडिपीको ५ प्रतिशतमा पुऱ्याउने प्रतिबद्धता जनाएका छन् । यो लक्ष्य पूरा गर्न खर्चको हिसाबमा केही रचनात्मकता भिऱ्याइएको छ । खर्च बढाउन माग गर्दै आएका राष्ट्रपति ट्रम्पलाई खुसी पार्न ५ प्रतिशत सैन्य खर्च गर्ने वाचा त गरियो । तर, पाँच प्रतिशतमध्ये १.५ प्रतिशत खर्च भने सैन्य पूर्वाधारमा खर्च गरिने भनिएको छ । पछि गएर यो खर्चमा नागरिक क्षेत्रका पूर्वमाथिको खर्च समावेश पनि जोड्ने सम्भावना देखिन्छ । यस तथ्यको बाबजुद पछिल्लो खर्च वृद्धिले आगामी दशक उच्च सैन्यीकरणको दशक हुने कुरातर्फ संकेत गर्छ ।

गत वर्ष, नेटोले आफ्नो सेनामा १५०० अर्ब डलर खर्च गऱ्यो, जुन विश्वव्यापी सैन्य खर्चको आधाभन्दा बढी थियो । यदि सदस्य राष्ट्रहरूले सन् २०३० सम्ममा रक्षा खर्च ३.५ प्रतिशतको लक्ष्यमा पुऱ्याए भने वित्तीय रूपमा त्यो १३,४०० अर्ब डलर हुन आउँछ, जुन निकै ठुलो रकम हो । यति रकमलाई एक-एक डलरको नोट गड्डी बनाएर मिलाएर राखियो नोटको चारवटा पिलर (चाङ) चन्द्रमासम्म पुऱ्याउन सकिन्छ । अर्को तरिकाले भन्दा त्यति रकम पृथ्वीमा हाल जीवित मानिसहरूलाई बाँड्ने हो भने प्रत्येकको भागमा १,६७४ डलर नगद पर्छ ।

नेटोको रक्षा खर्च बढ्दा रकम नयाँ स्रोतबाट आउने होइन । त्यो त सामाजिक र वातावरणीय खर्चका लागि छुट्याइने बजेटबाट रकमान्तर गरिने हो । यो वृद्धिको खबर त्यो वेला सार्वजनिक भएको छ, जब ३० प्रतिशत युरोपेली नागरिकहरू आमजनजीवन चलाउन कठिनाइ भएको बताइरहेका छन् । जलवायु वैज्ञानिकहरूले विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमै सीमित राख्ने लक्ष्य हासिल गर्न दुई वर्ष मात्र बाँकी रहेको बताइरहेका छन् ।

नेटो सदस्यमध्ये ५ प्रतिशत खर्च वृद्धिविरुद्ध उभिने एक मात्र नेता स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेज रहे । उनले यो महँगो सौदाबारेमा इमानदारिताका साथ भनेका थिए- 'यदि हामीले रक्षा खर्च ५ प्रतिशत पुऱ्याउने लक्ष स्वीकार गर्यौं भने स्पेनले सन् २०३५ सम्ममा रक्षामा अतिरिक्त ३०० अर्ब युरो खर्च गर्नुपर्ने हुन्छ । यति ठुलो रकम कहाँबाट आउँछ त ? अहिले त्यसका लागि एक मात्र स्रोत त स्वास्थ्य र शिक्षामाथिको खर्च कटौती नै देखिन्छ ।'

विश्वका कैयौं देशले यसअघि नै सामाजिक र वातावरणीय खर्चमा कटौतीको सामना गरिरहेका छन् । फेब्रुअरीमा, बेलायतले सैन्य खर्च वृद्धिका लागि आफ्नो अनुदान बजेटलाई जिडिपीको ०.३ प्रतिशतमा घटाउने घोषणा गऱ्यो । जबकि एक वर्षअघि चुनाव जित्दा लेबरले अन्तर्राष्ट्रिय सहायता बढाउने प्रतिबद्धता गरेको थियो । बेल्जियम, नेदरल्यान्ड्स र फ्रान्सले पनि बेलायतलाई पछ्याउँदै २५ देखि ३७ प्रतिशतसम्म सहायता कटौतीको घोषणा गरे ।

ट्रम्पको नेतृत्वमा संयुक्त राज्य अमेरिकाले रक्षा खर्च इतिहासकै उच्च अर्थात १००० अर्ब डलर कायम गरेको छ । यो खर्च पुऱ्याउन उसले आफ्नो विदेशी सहायता र जलवायु कार्यक्रममा भारी कटौती गरेको छ भने स्वास्थ्य सेवा कोष पनि घटाएको छ । युरोपेली ट्रेड युनियन कन्फेडेरेसन (इटियुसी)को निष्कर्षअनुसार अधिकांश युरोपेली नेटो सदस्यले बजेट कटौती नगरी, कर नबढाई वा वित्तीय नियम परिवर्तन नगरी रक्षा खर्च जिडिपीको ३.५ प्रतिशत पुऱ्याउन असमर्थ हुनेछन् ।

नेटोको खर्च वृद्धिले सामाजिक क्षेत्रको मात्र बजेट स्थानान्तरण हुनेछैन, यसले जलवायु संकटविरुद्धको संघर्षलाई थप कठिन बनाउनेछ । विश्वको सबैभन्दा ठुलो कार्बन प्रदूषकमध्ये एक रहेको गठबन्धनको खर्च वृद्धि पछि थपिने युद्धक विमान, तोप र मिसाइलहरूले कार्बन उत्सर्जन बढाउने निश्चित छ । सीमित तथ्यांकका कारण सैन्य क्षेत्रले उत्सर्जन गर्ने कार्बन पहिल्याउन कठिन छ । तथापि, एउटा रिपोर्टको अनुमानअनुसार नेटो सदस्यले रक्षा खर्च तिनको जिडिपीको खर्चको ३.५ प्रतिशत बनाए भने सन् २०३० सम्ममा २३३ करोड मेट्रिकटन हरितगृह ग्यास निम्त्याउनेछ । यो भनेको ब्राजिल र जापानको संयुक्त वार्षिक उत्सर्जनबराबर हो ।

नेटोले 'रुस' र 'आतंकवाद'बाट खतरा रहेको भन्दै लगानी वृद्धिको औचित्य पुष्टि गर्ने प्रयास गरेको छ । तर, ५ प्रतिशत लक्ष्य नै किन र अहिले नै नेटोमाथि पहिलेभन्दा बढी कस्तो खतरा बढ्ने भन्ने खुलाइएको छैन । न त तिनले नेटोको कदम आफैँ युक्रेनमा रुसको आक्रमणका लागि आंशिक कारक थियो भन्ने विषयमा आत्मसमीक्षा नै गरेका छन् । रुसले निश्चित रूपमा सैन्य खर्च बढाएको छ । तर, वृद्धिपछि पनि रुसको रक्षा बजेट नेटोको भन्दा १० गुणा कम छ । यसको अर्थतन्त्र हेर्दा रुसले ३२ सदस्यीय नेटानसँग भविष्यमा पनि सैन्य प्रतिस्पर्धा गर्न सक्ने सम्भावना छैन । सन् २०२४ मा रुसको जिडिपी २००० अर्ब डलर हुँदा अमेरिकाबाहेकका नेटो देशहरूको जिडिपीको योग २६००० अर्ब डलर थियो । अमेरिकाको एक्लैको कुल गार्हस्थ्य उत्पादन २९००० अर्ब डलर छ ।

> गत वर्ष, नेटोले आफ्नो सेनामा १५०० अर्ब डलर खर्च गऱ्यो, जुन विश्वव्यापी सैन्य खर्चको आधाभन्दा बढी थियो । यदि सदस्य राष्ट्रहरूले सन् २०३० सम्ममा रक्षा खर्च ३.५ प्रतिशतको लक्ष्यमा पुऱ्याए भने वित्तीय रूपमा त्यो १३,४०० अर्ब डलर हुन आउँछ, जुन निकै ठुलो रकम हो ।

'आतंकवाद'को सन्दर्भमा पनि नेटोको बढेको खर्चले यसलाई रोक्न सक्छ भन्ने तर्क गर्नेहरूले 'आतंकवादविरुद्धको युद्ध'को असफलतालाई बेवास्ता गरेको ठहरिन्छ । आतंकवादको गढ भन्दै नेटोले अफगानिस्तान र लिबियामा हस्तक्षेप गर्दा पनि त्यहाँ अस्थिरता र लडाकु भर्तीलाई रोकिएको थिएन ।

खासमा नेटो सबैभन्दा बढी चिन्तित यदि कसैको सुरक्षासँग छ भने त्यो हो हतियार निर्माता फर्महरूको । ट्रम्पले खर्च वृद्धिका लागि दबाब दिनुभन्दा धेरैअघि नै हतियार निर्माता फर्मले युरोपेली सैन्य खर्च वृद्धिका लागि जोड दिइरहेका थिए । यसका लागि तिनले एरोस्पेस र 'डिफेन्स इन्डस्ट्रिज एसोसिएसन (एएसडी)'जस्ता लबिङ समूह नै प्रयोग गरेका थिए । अहिले आएर तिनले जनकल्याणमा खर्च हुने पैसालाई सुरक्षा क्षेत्रमा मोड्न सफल भएका छन् ।

'द हेग'मा सम्पन्न नेटो सम्मेलनमा नेटोको पछिल्लो अडानले यही समूहलाई ग्रहको जीवनका लागि सबैभन्दा ठुलो खतरामध्ये एक बनाउँछ । यो घातक मार्गलाई अस्वीकार गर्ने र सहयोग, न्याय र शान्तिमा आधारित सुरक्षा पुनः प्राप्ति गर्ने कुरा अब नेटो देशका जनताको हातमा छ ।

- अल जजिराबाट






● निक बक्सटन

बक्सटन ट्रान्सनेसनल इन्स्टिच्युटका अनुसन्धाता हुन् ।

इतिहासमा आज



२००२ : अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) को स्थापना । यो पहिलो अन्तर्राष्ट्रिय न्यायिक निकाय हो, जसले नरसंहार, मानवताविरुद्धको अपराध र युद्ध अपराधका लागि व्यक्तिलाई मुद्दा चलाउने शक्ति दिएको छ । यो अन्तर्राष्ट्रिय सन्धि रोम विधानअनुसार स्थापना गरिएको थियो ।

सन् १९६१ : बेलायती युवराज्ञी प्रिन्सेस अफ वेल्स डायनाको जन्मदिन । उनको मृत्यु सन् १९९७ को अगस्ट ३१ मा फ्रान्समा एक कार दुर्घटनामा भएको थियो ।

सन् १९९१ : आठवटा कम्युनिस्ट देशबिचको रक्षा सन्धि बार्सा सम्झौता प्रागमा औपचारिक रूपमा भंग भयो । सन् १९५५ मा शीतयुद्धको चरम समयमा पश्चिमी युरोपमा उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) को शक्तिलाई सन्तुलनमा राख्ने तरिकाका रूपमा यो सम्झौताको स्थापना भएको थियो ।

२०२० : विवादास्पद व्यापार सम्झौता उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (नाफ्टा) लाई संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानडा सम्झौता (युएसएमसिए) द्वारा प्रतिस्थापित भयो । नाफ्टा सन् १९९४ मा लागू भएको थियो ।

विश्व संक्षेप

इजरायलसँगको १२ दिने युद्धमा इरानमा ९३५ जनाको मृत्यु

जेरुसेलम / इजरायलसँग भएको १२ दिन लामो युद्धका क्रममा इरानमा कम्तीमा ९३५ जनाले ज्यान गुमाएको इरानी सरकारी सञ्चार माध्यमले जनाएका छन् । युद्धविराम लागू भएको करिब एक सातापछि यो विवरण सार्वजनिक गरिएको हो । 'इजरायली शासनद्वारा हाम्रो देशमाथि थालिएको १२ दिने युद्धका क्रममा हालसम्म ९३५ जना सहिदको पहिचान गरिएको छ,' न्याय परिषद्का प्रवक्ता असगर जहागिरलाई उद्धृत गर्दै सरकारी समाचार संस्था इर्नाले जनाएको छ । मृतकमध्ये १३२ जना महिला र ३८ जना बालबालिका छन् ।

इर्नाका अनुसार जुन १३ मा इजरायलले इरानका सैनिक शिविर, आणविक अनुसन्धान स्थल र आवासीय क्षेत्रलाई लक्षित गरी बम आक्रमण सुरु गरेको थियो । ती आक्रमणमा उच्चपदस्थ सैनिक अधिकृत र वैज्ञानिकहरूको मृत्यु भएको उल्लेख गरिएको छ । इरानले पनि जवाफी कारबाहीस्वरूप मिसाइल र मानवरहित विमान प्रयोग गरी इजरायलका प्रमुख सहरमा आक्रमण गरेको थियो । इजरायली अधिकारीका अनुसार ती कारबाहीमा २८ जनाको मृत्यु भएको थियो । दुवै देशबिच जुन २४ मा युद्धविराम लागू भएको हो ।

१६ जीवित सर्पसहित मुम्बई आएका हवाई यात्रु पक्राउ

मुम्बई / थाइल्यान्डबाट मुम्बई आएको एक विमानका यात्रु जीवित सर्पसहित पक्राउ परेका छन् । एक महिनामा तेस्रोपटक हवाईयात्री सर्पसहित पक्राउ परेका हुन् । 'भन्सार अधिकारीले थाइल्यान्डबाट फर्केका एक यात्रुलाई १६ वटा जीवित सर्पसहित आइतबार पक्राउ गरेका छन्,' भन्सार एजेन्सीले एक विज्ञप्तिमा भनेको छ । पक्राउपछि ती यात्रुको अनुसन्धान भइरहेको छ ।

जीवित सर्पमा प्रायः घरपालुवा जनावरको व्यापारमा बेचिने सरीसृप समावेश थिए । धेरैजसो विषरहित थिए । तीमध्ये गार्टर सर्प, राइनो च्याट सर्प र केन्याली स्यान्ड बोआ पनि थिए । जुनको सुरुमा भन्सार अधिकारीले थाइल्यान्डबाट आएका दर्जनौँ तस्करलाई पक्राउ गरेका थिए । त्यसको केही दिनपछि अधिकारीहरूले छेपारो, सनबर्ड र रुख चढ्ने पोसमसहित एक सयवटा जीव बोकेका अर्का यात्रीलाई पक्राउ गरेका थिए । जंगली जनावर र बोटबिरुवाको तस्करीविरुद्ध लड्ने वन्यजन्तु व्यापार मोनिटर ट्राफिकले विदेशी घरपालुवा जनावरको तस्करी बढेको भन्दै त्यसविरुद्ध चेतावनी दिएको छ । पछिल्लो साढे तीन वर्षमा थाइल्यान्ड-भारत हवाई मार्गमा सात हजारभन्दा बढी जीवित र मृत जनावर जफत गरिएको छ ।

जलवायु संकटले मानिसको जनजीवनमा गम्भीर खतरा : राष्ट्र संघ

न्युयोर्क / संयुक्त राष्ट्र संघले जलवायु परिवर्तनले मानिसको जीवनमा गम्भीर खतरा उत्पन्न गराइरहेको जनाएको छ । दक्षिणी युरोपमा तीव्र गर्मीको लहर चलिरहेका वेला संयुक्त राष्ट्र संघका मानव अधिकार उच्चायुक्त भोल्कर टुर्कले यस्तो भनाइ राखेका हुन् । संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्लाई सम्बोधन गर्दै उनले भने, 'जलवायु संकट भनेको मानव अधिकारको संकट हो । तापक्रम वृद्धिले मानिसको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारमा असर पुऱ्याइरहेको छ ।'

उच्चायुक्त टुर्कले युरोपमा देखिएको हालको गर्मीको लहरले जलवायु परिवर्तनसँग जुध्न आवश्यक तयारी तथा उपाय अपनाउन सबैको ध्यान जानुपर्ने बताए । उनले जीवाश्म इन्धन प्रयोग गर्ने उद्योगले गलत प्रचार र झुटा समाधानमार्फत वास्तविकता लुकाउने प्रयास गरिरहेको अरोप लगाए । उनले यस्ता उद्योगलाई जवाफदेही बनाउने उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिए ।

उच्चायुक्तका अनुसार जलवायु परिवर्तनका लागि दिइने अन्तर्राष्ट्रिय आर्थिक सहयोग प्रायः ऋणको रूपमा हुने भएकाले यसले गरिब तथा विकासोन्मुख मुलुकमा थप ऋणको बोझ सिर्जना गरिरहेको छ । उनले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनले वातावरण र जलवायु जोगाउन राष्ट्रहरूको कर्तव्य प्रस्ट रूपमा परिभाषित गर्दै लगेको र यो प्रक्रियाले जलवायु न्याय सुनिश्चित गर्न सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

जलवायु परिवर्तनसम्बन्धी छलफल भइरहेका वेला जेनेभामा अत्यधिक गर्मी भएकाले मानव अधिकार परिषद्का अध्यक्षले पोसाकसम्बन्धी नियममा केही सहजता अपनाउँदै टाई नलगाउने निर्णय गरेका थिए ।

सुनको मूल्यमा हालैको उछालले के अर्थ राख्छ ?



● दिर्क बाउर

बाउर द युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलियामा फाइनान्सका प्राध्यापक हुन् ।



सुनको मूल्य दिनहुँ बढिरहेको छ । यो वर्षको सुरुदेखि सुनको भाउ निरन्तर बढिरहेको छ । बहुमूल्य यस धातुको मूल्य सन् २०२४ मा एक असाधारण गतिमा बढ्यो (२७ प्रतिशत), जुन १४ वर्षमा सबैभन्दा ठुलो वृद्धि हो । यस मूल्यवृद्धिपछाडिका कारकमा बढ्दो अनिश्चितता र मुद्रास्फीतिको डर छन्, जसलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शुल्क लगाउने धम्की र केन्द्रीय बैंकहरूको बढ्दो मागले साथ दिएका छन् ।

सुन मूल्यको वृद्धि गर्ने खेलमा धेरै कारक तत्त्व छन् । सुनखानी उत्पादन र पुनः प्रयोगमार्फत सुनको आपूर्ति तुलनात्मक रूपमा स्थिर छ । तर, माग बढी परिवर्तनशील छ र यसमा चार प्रमुख घटक छन्- गहना, प्रविधि, लगानी र केन्द्रीय बैंकहरू । सन् २०२४ मा गहनाको माग कुल मागको लगभग ५० प्रतिशत थियो । त्यस्तै प्रविधि वा औद्योगिक माग पाँच प्रतिशत थियो भने लगानीको माग २५ प्रतिशत र केन्द्रीय बैंकको माग २० प्रतिशत थियो । लगानीको माग भन्नाले सुनलाई सम्पत्तिको रूपमा खरिद गर्ने लगानीकर्तालाई जनाउँछ । केन्द्रीय बैंकहरूले सामान्यतया आफ्नो 'रिजर्भ होल्डिङ'मा विविधता ल्याउन सुन किन्छन् ।

सुनको मूल्य गतिविधिलाई कहिलेकाहीं गहनाको माग, कहिले लगानीकर्ताको माग र कहिलेकाहीं केन्द्रीय बैंकको मागद्वारा (हाल यो माग बढी छ) कायम गरिएको छ । सुनको आपूर्ति र सुनको माग दुवै विश्वव्यापी हुँदा समस्या थपिएको छ । सुन आपूर्ति विश्वभरका सुनखानीबाट आउँछ । अफ्रिकाका उदीयमान देशहरू तथा अस्ट्रेलिया र क्यानडाजस्ता औद्योगिक देशबाट पनि सुन आउँछ । मागको हकमा पनि त्यस्तै छ । लगानीको मागजस्तै धेरै देशबाट उपभोगको माग आउँछ । चीन र भारतले गहनाको मागमा प्रभुत्व जमाएका छन् । विश्वभरका ठुला र साना केन्द्रीय बैंकबाट पनि यसको माग बढ्दो छ ।

किन बढिरहेको छ माग ?

सुनको लोकप्रियताको एउटा प्रमुख कारण यो हो कि यसलाई मूल्यको भण्डार मानिन्छ । यसको अर्थ सुनको मूल्य मुद्रास्फीतिसँगै बढ्छ र लामो समयसम्म यसले मूल्य कायम राख्छ । अर्को शब्दमा भन्नुपर्दा २० वर्षपहिलेको तुलनामा आज एक औंस सुनले सामानको एउटै टोकरी (वा बढी) किन्छ । यो युएस वा अस्ट्रेलियाली डलरजस्ता मुद्राको मामला होइन । मुद्रास्फीतिको कारण पैसाको मूल्य स्थिर छैन ।

संकटको समयमा मानिसले सुन भण्डारण गर्ने प्रवृत्ति छ । उदाहरणका लागि २००१ को सेप्टेम्बर ११ मा भएको अतिवादी हमला, २००८ मा विश्वव्यापी वित्तीय संकटको सुरुवात र कोभिड प्रकोपको प्रतिक्रियामा सन् २०२० मा लगानीकर्ताले प्रशस्त सुन किने । सुन सुरक्षित माध्यम भए पनि यसको प्रभाव सामान्यतया अल्पकालीक हुन्छ । प्रायः करिब १५ दिनपछि सुनको मूल्यमा गिरावट आउँछ ।

> संकटको समयमा मानिसले सुन भण्डारण गर्ने प्रवृत्ति छ । उदाहरणका लागि २००१ को सेप्टेम्बर ११ मा भएको अतिवादी हमला, २००८ मा विश्वव्यापी वित्तीय संकटको सुरुवात र कोभिड प्रकोपको प्रतिक्रियामा सन् २०२० मा लगानीकर्ताले प्रशस्त सुन किने ।

फेब्रुअरी २०२२ मा युक्रेनमा रुसी हमला र त्यसपछि रुसमाथि लगाइएको प्रतिबन्ध (विशेषगरी विदेशमा रुसको विदेशी सरकारी सम्पत्तिको जफत) ले सरकारलाई विदेशी पुँजीको पकडमा पहुँच गुमाउने जोखिमलाई प्रकाश पारेको छ ।

यस्तो देखिन्छ कि केही सरकार वा केन्द्रीय बैंकहरूले सुन खरिद बढाएर यसको प्रतिक्रिया दिएका छन् । जसका कारण २०२२ मा केन्द्रीय बैंकले कीर्तिमानी एक हजार ८२ टन सुन खरिद गरेका थिए । २०२३ मा इतिहासको दोस्रो उच्चतम वार्षिक खरिद एक हजार ५१ टन भएको थियो, त्यसपछि २०२४ मा एक हजार ४१ टन खरिद भएको थियो ।

सुनको मूल्य र मुद्राबिचको उल्टो सम्बन्धले पनि सुनलाई करेन्सी हेज (भविष्यमा एक विशेष दरमा मुद्रा खरिद गर्ने सम्झौता) बनाउँछ । यसको अर्थ सुनले लगानीकर्तालाई अस्थिर विनिमय दरको कारणले हुने सम्भावित नोक्सानबाट जोगाउन सक्छ । यो प्रभाव विशेषगरी अस्ट्रेलियाली डलरजस्ता अस्थिर मुद्राका लागि देखिन्छ ।

बृहत् आर्थिक चिन्ता

ट्रम्पको पुनरागमनले कर र व्यापार युद्धका कारण उच्च मुद्रास्फीतिको जोखिम मात्र बढाएको छैन, यसले भूराजनीतिक जोखिम पनि बढाएको छ किनकि अमेरिकी सरकारले अन्य देशसँगको आफ्नो गठबन्धनको पुनर्मूल्यांकन गरिरहेको छ । आफ्ना पूर्ववर्ती र राजनीतिज्ञको तुलनामा ट्रम्पको अनिश्चित नीतिले पनि सुनको मूल्यवृद्धिमा सहयोग गरेको हुन सक्छ । हालैको सुनको मूल्य प्रवृत्तिले 'सुनले नराम्रो समाचार मन पराउँछ' भन्ने कुरालाई प्रकाश पार्छ । सुनको मूल्यले भूराजनीतिक झट्का वा उच्च मुद्रास्फीतिको पूर्वानुमान गर्न सक्छ । महामारीपछि मुद्रास्फीति बढ्नुभन्दा धेरैअघि सुनको मूल्य बढेको थियो र २०२२ मा मुद्रास्फीति चरम सीमामा पुगेपछि घट्न थाल्यो । २०२५ मा सुन किन अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको छ भन्ने कुरा स्पष्ट छैन, तर यो सम्भवतः विश्व अर्थतन्त्रका लागि सुखद खबर होइन ।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १७ असार ०८२

कोटेश्वरमा फ्लाई ओभर र सुरुङमार्ग बनाउन ३९ अर्ब चाहिने, जापानसँग ऋण सम्झौता गरिँदै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अत्यधिक ट्राफिक जाम हुने कोटेश्वर चोकमा फ्लाई ओभर र सुरुङमार्ग निर्माण गर्न ३९ अर्ब लगानी चाहिने प्रारम्भिक अनुमान गरिएको छ। जापानको ऋण सहयोगमा कोटेश्वर चोकमा दुई फ्लाई ओभर र एक हाफकट सुरुङमार्ग (केही हिस्सा जमिनभित्र र केही हिस्सा जमिनबाहिर हुने गरी बनाइने सुरुङ) बनाउने तयारी छ। त्यसका लागि जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)ले गरेको 'पूर्वतयारी सर्वेक्षण'ले जग्गा प्राप्तिसहित सोबराबरको लगानी चाहिने देखाएको हो।

अहिले परियोजना निर्माणका लागि जाइकासँग सम्झौतापत्रमा हस्ताक्षर गर्ने तयारी भइरहेको सडक विभागका प्रवक्ता इ. प्रभातकुमार झाले जानकारी दिए। जग्गा प्राप्ति र केही चालू खर्चबाहेकको रकम जाइकाले सहुलियत ब्याजमा दिने तयारी गरेको छ। सम्झौता हुन लागेको ऋण रकम नखुलाइए पनि जाइकाले ३० अर्ब रुपैयाँभन्दा बढी ऋण दिने स्रोतको भनाइ छ।

जाइकासँग ऋण सम्झौता भएपछि सडक विभागले डिजाइन परामर्शदाता छनोट गरेर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउनेछ। डिपिआर बनेपछि



परियोजनाअन्तर्गत बन्ने संरचनाहरू टुंगो लाग्नेछन्। त्यसपछि परियोजनाको निर्माण कार्य पनि अघि बढाइनेछ।

अहिले काठमाडौं उपत्यकामा सबैभन्दा धेरै ट्राफिक जाम हुने ठाउँमध्ये कोटेश्वर चोक पनि अग्रस्थानमा आउँछ। यो उपत्यकाभित्रका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरको संगमस्थल पनि हो। काठमाडौंबाट अरनिको राजमार्ग, बिपी राजमार्गसहित पूर्वी नेपाल आवतजावत गर्ने सवारीसाधन यहींबाट बाहिरी-भित्रिनुपर्छ। त्यसले गर्दा त्यहाँ अत्यधिक मात्रामा ट्राफिक जाम हुने गर्छ। सोही कारण ट्राफिक जामलाई न्यूनीकरण गर्न कोटेश्वरमा दुई फ्लाई ओभर र एक हाफकट सुरुङमार्ग बनाउने प्रस्ताव जाइकाको 'पूर्वतयारी सर्वेक्षण' प्रतिवेदनले गरेको छ। यद्यपि, यसबारे अन्तिम टुंगो भने डिपिआरमार्फत नै लाग्ने प्रवक्ता इ. झाले बताए।

जाइकाले बुझाएको पूर्वतयारी सर्वेक्षणअनुसार मनोहराबाट त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टसम्म फ्लाई ओभर बनाउने प्रस्ताव गरिएको छ। एयरपोर्ट विन्दुमा भने 'हाफकट टनेल' गरिएको छ। विशेष गरी खाली ठाउँमा यस्तो टनेल बनाइन्छ। सहरी क्षेत्रमा यो प्रविधि उपयुक्त मानिन्छ। एयरपोर्टको धावनमार्गअघि एप्रोच लाइट राखिएका जमिनमुनि सुरुङमार्ग बनाउने प्रस्ताव गरिएको छ। त्यहाँबाट तिनकुनेको बागमती पुलसम्म पुनः अर्को फ्लाई ओभर नै बनाउने प्रस्ताव गरिएको छ। अहिले कोटेश्वर चोकमा रहेका अधिकांश संरचना भने यथास्थितिमा रहने प्रस्ताव गरिएको छ। संरचनाको वास्तविक पारूप भने जाइकासँग ऋण सम्झौता भएपछि छनोट हुने डिजाइन परामर्शदाताले बनाउने प्रवक्ता इ. झाले बताए।

आगामी आवमा जाइकासँग ऋण सम्झौता हुने बताइएको छ। यद्यपि, परियोजनाको निर्माण कार्य कहिलेदेखि सुरु गर्ने भन्ने विषयमा अहिले नै टुंगो लागेको छैन। जाइकासँग ऋण सम्झौता भएपछि यसबारे टुंगो लाग्ने बताइएको छ।

'ऋण सम्झौता हुन लाग्ने समय, परामर्शदाताले अध्ययन गर्न लाग्ने समय, डिपिआर बनाउन लाग्ने समय, ठेक्कामा लाग्ने समयले निर्माण कहिले सुरु गर्ने भन्ने कुरा निर्क्योल हुन्छ,' प्रवक्ता झाले भने, 'अहिले नै यसबारे भन्न सक्ने अवस्था छैन।'

■ द्विविधामा विभाग

यद्यपि, लागत अनुमान महँगो देखिएको भन्दै सडक विभाग भने परियोजना अघि बढाउनेमा द्विविधामा पनि परेको छ। विभागाका अधिकारीले ३९ अर्ब रुपैयाँ लागत अनुमान महँगो नै भएको बताउँछन्। सोही कारण केही इन्जिनियरहरू यो परियोजना बनाउन हतार गर्न नहुने पक्षमा पनि छन्। 'यो लागत अनुमान धेरै नै भयो। यद्यपि, जापानसँग ऋण सम्झौता गर्ने तयारी अघि बढेको छ,' एक अधिकारीले भने, 'तर, यो परियोजना बनाउन हतार गर्न हुँदैन। योसँगै जोडिने लिंक रोडमा पनि आधुनिक पूर्वाधार बनाउने विषयमा ग्यारेन्टी गरेर मात्रै यसलाई अघि बढाउनुपर्छ।'

कोटेश्वरमा सुरुङ तथा फ्लाई ओभर बनाउँदा बानेश्वर चोक, जडीबुटी तथा कौशलटार, सातदोबाटोतर्फ सवारी चाप बढ्ने स्रोतले बतायो। त्यो अवस्था त्यस क्षेत्रमा पनि आवश्यक पूर्वाधार बनाउने ग्यारेन्टी गर्नुपर्ने उनीहरूको माग छ। 'अहिले ग्वार्कोमा फ्लाई ओभर बन्यो। त्यहाँ ट्राफिक जाम हुन छाड्यो। तर त्यहाँको सवारी चाप अहिले सातदोबाटो र बालकुमारी तथा कोटेश्वरमा सर्‍यो,' स्रोतले भने, 'इन्जिनियरिङ रूपमा भन्नुपर्दा सडकको समग्र लिंकलाई सुधार गर्नुपर्छ।'

संक्षेप

पाँच वर्षमा पाँच लाख हरित रोजगारी सिर्जना गर्ने लक्ष्य



काठमाडौं/ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले सन् २०३० सम्म पाँच लाख हरित रोजगारी सिर्जना गर्ने लक्ष्य रहेको बताएका छन्। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को आयोजनामा सोमबार आयोजित एक कार्यक्रममा उनले प्रकृतिमा आधारित व्यवसाय, स्थानीय आविष्कार र कम कार्बन उत्सर्जनमार्फत सन् २०३० सम्ममा पाँच लाख हरित रोजगारी सिर्जना गर्ने राष्ट्रिय लक्ष्य राखिएको बताए। हरित रोजगारी, जलवायु-स्मार्ट उद्यम र इकोसिस्टम निर्माण गर्न नेपाल कटिबद्ध रहेको उनले बताएका हुन्।

सोमबार काठमाडौंमा आयोजित 'उत्थानशीलका लागि परामर्श : जैविक अर्थतन्त्र र चक्रीय अर्थतन्त्रमा भुटान-नेपाल संवाद' कार्यशालाको उद्घाटन गर्दै उपाध्यक्ष अधिकारीले नेपाल र सम्पूर्ण हिन्दुकुश हिमाली क्षेत्रका लागि समावेशी, दिगो र लचिलो भविष्य निर्माण गर्न साझेदारीमा मिलेर लगानी गर्नुपर्ने बताए। उनले साझा अनुभव र आपसी शिक्षाले पहुँच लाभ साझेदारी र चक्रीय अर्थव्यवस्थामा सहकार्यका लागि नयाँ ढोका खोल्नेसमेत बताए।

बिआइएसको वार्षिक बैठकमा गभर्नर पौडेल



काठमाडौं/ गभर्नर डा. विश्वनाथ पौडेल स्विट्जरल्यान्डको बासेलमा आयोजित बैंक फर इन्टरनेसनल सेटलमेन्ट्स (बिआइएस)को ९५औं वार्षिक बैठकमा सहभागी भएका छन्। सन् १९३० मा स्थापित अन्तर्राष्ट्रिय वित्तीय संस्था बिआइएसमा ६३ वटा केन्द्रीय बैंकहरू सदस्य छन्।

कार्यक्रममा गभर्नर डा. पौडेलले नियमन तथा प्रतिस्पर्धा विषयक अन्तर्क्रिया कार्यक्रममा समेत सहभागिता जनाएका थिए। बिआइएसका महाप्रबन्धक अगस्टिन कार्सटेन्सले वार्षिक प्रतिवेदन सार्वजनिक गरेका थिए।

वार्षिक बैठकका क्रममा गभर्नर डा. पौडेलले बिआइएसका महाप्रबन्धक अगस्टिन कार्सटेन्ससँग भेटघाट गरेका थिए। साथै, बिआइएस, बैंकिङ विभागका प्रमुख लुइस बंगोचाको नेतृत्वमा उक्त विभागका उच्च अधिकारीलगायतका प्रतिनिधिसँग समेत बैठक भएको थियो।

एफएनसिसिआई कार्यकारिणी सदस्यमा तीन मनोनीत

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी सदस्यमा तीनजना व्यवसायी मनोनीत भएका छन। महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले विधानको व्यवस्थाअनुसार राजकुमार न्यौपाने, सरस्वती राई र कमलकुमार श्रेष्ठलाई सदस्यमा मनोनीत गरेका हुन्।

सदस्यमा मनोनीत न्यौपाने महासंघका पूर्वकेन्द्रीय कार्यकारिणी सदस्य तथा मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष हुन्। श्रेष्ठ महासंघका पूर्वकेन्द्रीय कार्यकारिणी सदस्य एवं सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा राई नेपाल हर्ब्स एन्ड हर्बल उत्पादक संघका अध्यक्ष एवं महासंघको महिला उद्यमी विकास समितिका उपसभापति हुन्।

चितवनमा जिप सफारी बन्द

चितवन/ चितवन राष्ट्रिय निकुञ्जले सोमबारदेखि निकुञ्जभित्र जिप सफारी बन्द गरेको छ। निकुञ्जले सूचना जारी गर्दै वन्यजन्तु तथा चराचुरुंगीको प्रजननको समय भएकाले सोमबारदेखि लागू हुने गरी जिप सफारी बन्द गरेको जनाएको छ। निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार असोजको पहिलो वा दोस्रो सातासम्म जिप सफारी बन्द गरिएको हो। त्यतिबेला ठुलो वर्षा भएमा केही ढिलो खुल्ने भए पनि बर्सात कम भएमा असोजको पहिलो साता सफारी खुल्ने उनको भनाइ छ।

Request for Proposals

First Published Date: 1st July 2025

Nabil Bank Ltd. invites Request for Proposal (RFP) from eligible and registered Nepalese contractors for the construction works as specified in the table below:

Title of the Contract Document	Scope of Works	Cost of Bid Document	Bid Security Amount
Construction of Metal Structure Building- Auditorium Hall for Nabil Bank Ltd at Gothagaun Morang	Civil Works	NPR 10,000.00	5% of the bid amount or Minimum bid Security amount of NPR 650,000.00 whichever is higher

The bid submission will follow the 'Two Envelope System' (Technical and Financial Documents) wherein the technical documents shall be opened in the 1st Phase and financial documents of the technically eligible bidders shall be opened in the 2nd Phase.

Terms and Conditions:

1. Interested bidders can receive the RFP documents with detailed Scope of works, Terms and Conditions from the **Administration Department, 4th Floor, Ghantaghar building, Kathmandu, Nepal** upon submission of an application letter for the RFP document in the official letter head of the bidding company and submission of a proof of deposit of non-refundable **application fee of NPR.10,000/- (Nepalese Rupees Ten Thousand only) per RFP document.**
2. The RFP Document Fee to be paid by Cash Deposit to the under mentioned A/c. The proof of deposit/transfer must be attached with the documents. The application money is non-refundable.
   Account Name: Miscellaneous Deposit Receipt
   Account Number: 93254001006
   Bank: Nabil Bank Limited, Head Office
3. The hard copy of proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM** on **15th July 2025 (31st Ashad 2082)**. Bid documents received after this deadline will not be accepted.
4. The received Bids shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00 AM** on **16th July 2025 (32nd Ashad 2082)**. Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the bid.
5. Eligibility Criteria:
   a. Interested Bidders must have at least five years of experience in the related field.
   b. Joint Venture (JV) is not allowed.
   c. Bidder should have completed construction of at least 3 Corporate or Commercial Buildings for any institution with area 8,000 SQ. FT and above in the last 5 years.
   d. Bidder should have completed construction of at least one auditorium hall/ covered hall/ party venue/ training hall with a minimum floor area of 8,000 Sq.Ft. or more within the last five years, constructed using a metal structure for any institution (including the Government of Nepal or a public company), which must be duly registered with the relevant government authority in Nepal.
   e. The Bidder must have a minimum Annual turnover of NPR. 80 million each in the last three years
6. Bids must be accompanied by bid security of minimum 5% of bid amount or Minimum bid Security amount of NPR 650,000.00 (In words: Six Hundred Fifty Thousand Only) whichever is higher in the form of Bid Bond issued by a Class "A" Commercial bank in Nepal having a validity of 180 days from the last date of submission of bid or Bank Deposit into the account mentioned by the Bank. The Bid Security will be forfeited by the Employer upon failure of the selected bidder to enter into a contract within seven (7) days after written Communication by the Bank or due to other conditions as mentioned in the bid document.
7. The successful bidder will be required to submit a "Performance Bond" for an amount equivalent to 10% of the Contract Amount issued by a Class "A" Commercial bank with a validity period and format/wordings as specified by the Employer in the Bid Documents.
8. If the last date for purchasing the bid form, submitting the bid, and opening the bids falls on a government holiday, it will be extended to the next working day. In such cases, the bid validity and bid security validity will be recognized from the original bid submission deadline.
9. Interested bidders must submit all the documents outlined in the bid document; failure to do so will result in the rejection of the bid.
10. Nabil Bank Limited reserves the right to amend, correct, accept, or reject any or all bids, in whole or in part, for the said works, without assigning any reason whatsoever and shall not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No:- 01-5971871

बजेटमा पूरक प्रस्ताव ल्याउन वा संशोधन गर्न बागमतीमा प्रतिपक्षीको माग

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका विपक्षी दलहरूले आगामी आर्थिक वर्ष ०८२/८३ का लागि ल्याएको बजेटमा पूरक प्रस्ताव ल्याउन वा संशोधन गर्न माग गरेका छन्। माओवादी केन्द्र, राप्रपा र एकीकृत समाजवादीले सोमबार पत्रकार सम्मेलन गर्दै यस्तो माग गरेका हुन्। माओवादीका प्रमुख सचेतक रत्न ढकालले बजेटको निर्माण प्रक्रिया नीतिगत रूपमा त्रुटिपूर्ण रहेको र त्यसमा भएका असन्तुलन, विभेदका कारण पूरक प्रस्ताव वा संशोधन जरुरी रहेको बताए। 'बजेट नीतिगत रूपमा त्रुटिपूर्ण छ। बजेटका कारण सत्तासाझेदार दलहरूमै असन्तुष्ट छ भने प्रतिपक्षी नहुने कुरै भएन,' उनले भने, 'यसको मुख्य कारण भनेकै त्रुटिपूर्ण बजेट निर्माण प्रक्रिया, बजेट असन्तुलन र बजेट वितरणमा भएको विभेद हो।' उनले आफैंले ल्याएको बजेटमाथिको छलफलबाट सरकार आफैं भागेको आरोप पनि लगाए। त्यस्तै, एकीकृत समाजवादीका वसन्त मानन्धर र राप्रपाका उपनेता गिरबहादुर तामाङले सत्तारूढ दललाई संवादका लागि आह्वान गर्दै बजेटको नीतिगत त्रुटिहरू सच्याउन माग गरे। उनीहरूले सरकार छलफल र संवादबाट भागेर लगातार प्रदेश सभा बैठक स्थगन गरिरहेको भन्दै असन्तुष्टि व्यक्त गरे।

■ कांग्रेस केन्द्रको निर्देशन कुर्दै सत्तारूढ दल

बजेटमाथिको छलफल गर्न सत्तारूढ दलहरू कांग्रेस केन्द्रीय समितिको निर्देशन पर्खेर बसेका छन्। कांग्रेस केन्द्रीय समितिको सोमबारदेखि सुरु भएको बैठकबाट आउने निर्देशनअनुसार मात्र बजेटमाथिको छलफल अघि बढाउने रणनीतिमा सत्तारूढ दल रहेको एमालेका एक सांसदले बताए। उनले भने 'कांग्रेस केन्द्रीय समितिको बैठकले दिने संकेतअनुसार बजेट माथिको छलफल प्रारम्भ हुन्छ। हामी अहिले पर्खि र हेरको अवस्थामा छौं। बजेटको विषयलाई लिएर एमालेभित्र पनि केही असन्तुष्टि छ।'

कांग्रेसका एक सांसदले पनि केन्द्रीय नेताहरू पनि प्रदेशको बजेटप्रति सन्तुष्ट नरहेकाले बैठकबाट आउने निर्देशनअनुसार जानेमा निष्कर्षमा पुगेको बताए। उनले प्रदेश सभा संसदीय दलको बैठक पनि प्रभावकारी बन्न नसकेको स्वीकार गरे। सत्तासाझेदार दलहरूबिच पनि बजेटको विषयलाई लिएर तीव्र असन्तुष्टि छ। सोही कारण पटक-पटकको औपचारिक-अनौपचारिक बैठकमा सहमति जुट्न नसक्दा १२ गते र १६ गते बोलाइएको संसद्को बैठक एकपटक पनि बस्दै नबसी सारिएको छ। सोमबार पनि बजेटमाथिको विवाद समाधान गर्न बसेको कांग्रेस संसदीय दलको बैठक विनानिष्कर्ष टुंगिएको छ। सोही कारणले एमालेको संसदीय दलको बैठकसमेत बस्न सकेको छैन। एमालेका प्रमुख सचेत मधुसूदन पौडेलले बजेटको विषयलाई लिएर असन्तुष्टि रहेको बताए। उनले सत्तासाझेदार दलहरूबिच एउटै धारणा बनाएर जाने सन्दर्भमा छलफल भइरहेको उल्लेख गर्दै एक-दुई दिनमै आपसी समझदारीबाट समस्या समाधान हुने बताए।

बजेटमा मनपरी गरेको आरोप लागेका अर्थसचिव पाण्डे जगेडामा

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी प्रदेशको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट निर्माणका क्रममा मनपरी गरेको आरोप लागेका आर्थिक मामिला मन्त्रालयका सचिव कारबाहीमा परेका छन्। योजनामा रकम विनियोजन गर्दा मनपरी गरेको आरोप लागेका सचिव राजेन्द्रदेव पाण्डे कारबाहीमा परेका हुन्। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई आर्थिक मामिला मन्त्रालयको सचिवको जिम्मेवारीबाट हटाएर जगेडामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राख्ने निर्णय गरको हो।



बजेटमा समेटिएका योजना र विनियोजन भएको रकमका विषयलाई लिएर गण्डकीमा बजेटका सम्बन्धमा छलफल सुरु भएको दिनदेखि विवाद थियो। पूर्वभौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्रीसमेत रहेका माओवादी सांसद रेशम जुम्जालीले रोस्ट्रमबाट प्रदेशको बजेट पुस्तिका च्यातेका थिए। विपक्षी दलका मात्र हैन, सत्तारुढ कांग्रेस र एमालेका सांसदहरूको समेत बजेट विनियोजनलाई लिएर चरम असन्तुष्टि थियो। आर्थिक मामिला मन्त्रालयका सचिव पाण्डेले बजेट विनियोजनमा मनपरी गरेको, आफ्नो क्षेत्रमा मात्र बजेट थुपारेसँगै बजेटमा टुक्रे योजना धेरै भएको भनेर विरोध भएको थियो। बजेट पारित गर्नुअघि १३ असारको प्रदेश सभा बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले घुमाउरो पारामा बजेट निर्माणमा कर्मचारी हाबी भएको बताएका थिए। मन्त्रिपरिषद् बैठकले निमित्त सचिवको जिम्मेवारी दर्शौं तहका उपसचिव डिल्लीराज रिजाललाई दिने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए।

सरकारका प्रवक्तासमेत रहेका आर्थिक मामिलामन्त्री गुरुङले २४ घण्टा नपुगेकाले सार्वजनिक गर्न नमिल्ने र यसबारेमा मंगलबार मात्र जानकारी दिने बताए। पाण्डेले आफ्नो पालिकामा चितिखोला महोत्सव, चितिखोला उपत्यका वृत्तचित्र निर्माण, रक क्लाइम्बिङ, क्यानोइङसम्बन्धी प्रचार प्रसार, बेलिब्रिज निर्माण, पर्यटन गन्तव्यहरूको प्रचार-प्रसार, पार्क निर्माण, मोटरबाटो, सिँचाइ, खानेपानी, म्याराथनलगायतका दर्जनौ योजनामा ३५ करोड हाराहारीमा रकम विनियोजन गरेको आरोप लागेको छ।

■ इरान-इजरायल युद्धको असर

भारी मात्रामा बढ्यो पेट्रोलियमको मूल्य

अजित अधिकारी/नयाँ पत्रिका

इरान-इजरायल युद्धले अन्तर्राष्ट्रिय बजारमा बढेको कच्चा तेलको मूल्यको असर नेपाली बजारमा पनि परेको छ। आयल निगमले सोमबार रातिबाट लागू हुने गरी पेट्रोलियमको मूल्य समायोजन गर्दा भारी मात्रामा वृद्धि गरेको छ।

निगमका अनुसार पेट्रोलमा पाँच र डिजेल तथा मट्टीतेलमा समान चार रुपैयाँ प्रतिलिटरले वृद्धि भएको छ। त्यस्तै, आन्तरिक हवाई इन्धन ७ र त्रिभुवन विमानस्थलमा उडान गर्ने अन्तर्राष्ट्रिय विमानका लागि प्रतिकिलोलिटर ५१ डलरले मूल्य बढाइएको छ। अब काठमाडौं उपत्यकामा पेट्रोल एक सय ६५, डिजेल तथा मट्टीतेल एक सय ४९, आन्तरिक हवाई इन्धन एक सय २५ प्रतिलिटर तथा अन्तर्राष्ट्रिय हवाई इन्धन नौ सय एक डलर प्रतिकिलोलिटर पुगेको छ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट प्रत्येक १५ दिनमा प्राप्त हुने नयाँ मूल्यका आधारमा निगमले मूल्य समायोजन गर्दै आएको छ। सोमबार साँझ आइओसीले पेट्रोलमा ७.६४ रुपैयाँ, डिजेलमा ९.१३ रुपैयाँ र हवाई इन्धनमा ६.८८ रुपैयाँ प्रतिलिटर बढाएर पठाएको निगमले जनाएको छ। ठूलो मात्रामा मूल्य बढेर आएपछि निगम सञ्चालक समितिको बैठक सोमबार साँझ नै बसेर मूल्यवृद्धिको निर्णय लिएको हो।



निरन्तर नाफामा रहेको निगमले यसपटक स्वचालित मूल्य प्रणालीलाई स्थगित गरेर आइओसीबाट प्राप्त मूल्यभन्दा कम दरमा मूल्य समायोजन गरेको प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। 'यसपटक उपभोक्ताहितलाई ध्यानमा राखेर आइओसीले पठाएको दरभन्दा कम हुने गरी नेपाली बजारमा मूल्य समायोजन गरिएको छ,' ठाकुरले भने।

युद्धका वेला कच्चा तेलको भाउ ७ प्रतिशतभन्दा बढी वृद्धि

इरान-युद्ध चर्केका वेला अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ ७ प्रतिशतसम्म बढेको हो। ६ असारमा कच्चा तेलको भाउ ७७.७२ डलर प्रतिब्यारेल पुगेको थियो। आइओसीले प्रत्येक १५ दिनको औसत मूल्य गणना गरेर नेपाललाई बिक्री गर्ने पेट्रोलियमको मूल्य निर्धारण गर्दै आएको छ। जसकारण, अहिले इरान-इजरायल युद्ध रोकिएर मूल्य घटे पनि यसअघि १५ दिनको औसत मूल्य निर्धारण गर्दा तुलनात्मक रूपमा धेरै बढेर आएको हो।

अबको १५ दिनमा फेरि यही दरमा मूल्य घट्न सक्ने

इजरायल-इरान युद्धबिराम भएपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ पुनः घटेको छ। सोमबार साँझ कच्चा तेलको भाउ ६४.९४ डलर प्रतिब्यारेलमा ओर्लिएको हो। यो मूल्य १० दिनअघिको तुलनामा १६ प्रतिशतभन्दा कम हो। त्यसैले आइओसीले आगामी १५ दिनपछि (३० साउनमा) पठाउने मूल्य घटेर आउने अनुमान छ। निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपाली बजारमा तीन वर्षदेखि मूल्य समायोजन गर्दै आएको छ।

एलजीले सार्वजनिक गऱ्यो ग्लोबल इनोभेसन अवधारणा ‘अफेक्सोनेट इन्टेलिजेन्स’

काठमाडौं/ एलजी नेपालले नवीनतम ग्लोबल इनोभेसनको अवधारणा ‘अफेक्सोनेट इन्टेलिजेन्स’ सार्वजनिक गरेको छ। १३-१४ असारमा आयोजना गरिएको कार्यक्रममा एलजीको भविष्यमुखी प्रविधि अनुभव गराइएको थियो। अफेक्सोनेट इन्टेलिजेन्स एलजीको आर्टिफिसियल इन्टेलिजेन्सप्रति राखिएको विशेष दृष्टिकोण हो। यसले एआईलाई बुद्धिमान् बनाउनुका साथै संवेदनशील र उत्तरदायित्व पनि बनाउने र यसले प्रविधि र मानवबिचको सम्बन्धलाई थप घनिष्ठ बनाउने कम्पनीले जनाएको छ।

सोही कार्यक्रममा एलजीले आगामी पुस्ताका एआई प्रविधिद्वारा सञ्चालित समाधान प्रस्तुत गरेको थियो। साथै, एलजीले नेपालमा आफ्नो ४० वर्षे सफलता मनाएको थियो। पछिल्लो चार दशकदेखि एलजी नेपाली घरपरिवारको रोजाइमा पर्दै आएको कम्पनीको दाबी छ।

कार्यक्रममा चौधरी ग्रुपमा अध्यक्ष विनोद चौधरीले नेपालमा एलजीको सुरुवाती यात्रा, डिलर तथा साझेदारको समर्थनप्रति आभार प्रकट गर्दै एलजीलाई देशकै भरपर्दो र लोकप्रिय



इलेक्ट्रोनिक्स ब्रान्ड बनाउन गरेको योगदानको प्रशंसासमेत गरेका थिए।

त्यस्तै, यस यात्राको स्मरण गर्दै चौधरी ग्रुपका मार्केटिङ प्रमुख गौरव हमालले भने, ‘हामी नेपाली घरपरिवारको हिस्सा बन्न पाएकामा खुसी छौं। एलजीले सधैं नवीनता र अत्याधुनिक प्रविधिको नेतृत्व गर्दै आएको छ। अब भने अफेक्सोनेट इन्टेलिजेन्ससँगै एआई झन् मानवीय र संवेदनशील बन्नेछ।’

कार्यक्रममा एलजी, सिंगापुरका प्रबन्ध निर्देशक फावियन कुन्हो ली, बंगलादेशका प्रबन्ध निर्देशक जेराल्ड सुन्घो चुन र चौधरी ग्रुप, नेपालका निर्वाण चौधरीलगायत उपस्थित थिए। साथै, सहभागीहरूले एआई मिसन च्यालेन्समा भाग लिनुका साथै उपहार पनि जितेका थिए।

नबिल सस्टेनेबल बैंकिङ पाँचौं वर्षमा प्रवेश

काठमाडौं/ नबिल बैंकको ‘नबिल सस्टेनेबल बैंकिङ’ पाँचौं वर्षमा प्रवेश गरेको छ। बैंकले चौथो वार्षिकोत्सवका अवसरमा १५ देखि २१ असारसम्म ‘नबिल ग्रिन विक’ मनाउँदै छ। नबिल ग्रिन विकमा विभिन्न क्षेत्रका प्रतिनिधिको सहभागितामा दिगोपना विषयमा केन्द्रित कार्यक्रम आयोजना गरिने बैंकले जनाएको छ।

साताव्यापी सञ्चालन हुने कार्यक्रममा आयोजना हुने वेबिनार शृंखलामा नबिल बैंकका विज्ञसहित जिआइजेड नेपाल, सिम्पल इनर्जी प्रालि, बिवाइडी, सिजी मोटर्सलगायतका प्रतिनिधिका साथै वातावरण, समाज तथा सुशासनसँग सम्बन्धित विज्ञ तथा कृषि क्षेत्रका जानकारहरू सहभागी हुनेछन्। उक्त कार्यक्रमले सोलार रुफटप सोलुसन, विद्युतीय सवारीसाधन र दिगो कृषिका



साथै वातावरण, समाज र शासनमा लगानीका विषयमा छलफल तथा ज्ञान आदानप्रदानमार्फत एक-अर्कालाई जोड्ने उद्देश्य लिएको छ।

बैंकले नेपालको दिगो विकास लक्ष्य (एसडिजी)लाई आत्मसात् गर्दै आफ्नो कारोबारमा वातावरण, समाज र सुशासनसँग सम्बन्धित सिद्धान्त अंगीकार गर्दै आएको छ। बैंकको रणनीतिमा दिगोपन एक मुख्य आधार बनेको बैंकको भनाइ छ।

बैंकले आफूलाई बैंकिङमा मात्रै सीमित नराखी वातावरण संरक्षण, सामाजिक समावेशीकरण, मानव अधिकारको संरक्षण तथा नैतिक सुशासनको अभ्यासमा पनि आफूलाई केन्द्रित गर्दै आएको छ। जसमा कार्बन फुटप्रिन्ट घटाउने, उत्तरदायी लगानीलाई प्रवर्द्धन गर्ने र वित्तीय साक्षरता विस्तार गर्ने कार्यमा आफूलाई केन्द्रित गर्दै आएको छ। बैंकले आर्थिक वृद्धिसँगै दीर्घकालीन सामाजिक र वातावरणीय मूल्य सिर्जनामा काम गर्दै आएको जनाएको छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०३/१७)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

उपभोग गर्नुभएको कर्जा रकम बैंकसंग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। अतः **यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/३१

बोलपत्र खोलिने मिति २०८२/०३/३२ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : शैलेन्द्र कुइकेल (आवास कर्जा) -शाखा कार्यालय नक्साल,** (ना.प्र.नं. २५१९८, मिति २०६२/०८/०७ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), ठेगाना : गागलफेदी ०२, काठमाडौं, बाबु : धन बहादुर कुइकेल, बाजे : मान बहादुर कुइकेल **व्यक्तिगत जमानीकर्ता :** **गमला भण्डारी (कुइकेल)** (ना.प्र.नं. २७३००६/१८, मिति २०७०/०२/१९ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), पति : शैलेन्द्र कुइकेल, ससुरा : धन बहादुर कुइकेल	शैलेन्द्र कुइकेलको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय साँखु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गागलफेदी गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं.३२८ (०-४-३-० रोपनी), कि.नं. ३२९ (०-०-०-२ रोपनी) र कि.नं. ३३१ (०-१-०-२ रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय नारायणचौर, नक्साल/मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

सोर्स कोड र हिमालयन सेक्युरिटिजबिच सम्झौता

काठमाडौं/ फिनटेक कम्पनी सोर्स कोड प्रालि र हिमालयन सेक्युरिटिज लिमिटेडबिच नेपालकै पहिलो ‘ब्रोकर ब्याक अफिस टु क्लाइन्ट पोर्टल प्रणाली’ विकास गर्न सहमति भएको छ। सम्झौताअनुसार अब सेयर कारोबार गर्ने लगानीकर्ताले एकै प्लाटफर्ममार्फत खाता खोल्ने, कारोबार गर्ने, पोर्टफोलियो विश्लेषण गर्ने, मार्जिन लेन्डिङलगायत ब्रोकरसँग प्रत्यक्ष सम्पर्क राख्न सक्ने सुविधा पाउनेछन्।

वेब तथा मोबाइल दुवै माध्यममा सञ्चालन हुने यो प्रणालीले सेवाका साथै पुँजी बजारमा कार्यसम्पादनको स्वरूपमै आमूल परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। सोर्स कोडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अमोद भट्टराईले भने, ‘यो प्लाटफर्म नेपालमा पहिलो हो। यसले ब्रोकर फर्म तथा ग्राहकबिचको अन्तर्क्रियालाई सरल बनाउँछ। हिमालयन सेक्युरिटिजको दूरदृष्टि र प्रविधिमा देखिएको नेतृत्वले नेपाली पुँजी बजारमा नयाँ मापदण्ड स्थापना गर्नेछ।’

एकपटक प्रणाली कार्यान्वयन भएपछि हिमालयन सेक्युरिटिजका ग्राहकले अब फरक-फरक प्रणाली प्रयोग नगरी एउटै प्लाटफर्मबाट ट्रेडिङ गर्न, पोर्टफोलियो हेर्न, बजारका सूचना पाउन र ब्रोकरसँग प्रत्यक्ष संलग्न हुन सक्नेछन्। हिमालयन सेक्युरिटिजका प्रबन्ध निर्देशक विजयबहादुर श्रेष्ठ भने, ‘हामी ग्राहकका लागि सम्पूर्ण सेवा एउटै छानामुनि ल्याउने प्रणालीको नेतृत्व गर्न पाउँदा खुसी छौं। यो साझेदारी नेपाली लगानीकर्तालाई विश्वस्तरीय सेवा दिने हाम्रो प्रतिबद्धताको प्रमाण हो।’ कम्पनीका अनुसार यो डिजिटल प्लाटफर्म आगामी केही महिनाभित्र नै सार्वजनिक हुनेछ।

राइजिङ हाइड्रोपावरको सेयर निष्कासकमा मुक्तिनाथ क्यापिटल



काठमाडौं/ मुक्तिनाथ क्यापिटल र राइजिङ हाइड्रोपावरबिच आइपिओ निष्कासन तथा संस्थागत परामर्श सेवा उपलब्ध गराउनेबारे सम्झौता भएको छ। सम्झौतापत्रमा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशी र हाइड्रोपावरका अध्यक्ष शंकरबहादुर घिमिरेले हस्ताक्षर गरेका हुन्।

क्यापिटलले संस्थागत परामर्श सेवाअन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीलाई कम्पनीको स्थापना कालदेखि सर्वसाधारणलाई प्राथमिक सेयर निष्कासन (आइपिओ) जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउँदै आइरहेको छ। संस्थागत परामर्श सेवासहित आवश्यक पुँजी संरचना परिवर्तन परामर्श लिन तथा कम्पनीको प्रबन्धपत्रमा उल्लिखित उद्देश्यबमोजिम कार्य गर्न आवश्यक सहजीकरणका लागि उक्त सम्झौता गरिएको बताइएको छ। राइजिङ हाइड्रोपावरले सिन्धुपाल्चोकस्थित सेलाङ खोला साना जलविद्युत् आयोजना (९९० किलोवाट)मार्फत वार्षिक ६.७७ गिगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण प्रणालीमा आपूर्ति गर्दै आएको छ। कम्पनीले आगामी आर्थिक वर्षभित्र सर्वसाधारणलाई सेयर निष्कासन गरी चुक्ता पुँजी ४० करोड पुऱ्याउने कम्पनीले जानकारी गराएको छ।


मञ्जुश्रीको परिमार्जित वेबसाइट सार्वजनिक

काठमाडौं/ मञ्जुश्री फाइनान्सले आफ्नो परिमार्जित वेबसाइट सार्वजनिक गरेको छ। हालै सार्वजनिक गरिएको यो वेबसाइट ग्राहकमैत्री रहेको फाइनान्सले जनाएको छ। ग्राहकको सुविधालाई ध्यानमा राखी ग्राहकलाई थप सेवा दिने उद्देश्यले यो वेबसाइटलाई प्रयोगकर्तामैत्री बनाइएको कुरा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत तेजराज तिमिल्सिनाले बताए। वेबसाइटबाट प्रयोगकर्ताले संस्थाको बारेमा जानकारी, संस्थाको प्रडक्ट तथा सेवाको जानकारी, पब्लिक डिस्क्लोजरअन्तर्गतको सम्पूर्ण जानकारी पाउनेछन्। साथै, अनलाइन खाता खोल्ने सुविधा, एफडीको सुविधा तथा वेब बैंकिङमार्फत आफ्नो खाताबाट कारोबार गर्ने सुविधा पनि वेबसाइटबाटै उपयोग गर्न सक्नेछन्।

परिमार्जित वेबसाइटले ग्राहक सेवालाई अझै बलियो र सुदृढ बनाउन तथा संस्थाको पब्लिक डिस्क्लोजरमा अझै पारदर्शिता ल्याउन मद्दत पुग्ने विश्वास संस्थाले गरेको छ।

ग्यालेक्सी बड्स कोर सार्वजनिक हुँदै

काठमाडौं/ सामसङले आफ्नो सबैभन्दा किफायती ‘ट्रु वायरलेस इयरफोन’ ग्यालेक्सी बड्स कोर नेपाली बजारमा सार्वजनिक गर्दै छ।



मंगलबारदेखि उपलब्ध हुने यी बड्सहरू दैनिक उपयोगका लागि डिजाइन गरिएका छन्, जसले उत्कृष्ट साउन्ड, एक्टिभ न्वाइज क्यान्सिलेसन र ग्यालेक्सी एआईको इन्टरप्रेटरजस्ता प्रिमियम फिचरहरू मात्र सात हजार तीन सय ९९ रुपैयाँमा उपलब्ध गराएको छ। कालो र सेतो रङमा उपलब्ध ग्यालेक्सी बड्स कोर नेपालभर सामसङका आधिकारिक विक्रेताबाट बिक्री हुनेछ।

एक्टिभ न्वाइज क्यान्सिलेसन र कल न्वाइज रिडक्सनका साथमा प्रयोगकर्ताले धेरै हल्ला भएको ठाउँमा पनि स्पष्टसँग कुरा गर्न सक्ने कम्पनीले जनाएको छ। तीनवटा माइक प्रणालीले उत्कृष्ट भोकल सुनिश्चित गर्नेछ, जसले इयर बड्सलाई फोनकल, संगीत वा मिटिङका लागि एकदम उपयुक्त बनाउने कम्पनीको दाबी छ।

ग्यालेक्सी एआई इन्टरप्रिटर त्यस्तो प्रविधि हो, जसले-जसले आमनेसामने संवादका क्रममा दुईतर्फी रियल-टाइम अनुवाद गर्छ।

एसइईमा इलिक्सर एकेडेमीको शतप्रतिशत नतिजा



काठमाडौं/ इलिक्सर एकेडेमीले यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा शतप्रतिशत नतिजा ल्याएको छ। यस एकेडेमीबाट यो वर्षको एसइईमा ३८ जना विद्यार्थी सहभागी भएकोमा १८ जनाले चार जिपिएसहित शतप्रतिशत विद्यार्थीले ३.७३ जिपिएभन्दा माथि (ए प्लस) नतिजा ल्याएका हुन्।

चाबहिलस्थित इलिक्सर एकेडेमीले स्थापनाकालदेखि नै विद्यार्थीको सर्वांगीण विकासलाई ध्यानमा राख्दै आफ्ना क्रियाकलाप सञ्चालन गर्दै आएको विद्यालयका प्रधानाध्यापक रविन दाहालले बताए।

यसअघि ०७८ सालको एसइई परीक्षामा काठमाडौं जिल्लामा प्रथम भई काठमाडौं महानगरपालिकाबाट नगद पुरस्कारसहित ‘सर्वोत्कृष्ट विद्यालय पुरस्कार’ले पुरस्कृत भएको थियो। त्यस्तै, ०८० सालको एसइई परीक्षामा काठमाडौं जिल्ला प्रथम भई प्याब्सन काठमाडौंद्वारा ‘उत्कृष्ट विद्यालय सम्मान २०८०’ ले सम्मानित भएको थियो।

ब्रजेश्वरी इन्डस्ट्रिजलाई भारतको बिआइएस प्रमाणपत्र

काठमाडौं/ नेपालको अग्रणी हाइजिन तथा शिशु डायपर निर्माता कम्पनी ब्रजेश्वरी इन्डस्ट्रिज प्रालिले भारतीय मानक ब्युरो (बिआइएस)को प्रमाणपत्र प्राप्त गरेको छ। यससँगै ब्रजेश्वरी इन्डस्ट्रिज यो उपलब्धि हासिल गर्ने पहिलो नेपाली बेबी हाइजिन निर्माता कम्पनी बनेको छ।



ब्रजेश्वरी समूहका अध्यक्ष एसपी ढकालद्वारा २०१९ मा स्थापना गरिएको यस कम्पनीले निरन्तर आधुनिक प्रविधि, उच्च गुणस्तरका कच्चा पदार्थ र विश्वस्तरीय उत्पादन विधिमा लगानी गर्दै आएको छ। ‘न्यानो’ र ‘टेन्डर टच’ ब्रान्डमार्फत ब्रजेश्वरी इन्डस्ट्रिज नेपाली बजारमा विश्वासिलो शिशु डायपर र हाइजिन उत्पादनका रूपमा स्थापित भएको छ। कम्पनीले सन् २०२३ र २०२४ मा नेपालबाट शिशु डायपर निर्यातमा सबैभन्दा ठुलो योगदान पुऱ्याएकोमा सम्मानसमेत प्राप्त गरेको छ।

भारत सरकारले आयातित बेबी हाइजिन उत्पादनमा बिआइएस प्रमाणपत्र अनिवार्य गरेपछि विगत ६ महिनादेखि निर्यात प्रक्रिया रोकिएको थियो।

बिआइएसका कडा मापदण्ड र उच्च अस्वीकृति दर हुँदा-हुँदै पनि ब्रजेश्वरीले ती सबै प्रक्रिया छिटो र प्रभावकारी रूपमा पार गरी प्रमाणपत्र प्राप्त गर्न सफल भएको जनाएको छ।

‘कडा परीक्षण र सम्पूर्ण नियम पालना गरिसकेपछि हामीले बिआइएस प्रमाणपत्र प्राप्त गरेका छौं भन्ने कुरामा हामी गौरवान्वित छौं। यो हाम्रो कम्पनीका लागि मात्र नभई सम्पूर्ण नेपाली उत्पादन उद्योगका लागि नयाँ अध्याय हो,’ अध्यक्ष ढकालले भने।

बिआइएस प्रमाणपत्र प्राप्त भएपछि ब्रजेश्वरी इन्डस्ट्रिजले आगामी वर्ष भारतमा आफ्नो निर्यात ५० करोड रुपैयाँभन्दा बढीले वृद्धि गर्ने अपेक्षा जनाएको छ।

सहकारी ऐन २०४८ अन्तरगत स्थापित
श्रीमहालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
म.थि.न.पा.-८, बोडे, भक्तपुर

ऋणीलाई सावा ब्याज चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

तपसिलमा उल्लेखित ऋणीले घर/जग्गा शिर्षक अन्तर्गत यस श्रीमहालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि बोदेसंग गरेको ऋण सम्झौता बमोजिम संस्थालाई भुक्तानी गर्नुपर्ने साँवा ब्याज हर्जाना लगायतका लेना रकम भुक्तानी नगरी/नबुझाई ऋण शर्त कबुलियत उल्लंघन गरी बसेकोले संस्थाको नियमानुसार ऋण उप समिति, संचालक समितिको सदस्यहरू लगायत संयुक्त टोली सहित प्रशासनिक तवरले घर ठेगानामा गई ऋणको साँवा ब्याज भुक्तानीको लागि पटक/पटक मौखिक तथा लिखित पत्र सहितबाट ताकेता गर्दा समेत कुनै चासो नदेखाई बस्नु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थाको कार्यालयमा सर्म्पक राखी आफुले संस्थालाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम भुक्तानी गर्नु हुन सुचित गरिन्छ। अन्यथा तपसिल बमोजिमका धितो सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ र ऋण असूली नीतिले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री वा अन्य व्यवस्थाबाट संस्थाको लेना रकम असूल उपर गरिलिने छ। सो बाट समेत असूल उपर हुन नसकेमा ऋणी, जमानी कर्ता तथा नीजको हकवालाको नाममा भएको जायजेथाबाट असूल उपर गरिने व्यहोरा सहित सम्बन्धित ऋणी, धितो धनी, जमानी कर्ता एवंम् साक्षीहरू सबैलाई जानकारी गराइन्छ।

ऋणीको बिवरण	धितो विवरण
नाम : सिता भट्टराई स्थायी ठेगाना : म.थि.न.पा. २, मगरगाउँ बुवाको नाम : इन्द्रमणी नेपाल ससुराको नाम : अन्जनी प्रसाद भट्टराई पतिको नाम : राजन भट्टराई ना.प्र.न. : ५६०९८ मोरङ जारी मिति : २०५७/११/२४	ऋणीको नाममा मा.पो.का भक्तपुर दर्ता प्रमाणित कायम रहेको म.थि.न.पा. वडा नं १७, कि.न १२७ क्षेत्रफल १०६.४० ब.मी मा बनेको घर समेत **साक्षीको विवरण** नाम : राजन भट्टराई ठेगाना : म.थि.न.पा. २, मगरगाउँ बाबुको नाम : अन्जनी प्रसाद भट्टराई बाजेको नाम : देवी प्रसाद भट्टराई ना.प्र.न. : १९४ मोरङ जारी मिति : २०४८/०४/३१

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६
को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुन: ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०३/१७ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने र ७ (सात) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०६६/०९/२० मा दर्ता नं. ६९२०७/०६६/०६७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. ८ मुलपानी स्थित **प्रसिद्ध समृद्ध इन्भेष्टमेन्ट एण्ड बिल्डर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. गणेश बहादुर थापाको नाति, टंक बहादुर थापाको छोरा, काठमाण्डौ जिल्ला, कागेश्वरी मनहरा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **दयाराम थापा (ना.प्र.प.नं. ८८७९, काठमाण्डौ)**
२. टंक बहादुर थापाको बुहारी, दयाराम थापाको पत्नी, काठमाण्डौ जिल्ला, मुलपानी गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, कागेश्वरी मनहरा गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **शर्मिला कार्की थापा (ना.प्र.प.नं. २७१०१४/३८०५२, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण
शर्मिला कार्की थापाको नाममा मालपोत कार्यालय, चावहिल काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला मुलपानी गा.वि.स/न.पा. वडा नं. ९ (नक्सा सिट नं ९/ग) स्थित कित्ता नं. १४७, १४८, ४०९, ४१०, १५२, ६५९, ७६०, १४४, १४६, १४५, १४९, १५०, १५१, १५३ र १३८४ को क्रमश: क्षेत्रफल २५४.३२, १९०.७४, ९५.३७, १०३.३२, २५४.३२, १३१.१४, १४३.०६, ७१.५३, ४७६.८५, १४३.०६, ७९.४८, ७१.५३, ६३.५८, २७८.१७ र ७९.४८ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :
१. बोलपत्र आवेदन फारम मिति २०८२/०३/१७ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०३/२३ गते सोमबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०३/२४ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राखी बुझ्न सकिनेछ।

■ २०औँ एसियन खेलकुद प्रतियोगिता २०२६

एसियाडका लागि ३० खेलकुद संघले गरे एनओसीमा दर्ता

कसैका कारण अन्तर्राष्ट्रिय खेल खेल्नबाट खेलाडी वञ्चित नहोस्

● **तेजुलाल चौधरी**
खेलकुदमन्त्री



मलाई आज मात्र थाहा भयो, एसियाडमा खेल संघको नाम पठाउने अन्तिम दिन भनेर । त्यसपछि मैले सम्बन्धित संघका अध्यक्ष तथा महासचिवलाई प्रक्रियागत रूपमा दर्ता गराउन भनी निर्देशन दिएको छु । अहिलेको अवस्थामा जे-जस्तो भए पनि खेलाडीले भाग लिनुपर्छ । यसका लागि मन्त्रालयले सबै प्रयास गर्नेछ । हाम्रो वा एनओसीका कारण खेलाडीले अन्तर्राष्ट्रिय खेल खेल्नबाट वञ्चित नहोस् भन्ने चाहन्छु ।



खेलकुद मन्त्रालयको निर्देशनपछि विभिन्न राष्ट्रिय संघले सोमबार अबेर राति २०औँ एसियाडमा सहभागिता जनाउन नेपाल ओलम्पिक कमिटिमा खेलको नाम टिपाए

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राष्ट्रिय खेल संघहरूले सोमबार अबेर राति अर्को वर्ष जापानले आयोजना गर्ने २०औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)का लागि नेपाल ओलम्पिक कमिटी (एनओसी)मा आ-आफ्नो खेल दर्ता गराएका छन् । सरकार र एनओसीबिचको आपसी द्वन्द्वका कारण एसियाडमा संघले सोमबार दिउँसोसम्म पनि नाम दर्ता गराएका थिएनन् ।

जापानमा अर्को वर्ष १९ सेप्टेम्बरदेखि ४ अक्टोबरसम्म हुने एसियाडमा ४५ राष्ट्रले भाग लिनेछन् । जसमा आयोजकले ४३ इभेन्ट्स समावेश गरेको छ । यसअघि एनओसीले युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा दुईपटक गरी एसियाडमा खेल दर्ता सोमबारसम्म मात्र रहेको भनी पत्राचार गरेको थियो । तर, खेलमन्त्री तेजुलाल चौधरीले राज्यले मान्यता नदिएको एनओसीसँग कुनै पनि सहकार्य नगर्ने अडान लिइराख्दा एसियाडमा नेपालको सहभागिता नै अन्यौलमा परेको थियो ।

मन्त्रालयमा सोमबारै आयोजना भएको खेलकुद नीतिसँगै खेलपत्रकार र खेलाडी सम्मान कार्यक्रममा मन्त्री चौधरीले कुनै पनि अवस्थामा खेलाडी अन्तर्राष्ट्रिय खेलमा सहभागी हुन वञ्चित नहुने बताए । 'कुनै पनि विशेष कारण खेलाडीहरूले खेल सहभागिता अन्योल स्थिति उत्पन्न हुनहुँदैन । एसियाडमा सहभागिताका लागि मैले सबै संघहरूलाई निर्देशन दिइसकेको छु,' उनले पत्रकार सम्मेलनमा बताए, 'केही प्राविधिक कारणले कमजोर भएको थियो । यसलाई हामीले सच्याएका छौं ।'

जापानको आइची-नागोयामा हुने एसियाडका लागि खेल दर्ता गर्ने अन्तिम दिन ३० जुनसम्म थियो । एनओसीले ३० जुनभित्र नेपालबाट भाग लिने खेलको दर्ता गरिसक्नुपर्ने र अन्यथा खेलाडी सहभागी हुन नपाउने प्रस्ट जनाएको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)बाट आयोजना हुने सबै अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालबाट सहभागी हुने खेलाडीको सहभागिता समन्वयन गर्ने काम एनओसीले गर्छ । आइओसी र ओसिएले एनओसीबाहेक यसबाहेक अन्य कुनै पनि संघ वा संस्थाले नामदर्ता गराउँदा मान्यता नदिने अवस्था छ ।

■ राष्ट्रिय खेल संघद्वारा पत्राचार

राष्ट्रिय खेलकुद परिषद्ले भने एनओसीबाट कुनै पनि आधिकारिक रूपमा पत्र नआएको बताएको छ । तर, एनओसीले भने मन्त्रालय र राखेपलाई एसियाडको सहभागिताका लागि दुई-दुईपटक पत्र पठाएको दाबी गरेको छ । 'हामीलाई आधिकारिक पत्र आएको छैन,' राखेप स्रोतले भने । एनओसीले सोमबार अबेरसम्म राष्ट्रिय खेल संघहरूले एसियाली खेलकुदका लागि दर्ता गर्न पत्राचार गरेको जनाएको छ । 'सोमबार अबेर रातिसम्म हामीसमक्ष करिब ३० खेल दर्ता प्रक्रियामा आएका छन्,' एनओसीको स्रोतले बताए । उनका अनुसार संघका अध्यक्ष र महासचिवकै हस्ताक्षरमा दर्ताका लागि पत्र आएका हुन् ।

■ मन्त्रालयलाई जानकारी छैन

खेलकुद मन्त्रालयबाट एसियाडमा नाम दर्ता गर्ने प्रक्रियामा कुनै कमीकमजोरी नभएको जनाएको छ । खेलाडी तथा पत्रकार सम्मान कार्यक्रममा मन्त्री चौधरीले भने, 'मलाई आज मात्र थाहा भयो, एसियाडमा खेल संघको नाम पठाउने अन्तिम दिन भनेर । त्यसपछि मैले सम्बन्धित संघका अध्यक्ष तथा महासचिवलाई प्रक्रियागत रूपमा दर्ता गराउन भनी निर्देशन दिएको छु ।' राज्य र एनओसीबिचको आपसी अन्तरकलहले खेलाडी मारमा पर्न नहुने जनाए । 'अहिलेको अवस्थामा जे-जस्तो भए पनि खेलाडीले भाग लिनुपर्छ । यसका लागि मन्त्रालयले सबै प्रयास गर्नेछ,' उनले भने, 'हाम्रो वा एनओसीका कारण खेलाडीले अन्तर्राष्ट्रिय खेल खेल्नबाट वञ्चित नहोस् भन्ने चाहन्छु र यो सबै अवैधानिक ओलम्पिक कमिटीका कारण मात्र समस्या आएको हो ।'

मन्त्री चौधरीले अन्तर्राष्ट्रिय मान्यताप्राप्त गरेको नेपाल ओलम्पिक कमिटीसँग सम्पर्क गर्ने प्रयास गरिहेको बताए । 'हामी सरकारको तर्फबाट हामी सबै उपाय खोज्छौं,' उनले भने, 'एसियाली खेलकुदबाट नेपाली खेलाडी वञ्चित हुँदैनन्, नेपालले खेल्ने खेल दर्ता हुनेछ ।'

■ नेपालले तेस्रो युथ एसियनमा भाग नलिने

नेपालबाट यसपटक बहराइनमा हुने युथ एसियन खेलकुद प्रतियोगितामा भाग नलिने भएको छ । युथ एसियन प्रतियोगिताका लागि राज्यबाट कुनै पनि तयारी नगरेको अवस्थामा सहभागी नहुने मन्त्री चौधरीले बताए । 'अहिलेसम्म मेरो जानकारीमा युथ एसियनको तयारी भएको छैन,' उनले भने, 'जब राज्यले कुनै तयारी गरेको छैन भने कसरी सहभागीइ हुन्छ ।' पदाधिकारी विदेशतिर घुम्ने र नतिजा कुनै पनि नआउने हुँदा त्यस किसिमको प्रतियोगितामा राज्यले भाग नलिने नीति रहेको उनको भनाइ छ । 'खै युथ एसियन गेम्सको तयारी कसले कसरी गरिरहेको छ हामीलाई जानकारी छैन,' मन्त्री चौधरीले भने, 'त्यसबाट केही प्रतिफल नै आउँदैन भने किन सहभागी हुने ।'

क्वालालम्पुर बैठकले तेस्रो एसियन युथ गेम्समा २१ खेल हुने निर्णय गरेको थियो । एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल (थ्री एक्स थ्री), इक्वेस्ट्रियन, इस्पोर्ट्स, फुटसल, गल्फ, ह्यान्डबल, जुडो, मिक्स मार्सल आर्ट्स, साइक्लिङ, स्विमिङ, टेबुलटेनिस, तेक्वान्दो, ट्रायथलन, कुस्ती, भारोत्तोलन, कबड्डी, भलिबल र टेकबल हुन् ।

राष्ट्रिय खेलकुद नीति सार्वजनिक



सोमबार खेल खेलकुद नीति सार्वजनिक गर्दै खेलकुदमन्त्री तेजुलाल चौधरी

खेलकुद मन्त्रालयले सोमबार सार्वजनिक गरेको खेलकुद नीतिमा २२ वटा रणनीतिका साथै ९२ कार्यनीति छन्

नयाँ पत्रिका

युवा तथा खेलकुद मन्त्रालय तेजुलाल चौधरीले राष्ट्रिय खेलकुद नीति २०८२ सार्वजनिक गरेका छन् । मन्त्रिपरिषद्को ९ असार बसेको बैठकले खेलकुद नीति स्वीकृत भएको मन्त्री चौधरीले बताएका छन् । यसअघि राष्ट्रिय खेलकुद नीति २०६७ लागू भएको थियो ।

खेलकुदलाई जनजीवनको अभिन्न अंगका रूपमा विकास गरी स्वस्थ, सक्षम र अनुशासित जनशक्ति तयार गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउने उद्देश्यका साथ राष्ट्रिय खेलकुद नीति २०८२ तयार गरिएको उनले बताए । 'यस नीतिपछि संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्यमा खेलकुद क्षेत्रको विकास र विस्तार हुने विश्वास छ,' चौधरीले भने ।

खेलकुद नीतिमा २२ वटा रणनीतिका साथै ९२ वटा कार्यनीति समेटिएका छन् नीतिको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय खेलकुद अनुगमन समिति गठन गरिने मन्त्री चौधरीले बताए । साथै, तीनै तहका स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारअनुसार अनुगमन तथा मूल्यांकन गर्न सक्ने व्यवस्था भएको मन्त्री चौधरीले बताए । यो नीतिको कार्यान्वयनबाट समग्र खेलकुद क्षेत्रको दिगो विकास, राष्ट्रिय गौरव अभिवृद्धि र मुलुकको अन्तर्राष्ट्रिय पहिचान सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने मन्त्रालयको भनाइ छ ।

यो नीतिको कार्यान्वयनबाट समग्र खेलकुद क्षेत्रको दिगो विकास, राष्ट्रिय गौरवको अभिवृद्धि र मुलुकको अन्तर्राष्ट्रिय पहिचान सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास मन्त्रालयले लिएको प्रवक्ता सुवासचन्द्र सिवाकोटीले लिएका छन् ।

नयाँ पत्रिकाकर्मी राजोपाध्याय सम्मानित



नयाँ पत्रिकाकर्मी श्रीलोचन राजोपाध्यायले खेलकुद पत्रकारिता सम्मान २०८१ प्राप्त गरेका छन् । खेलकुद मन्त्रालयमा सोमबार भएको कार्यक्रममा राजोपाध्याय सम्मानित भएका हुन् । उनले ५० हजार रुपैयाँसहित सम्मानपत्र पाएका छन् । मन्त्रालयले हरेक प्रदेशबाट खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार प्रदान गर्दै आइरहेको छ । मन्त्रालयले नौजना खेलकुद पत्रकारलाई प्रोत्साहन पुरस्कार प्रदान गरेको छ ।

कोशीका मुकुन्द घिमिरे, मधेश प्रदेशका शरदचन्द्र भट्टराई, बागमतीका विक्रमकुमार बानियाँ, गण्डकीका दिननाथ बराल, लुम्बिनीका स्वस्तिक श्रेष्ठ, कर्णालीका दिनेशकुमार बुढा, सुदूरपश्चिम प्रदेशका दिनेशबहादुर विष्ट प्रोत्साहन पुरस्कार प्राप्त गरेका छन् ।

यसैगरी, तनहुँकी नमिता दाहाल, समावेशी महिलातर्फ र नेपालगन्जकी रूपा गहतराज समावेशी दलिततर्फबाट पुरस्कृत भएका छन् । प्रोत्साहन पुरस्कारको धनराशी २५ हजार रुपैयाँ रहेको छ ।

यसैबिच, मन्त्रालयले राष्ट्रिय खेलकुद प्रतिभा एवं खेल पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा १९ जना खेलकर्मीलाई पनि पुरस्कृत गरेको छ । खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलाडीमा भरतसिंह महता (पारा तेक्वान्दो), प्रेमबहादुर लिम्बू (तेक्वान्दो), वीरबहादुर महरा (तेक्वान्दो), अनुजा कुलुकङ राई (कबड्डी), मानमती विष्ट (कबड्डी) र दीपा शाही (फुटबल)लाई पुरस्कृत गरे । प्रशिक्षकतर्फ कविराज नेगी लामा (तेक्वान्दो), निर्णायकतर्फ धनकुमार मैनाली (बक्सिङ) र चिकित्सकतर्फ राजु डंगोल पुरस्कृत भए । पुरस्कारको राशी एक लाख रुपैयाँ छ ।

खेल संक्षेप

भूपेन्द्र र सुदेनलाई बेलायतमा पदक

काठमाडौं/ नेपाली उमा कुइफु खेलाडी भूपेन्द्र गुरुङ र सुदेन गुरुङले पदक जितेका छन् । बेलायतको चेल्टेनह्याममा भएको प्रतियोगितामा भूपेन्द्रले तीन स्वर्ण र सुदेनले रजत जितेका हुन् । भूपेन्द्रले ट्रेडिसनल चाइनिज फर्ममा २६.७, ट्रेडिसनल वेपनमा २७ र ट्रेडिसनल क्रिएटिभ फममा २६.८ अंक जोड्दै स्वर्ण जितेको नेपाल उमा कुइफु संघका अध्यक्ष संजितकुमार राईले जनाएका छन् । भूपेन्द्रले यसअघि पनि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गरेका छन् । सदेनले ट्रेडिसनल चाइनिज फर्ममा रजत जिते । उनले २६.१ स्कोर गरे । सुदेनको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता हो । प्रतियोगितामा नेपालसहित जर्मनी, स्पेन, वेल्स, फ्रान्स, भारत, स्विट्जरल्यान्ड, नेडरल्यान्ड, कोस्टारिका, इस्टोनियालयागत राष्ट्रबाट ४ सय १५ खेलाडीले सहभागिता जनाएको अध्यक्ष राईले बताए ।

नेपाल नवौं साफ कराँतेमा भाग लिँदै

काठमाडौं/ नेपाली कराँते टोलीले श्रीलंकाको कोलम्बोमा हुने नवौं दक्षिण एसियाली कराँते च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्नेछ । कोलम्बोमा २ देखि ७ जुलाईसम्म हुने प्रतियोगितामा नेपालबाट ६३ खेलाडीले प्रतिस्पर्धा गर्ने नेपाल कराँते महासंघले जानकारी दिएको छ । थाइल्यान्ड ओपन कराँते च्याम्पियनसिपमा सहभागी खेलाडीसहितको टोली भने थाइल्यान्डबाटै प्रतियोगितामा सहभागी हुन श्रीलंका जानेछ । नेपालमा भएको सातौं संस्करण र भुटानमा भएको आठौं संस्करणमा नेपाल टिम च्याम्पियन बनेको थियो ।

गण्डकी प्रदेशस्तरीय स्क्वास सुरु

कास्की/ गण्डकी प्रदेशस्तरीय पुरुष तथा महिला स्क्वास प्रतियोगिता देखि पोखरा सुरु भएको छ । गण्डकी प्रदेश स्क्वास तथा च्याकेट संघको आयोजना पोखरा रंगशालास्थित स्क्वास च्याकेट संघको भवनमा सुरु प्रतियोगितामा १८ असारसम्म चल्ने छ । प्रतियोगितामा प्रदेशका पाँच जिल्लाका तीन महिला र १७ पुरुष गरी २० खेलाडीले भाग लिएको आयोजक संघका अध्यक्ष अशोक कुमार रञ्जितले जानकारी दिए । प्रतियोगिताको उद्घाटन प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङले गरेका थिए ।

नेपालले आज भुटानसँग खेल्ने

नयाँ पत्रिका

नेपाली युवा टोलीले मंगलबार एसिसी पुरुष यू-१६ इस्ट जोन कपमा भुटानसँग खेल्दै छ । समूह 'ए'मा तीन जित निकाली सेमिफाइनल स्थान पक्का गरिरहेको नेपालको लक्ष्य लगातार चौथो जित हात पार्ने हो । मलेसियाको सिलेगंर टुफ क्लबमा नेपाल र भुटानका यो समूह चरणको अन्तिम खेल हो । नेपालले इन्डोनेसियालाई तीन सय ५० रनले हराउँदा समूह 'ए'बाट सिंगापुर पनि सेमिफाइनल प्रवेश गरिसकेको छ । नेपालले पहिलो खेलमा सिंगापुर र दोस्रोमा जापानलाई हराएको थियो ।

सेमिफाइनल सुरक्षित गरिसकेको साबिक विजेता नेपाल भुटानलाई हराउँदै लगातार चौथो जित निकाल्ने योजनामा छ

समूहकै कमजोर प्रतिद्वन्द्वीका रूपमा रहेको भुटानले यसअघिका तीनैवटै खेल गुमाएको थियो । सिंगापुर, जापान र इन्डोनेसियासँग पराजित भुटान समूहको पुछारमा रहँदै प्रतियोगिताबाट बाहिरिसकेको छ । एसियाली क्रिकेट परिषद् (एसिसी)को आयोजनामा जारी प्रतियोगितामा नेपालसहित १० राष्ट्रको सहभागिता छ । सहभागी राष्ट्रहरूलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए'मा रहेको नेपालसहित सिंगापुर, इन्डोनेसिया, भुटान र जापान छन् । समूह 'बी'मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्यान्ड तथा म्यानमार छन् । हरेक समूहबाट विजेता र उपविजेता सेमिफाइनल प्रवेश गर्नेछन् । प्रतियोगिताको २१ असारमा हुनेछ । नेपाल प्रतियोगिताको साबिक विजेता हो । सन् २०२३ मा भएको प्रतियोगितामा मलेसियालाई हराउँदै नेपाल च्याम्पियन भएको थियो ।

कर्णाली याक्सको मार्कीमा सोमपालको निरन्तरता

सोमपाल कामीको मार्की रहेको कर्णाली याक्सले पहिलो सिजनको नेपाल प्रिमियर लिगमा भारतका चर्चित क्रिकेटर शिखर धवनलाई अनुबन्ध गरेको थियो ।

नयाँ पत्रिका

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफ स्थान बनाएको कर्णाली याक्सले नेपाल राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर सोमपाल कामीलाई मार्कीमा निरन्तरता दिएको छ । आगामी दोस्रो सिजनको एनपिएलका लागि सोमपाललाई नै मार्की खेलाडीका रूपमा निरन्तरता दिएको कर्णाली याक्सका सहमालिक गृहेन्द्र घिमिरेले जानकारी दिएका छन् । '

सोमपाल निकै क्षमतावान् खेलाडी हुन् । त्यसैले दोस्रो संस्करणमा उनलाई निरन्तरता दिने निर्णय हामीले गरेका छौं । उनीमाथि टिमको विश्वास छ,' घिमिरेले भने । पहिलो संस्करणमा कर्णालीले सात खेलमा चार जित र तीन हारको सामना गरी आठ अंक जोडेको थियो ।

अंकतालिकामा चितवन, कर्णाली र काठमाडौंले समान आठ अंक जोडेका थिए । तर, रनरेटमा काठमाडौंलाई



निराश बनाउने कर्णालीले प्लेअफ स्थान सुरक्षित गऱ्यो । दोस्रो प्लेअफमा जनकपुर बोल्ट्सले दुई विकेट जित निकाल्दा कर्णालीको फाइनल खेल्ने सपना अधुरो भयो ।

पहिलो सिजनमा कर्णालीले भारतीय राष्ट्रिय टोलीका चर्चित क्रिकेटर शिखर धवनलाई अनुबन्ध गरेको थियो । एनपिएलमा ठुला स्टार खेलाडीमध्ये धवन एक थिए । उनले सिजनमा पूरै खेल खेलेनन् ।

दोस्रो सिजनमा पनि स्टार क्रिकेटर भित्र्याइने

यस सिजन पनि स्टार खेलाडी अनुबन्ध गरेर टिमलाई थप बलियो बनाउने घिमिरेले बताए । 'पहिलो संस्करण शिखर धवनको आगमनसँगै टिम निकै बलियो भयो । नेपाली क्रिकेटको चर्चा पनि उस्तै भयो । यसपटक पनि हामी चर्चित खेलाडी अनुबन्ध गर्दै देशको पर्यटक प्रवर्द्धन गर्न र क्रिकेट विकासमा महत्त्वपूर्ण भूमिका खेल्छौं,' उनले भने, 'हामी छिट्टै रिटेन गरेका ६ जना खेलाडीको समेत सूची सार्वजनिक गर्छौं ।'

नेपाल क्रिकेट संघ (क्यान)ले दोस्रो सिजन आगामी नोभेम्बरमा गर्ने योजना बनाएको छ । दोस्रो सिजनमा एक टिमले मार्कीसहित सातजना खेलाडी रिटेन गर्न पाउँछ । बाँकी खेलाडीका लागि मिनी अक्सन गर्ने क्यानले तयारी गरेको छ । पहिलो संस्करणको फाइनलमा जनकपुरले सुदूरपश्चिमलाई पाँच विकेटले हराएको थियो ।


क्लब विश्वकपले सोचेजस्तो चर्चा पाएन

एजेन्सी

फिफाले सबै महादेशका क्लबहरूबिचको सहभागितालै क्लब विश्वकप च्याम्पियनसिपमा रोमाञ्चकता प्रदान गराउने उद्देश्य राखेको थियो । अमेरिकामा आयोजना भइरहेको प्रतियोगितामा ३२ राष्ट्रका क्लबले प्रतिस्पर्धा गरिरहेका छन् । अहिले यसको क्वार्टरफाइनल समीकरण लगभग पूरा हुने तर्खरमा छ । फिफाले जुन लक्ष्यका साथ यस संरचना परिवर्तन गऱ्यो । अपेक्षित रूपमा क्लब विश्वकपले सफलता पाएको छैन । युरोपबाट सहभागी चेल्सी, म्यानचेस्टर सिटी, रियल म्याड्रिड, बायर्न म्युखिन र फ्रेन्च पेरिस जर्मन (पिएसजी)जस्ता क्लबका अफिसियलले यसको आलोचना गरेका छन् ।

लगभग उनीहरूको भनाइ एउटै छ, 'क्लब विश्वकप अहिले 'जोक्स'जस्तै भइरहेको छ ।' चेल्सीका प्रशिक्षक इन्जो मार्सेकाले बेनिफिकाविरुद्धको प्रिक्वार्टरफाइनल खेल हुनु दुई घन्टाअगाडि आयोजकले स्थगित गरेको निर्णयलाई जोक्सका रूपमा लिए । 'हामी प्रिक्वार्टरफाइनल खेल खेल्न तयारी अवस्थामा थियौं, तर आयोजकले दुई घण्टाअगाडि नै खेल नहुने भनी सूचना जारी भयो,' इन्जोले भने, 'फिफा स्वयं प्रत्यक्ष संलग्न भएको प्रतियोगितामा पनि खेल तालिका ठाउँको ठाउँ परिवर्तन हुन्छ ?'

अमेरिकाले क्लब विश्वकप फुटबल प्रतियोगिताको व्यवस्थापन राम्रो गर्न नसकेको आरोप उनले लगाएका छन् । 'यो फुटबल होइन, क्लबहरूको विश्वकप चलिरहँदा यसको खेल तालिका अगाडि नै सार्वजनिक हुन्छ । त्यस्तै, केही गम्भीर समस्या आउँदा मात्र खेल तालिका परिवर्तन हुने गर्छ,' इन्जोले भने, 'फेरि चार घण्टापछि पुनः खेल सञ्चालन भयो । यसलाई व्यवस्थापन पक्षले जोक्सजस्तै बनाएको छ ।'



■ समरमा विश्वकप गर्न उपयुक्त छ ?

क्लब विश्वकपमा सहभागी धेरैजसो खेलाडीले समर सिजनमा अमेरिकामा विश्वकप फुलबल प्रतियोगिता उपयुक्त हुन्छ वा हुँदैन भनी प्रश्न गरेका छन् । डिफेन्डर टेभोन्हले भनेका छन्, 'हामीहरूको खेल शनिबार सुरु भयो र खेल समाप्त आइतबार भएको थियो ।' शनिबार खेल हुँदा चट्याङका कारण खेल रोकिएको थियो । खेल पुनः सुचारु हुँदा आइतबार भएको थियो । अमेरिकाको पाँच सहरमा ठुलो चट्याङ र हुरी-बतास चल्दा घण्टौं खेल रोकिएको थियो । 'अर्को वर्ष पनि यही समयमै यहाँ विश्वकप हुन्छ । त्यसबेला पनि यस्तै समस्या आउने देखिन्छ । यसकारण, समरको समयमा विश्वकप आयोजना गर्न कति उपयुक्त हुन्छ ?,' डिफेन्डर टेभोन्हले भने ।

■ ६ खेल रद्द

वेलाबेलामा आउने चर्को हुरी, बतास र चट्याङका कारण क्लब विश्वकपमा अहिलेसम्म ६ खेल रद्द भए । निर्धारित समयमा खेल नहुँदा खेलाडीको मिहिनेत सबै खेर जाने चेल्सीका म्यानेजर इन्जोको भनाइ छ । 'अहिले हामीले के देखेका छौं भने सामान्य किसिमको चट्याङ र हुरी बतासले पनि खेल रद्द भएका छन् । अचानक खेल रद्द हुँदा खेलाडीको मिहिनेत खेर गइरहेको छ,' उनले भने, 'यहाँको मौसमअनुसार खेल तालिका प्रकाशित गर्नुपर्ने थियो ।' आयोजकले भने खेलाडीहरूको सुरक्षाको दृष्टिकोणमा राखी खेल तालिका परिवर्तन गरेको जनाएको छ ।

'हामीहरूको पहिलो प्राथमिकता नै खेलाडीहरूको सुरक्षा हो । खतराजनक अवस्थामा खेलाडीहरूलाई मैदानमा उतार्नु भनेको जोखिमपूर्ण कदम हो,' आयोजकले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीले यो समयमा अमेरिकाको मौसमसम्बन्धी सबैलाई जानकारी गराएका छौं । उहाँहरू तयार हुनुपर्ने थियो ।' अमेरिकाले मेक्सिको र क्यानडासँग संयुक्त रूपमा अर्को वर्ष फिफा विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दै छ । विश्वकपको समय पनि यही समय हो । यसैकारण, अर्को वर्षको विश्वकपमा खेल प्रभावित हुन सक्ने अनुमान छ ।

कप्तान किरण बने ब्रान्ड एम्बेसडर



काठमाडौं/ नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीका कप्तान तथा गोलरक्षक किरण चेम्जोङ आइटी सूत्र इंकको ब्रान्ड एम्बेसडर नियुक्त भएका छन् । अमेरिकामा मुख्यालय रहेको र ११ वर्षदेखि प्रविधि क्षेत्रमा नवप्रवर्तनकारी समाधान प्रदान गर्दै आएको आइटी कन्सल्टिङ कम्पनीले किरणलाई तीन वर्षका लागि सोमबार आफ्नो ब्रान्ड एम्बेसडर नियुक्त गरेको हो । सम्झौता ३० लाख रुपैयाँबराबरको रहेको उल्लेख गर्दै आइटी सूत्रले सम्झौताले प्रविधि र खेलकुद दुई क्षेत्रलाई जोडेको बताएको छ । कम्पनीका सिइओ पंकज श्रेष्ठले खेलकुदको मैदानमा मात्रै नभएर किरण नेपाली युवाका लागि प्रेरणाको स्रोत भएको बताए । किरण अहिले अमेरिका भ्रमणमा छन् । डेढ दशकभन्दा लामो समयदेखि राष्ट्रिय टोलीको गोलपोस्ट सम्हाल्दै आएका किरण राष्ट्रिय टोलीबाट एक सय खेल पूरा गर्ने पहिलो नेपाली खेलाडीको हुन् । उनले भारत र माल्दिभ्सबाट व्यावसायिक फुटबल खेलेका छन् । घरेलु फुटबलमा श्री स्टार क्लब, मच्छिन्द्र क्लब तथा नेपाल सुपर लिगअन्तर्गत धनगढी एफसीबाट प्रतिनिधित्व गरेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com